# अध्याय एक
# शोधपरिचय

## १. शोध परिचय

साहित्य जीवनका लागि र जीवन सामाजिक परिवर्तनका लागि भन्ने मान्यता बोकेका मोदनाथ प्रश्रित (जन्म वि.स. १९९९) ले नेपाली साहित्यमा काव्यका अतिरिक्त विविध विधामा कलम चलाएर आफूलाई प्रभावशाली बहुमुखी प्रतिभाका रूपमा चिनाएका छन् । लेखनका दृष्टिले 'दशावतारको स्तुति' कविता (२००९) र प्रकाशनका दृष्टिले 'छात्र जीवन' कविता (किरण पत्रिका, २०१५) बाट साहित्यको ढोका खोलेका प्रश्रित चौबीस वर्षको कलिलो उमेरमै कविताको चूडान्त परिणति मानिने 'मानव' महाकाव्य (२०२३) को सृजना गरी २०२४ सालको मदन पुरकारद्वारा सम्मानित बनेका छन् । निबन्ध यात्रालाई अगाडि बढाउने कार्य २०२२ सालमा लेखिएको 'अध्यात्म जगत्मा विहङ्गम दृष्टि' बाट भएको पाइन्छ । पुराण, प्राचीन इतिहास, सामाजिक सन्दर्भ, संस्कृत र ज्ञान विज्ञानसँग सम्बन्धित कुराहरूलाई समावेश गरी लेखिएको 'केही सांस्कृतिक निबन्धहरू' (प्रकाशन, २०४७ जेठ) लाई यस शोध पत्रमा विश्लेषण गरिएको छ ।

## १.२ शोध -समस्याहरू

क) मोदनाथ प्रश्रितको परिचय र साहित्यिक योगदान कस्तो रहेको छ ?

ख) निबन्धका कसीमा 'केही सांस्कृतिक निबन्धहरू' कस्ता रहेका छन् ?

ग) प्रश्रितका निबन्धहरूले नेपाली समाजमा के -कस्तो योगदान पुऱ्याएका छन् ?

## १.३ उद्देश्य

क) 'केही सांस्कृतिक निबन्धहरु' सङ्ग्रहको परिचय दिँदै उनको साहित्यिक योगदान ठम्याउने ।

ख) निबन्धको आधारमा केही सांस्कृतिक निबन्धहरू भित्रका निबन्धहरुको विश्लेषण र मूल्याङ्कन गर्ने ।

ग) 'केही सांस्कृतिक निबन्धहरू' भित्रका निबन्धले नेपाली सामाजिक क्षेत्रमा प्रदान गरेका सुधारका सन्देशहरूको विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली साहित्यको प्रगतिशील धारामा कलम चलाउने द्वन्द्वात्मक, ऐतिहासिक, भौतिकवादी दृष्टिकोण राख्ने प्रगतिवादी स्रष्टाको रूपमा मोदनाथ प्रश्रितलाई लिइन्छ । उनी साहित्यका साथै राजनीति, इतिहास, विज्ञान, समाजशास्त्र धर्मशास्त्र आदि विविध विषयहरूमा खोजपूर्ण कलम चलाउन सक्ने व्यक्तित्वका रूपमा देखा परेका छन् । उनका बारेमा हालसम्म केही शोधपत्रहरू लेखिएका छन् । केही चालू अवस्थामा रहेका छन् । विभिन्न पत्रपत्रिकामा उनको कृतिहरूको चर्चा पाइन्छ । ती कार्यले उनका सांस्कृतिक निबन्धको पाटोमा त्यति गम्भीर कार्य भएको नदेखिएकाले प्रश्रितका सांस्कृतिक निबन्धलाई यस शोधकार्यमा गर्ने काम गरिएको छ । हालसम्मका पूर्वकार्यहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

तारानाथ शर्माले 'नेपाली साहित्यको इतिहास' (२०३९) मा २००७ साल पछिका गद्य विद्यालाई योगदान पुऱ्याउने निबन्धकारको नामावलीमा प्रश्रितको नाम उल्लेख गरेको भेटिन्छ ।

मोहनराज शर्मा र दयाराम श्रेष्ठले 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' (२०४० मा २००७ साल पछि नेपाली निबन्धलाई सम्पन्नतातिर लैजाने निबन्धकारको सूचीमा प्रश्रितको नाम उल्लेख गरेको पाइन्छ ।

राजेन्द्र सुवेदीले 'स्रष्टा सृष्टि द्रष्टा दृष्टि' (२०४३) मा केही निबन्धात्मक रचनाको उल्लेख गर्दै यथार्थवादी समालोचना र चिन्तनप्रधान लेखनमा प्रश्रितको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण मुखरित भएको चर्चा गरेका छन् । द्वन्द्वात्मक सामाजिक स्थिति एवम् परम्परित सामाजिक विकृतिलाई बैज्ञानिक ढङ्गले विवेचना गदै आफ्नो दृष्टिकोण राख्ने निबन्धकारका रूपमा परिचित गराएको पाइन्छ ।

विश्व पाण्डेले 'प्रश्रितका एकजोडी लेख पढेपछि' (उत्साह पूर्णाङ्क ३६, सर्ग ८, २०४३) मा 'माली एक विवेचना ' र मिल्काउनुपर्ने केही साम्प्रदायिक अवशेषहरू दुई निबन्धको विवेचना गरेको देखिन्छ ।

हीरामणि शर्मा पौड्यालले **परिक्रमा** (२०४४) भन्ने पुस्तकमा प्रश्रितको 'भूतप्रेतको कथा' समाजशास्त्रीय निबन्धको वस्तुगत आधारको खोजी गर्ने क्रममा सामाजिक अन्धविश्वासहरू जन्मनु र तिनले प्रश्रय पाउनुको वस्तुगत आधार खोजिएको छ । सरल सम्प्रेषणीय भाषा तर्कसङ्गत व्याख्या र 'भूत प्रेतको कथा' मा अन्धविश्वास सम्बन्धी रोचक प्रस्तुति मोदनाथले दिएको कुरा स्वीकारेको पाइन्छ ।

गोपीकृष्ण शर्माले ‘नेपाली निबन्ध भाग-२ (२०४८) मा निबन्धकार मोदनाथको सामान्य परिचय दिंदै -मृत्युलाई नजिकबाट छाम्दा’ निबन्ध एक चिन्तन प्रधान निबन्ध हो यसले मृत्युबारे दार्शनिक व्याख्या गरेको छ भन्दै सङ्घर्षशील जीवन बिताउन आग्रह गरेको भेटिन्छ ।

केदारनाथ रिमाल ‘मोदनाथ प्रश्रितको निबन्धकारिता’ शोधपत्र (२०४९) मा प्रश्रितका निबन्धहरूको बारेमा चर्चा परिचर्चा गर्दै उनका निबन्धहरूको वर्गीकरण गर्ने काम गरेको पाइन्छ ।

राजेन्द्र सुवेदीले ‘केही सांस्कृतिक निबन्धहरूमा मोदनाथ प्रश्रितको निबन्धकला ’ (**जुही**, वर्ष ३१, पूर्णाङ्क ६५, २०६८) शीर्षकमा उनका सांस्कृतिक निबन्धहरूको चर्चा गर्दै पुराण, इतिहास, सामाजिक, सांस्कृतिक, ज्ञान विज्ञान र फेशनलाई समेटेर लेखेको कुरा व्यक्त गरेको भेटिन्छ ।

के.बी. सिम्पलले ‘साहित्यकार मोदनाथ प्रश्रितका सांस्कृतिक निबन्धहरू भित्रका दुई लेख नियाल्दा’ (**जुही**, वर्ष ३१, पूर्णाङ्क ६५, २०६८) शीर्षकमा ‘मिल्काउनुपर्ने साम्प्रदायिक अवशेषहरू’ र गाली एक विवेचना निबन्धका बारेमा आफ्ना धारणा प्रस्तुत गरेको देखिन्छ ।

इन्द्र कुमार सुवेदीले ‘प्रश्रितको निबन्ध ‘बुद्ध र युद्ध’ मेरो बुझाईमा (**जुही**, वर्ष ३१, पूर्णाङ्क ६५, २०६८) शीर्षकमा झिसमिसे त्रैमासिकमा प्रकाशित बुद्ध र युद्ध’ निबन्धको शीर्षकवाट आफू प्रश्रितप्रति प्रभावित भएको कुरा व्यक्त गरेको देखिन्छ ।

रविकिरण निर्जीवले ‘आठ निबन्धमा मोदनाथ’ (**जुही**, वर्ष ३१, पूर्णाङ्क ६५, २०६८) शीर्षकमा प्रश्रितका आठ निबन्धहरू -(१) ‘होस पुऱ्याएर बोलौं, आधुनिकता एक चर्चा, (३) ‘व्यक्तित्व र फेसन, (४) शिक्षा उपाधि । वास्ताविक ज्ञान (५) सामाजिक परम्पराका उज्याला र अँध्यारा पक्षहरू (६) ‘के तपाईं गुणैगुण भएको साथी पाउन सक्नुहुन्छ ?’ (७) ‘सपना देखाउने युवासाथीहरूसँग’ (८) दुई पुस्ता फरक दृष्टिकोण’ मा ती निबन्धहरूले समाजमा रहेका असल खराब पक्षलाई यथार्थरूपमा चित्रण गरेको बताएको पाइन्छ ।

हेम अधिकारी ‘मानस पटका तस्विरहरूबारे छोटो चर्चा’ **जुही**, वर्ष ३१, पूर्णाङ्क ६५, २०६८) शीर्षकमा आत्मपरक निबन्धसङ्ग्रहको रूपमा मानस पटका तस्बिरहरूलाई चिनाएको पाइन्छ ।

यस प्रकार प्रश्रितका 'केही सांस्कृतिक निबन्धहरू' सङ्ग्रहका बारेमा गरेका विश्लेषणलाई हेर्दा के देखिन्छ भने यस निबन्धसङ्ग्रहको अध्ययन विश्लेषण गर्नु बाँकी नै छ अथवा केही सांस्कृतिक निबन्धहरूको बारेमा कृतिकेन्द्री पूर्ण अध्ययन गर्न यी पूर्वकार्यहरू पूर्ण छैनन् । अतः 'केही साँस्कृतिक निबन्धहरू' निबन्धसङ्ग्रहको विस्तृत रूपमा मूल्याङ्कन गर्नु आवश्यक र सार्न्दभिक देखिएकाले यो शोधकार्य उक्त कुराको खोज, अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्व

समाजमा रहेका विकृति, विसङ्गति, सामाजिक जागरणमा र वर्गीय चेतनाको विकासमा सहयोग पुऱ्याउने मोदनाथ प्रश्रित (१९९९) का केही सांस्कृतिक निबन्धहरू निबन्धसङ्ग्रहसँग सम्बन्धित यस शोधपत्रले निबन्धको समय सान्दर्भिकता र विषयवस्तुको सर्वव्यापकतालाई पूर्णकार्यद्वारा समाधान पूर्ण नभएको तथा अपुरो, अधुरो रहेकोले 'केही सांस्कृतिक निबन्धहरू' निबन्धहरूको व्यापक अध्ययन गर्नु आवश्यक र समयानुकूल भएकोले प्रस्तावित शोधकार्य स्वाभाविक रूपमा औचित्यपूर्ण र महत्वपूर्ण देखिन्छ ।

## १.६ सामग्री सङ्कलन विधि

यो शोधपत्र तयार पार्दा पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । प्रश्रितका निबन्धकृति र अन्तवार्तालाई प्राथमिक स्रोत र उनको बारेमा गरिएको समीक्षा, समालोचना, टीका टिप्पणी आदिलाई द्वितीय स्रोतको रूपमा वरण गरिएको छ । विशेषतः निगमनात्मक पद्धतिलाई आधार मानेर वर्णनात्मक पद्धतिमा सामग्री सङ्कलन, वर्णन, व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गरिएको छ ।

## १.७ शोधविधि र सिद्धान्त

यो शोधपत्र तयार गर्दा सङ्कलित सामाग्रीहरूको विश्लेषण गर्नका लागि 'केही सांस्कृतिक निबन्धहरू' निबन्धसङ्ग्रहको साथसाथै पूर्वीय र पाश्चात्य निबन्धमान्यताको आधार लिइएको छ । शोधनायकको जीवनी र व्यक्तित्वका आधारमा र प्रगतिवादी साहित्य चिन्तनका कोणबाट पनि 'केही सांस्कृतिक निबन्धहरूको अध्ययन गर्ने क्रममा यसमा ऐतिहासिक र वर्णनात्मक अध्ययन विधिहरूको पनि उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधमा गरिएको अध्ययनलाई निम्नलिखित पाँचओटा अध्यायहरूमा सङ्गठित गरी प्रस्तुत गरिएको छ : -

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : मोदनाथ प्रश्रितको परिचय, साहित्यिक योगदान र निबन्धात्मक यात्रा

तेस्रो अध्याय : निबन्धको सैद्धान्तिक परिचय

चौथौ अध्याय : मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूको अध्ययन तथा विश्लेषण

पाचौँ अध्याय : शोध निष्कर्ष

सन्दर्भसूची

# दोस्रो अध्याय
# मोदनाथ प्रश्रितको परिचय, साहित्यिक योगदान र उनका निबन्धका चरणहरू

## २.१ मोदनाथ प्रश्रितको परिचय

मोदनाथ प्रश्रित (वि.सं. १९९९) नेपाली साहित्यिका सबैजसो विधामा कलम चलाउने सफल प्रसिद्ध प्रगतिवादी साहित्यकार हुन् । नेपाली साहित्यलाई थुप्रै साहित्यिक कृतिहरूले भरिभराउ पारेका प्रश्रितको निबन्धात्मक कृतिका रूपमा **केही सांस्कृतिक निबन्धहरू** (२०४७) निबन्धसङ्ग्रह अध्ययन गर्ने क्रममा प्रश्रितको परिचय र साहित्यिक योगदानका बारेमा उल्लेख गर्न सान्दर्भिक देखिएकाले यस परिच्छेदलाई मोदनाथ प्रश्रितको जीवनीगत, शिक्षा, प्रेरणा र निबन्धका चरणहरूमा उल्लेख गरिएको छ ।

### २.१.१ जन्म

मोदनाथ प्रश्रितको जन्म वि.सं. १९९९ सालमा सौरमान अनुसार आषाढ ६ गते शनिबार तथा चन्द्रमान अनुसार आषाढ शुल्कपक्षको षष्ठी तिथिमा ७ वजेर ३० मिनेट जाँदा तत्कालीन गुल्मी जिल्लाको खिदिम खर्राबोट गाउँमा भएको हो । वर्तमान परिदृश्यमा भने उनको जन्मस्थान लुम्बिनी अञ्चल अर्न्तगत अर्घाखाँची जिल्लामा पर्दछ । बाबु पण्डित घनश्याम पौडेल र आमा बालिकादेवि पौडेलका जेष्ठ सुपुत्र प्रश्रितको न्वारानको नाम मोदनाथ पौडेल हो भने बाल्यावस्थामा गौरीशङ्कर नामले समेत बोलाइन्थ्यो । उनको जन्मनक्षत्र पूर्व फाल्गुणी हो भने जन्मराशि सिंह हो । बाह्र बर्षको उमेरमा उनको नामको पछाडि प्रश्रित थपिएको हो ( मोदनाथबाट प्राप्त जानकारी) । निम्न वित्तीय आर्थिक अवस्था भएको परिवारमा जन्मेका प्रश्रित बाबु घनश्याम पौडेल संस्कृतमा मध्यमासम्म पढेका भए पनि ज्योतिष र आर्युवेदका ज्ञाता थिए तथा खिदिम क्षेत्रमा अत्यन्त सज्जन र भद्र व्यक्तिका रूपमा चिनिन्थे भने आमा सरल हृदया कुशल गृहिणी थिइन् ।

### २.१.२ बाल्यावस्था

मोदनाथ प्रश्रितको जन्म पण्डित घरमा भएकोले आफ्ना बाबुले संस्कृत ग्रन्थ पढ्दै गरेको देख्दा र सुन्दादेखि नै चित्र हेर्ने तथा अक्षर चिन्न सक्ने भएपछि तिन, चार वर्षको उमेर देखि नै

रामायण महाभारतका श्लोकहरू गुन्गुनाउन थालेका थिए । सानै उमेरदेखि संस्कृत पाठशालाको कडा अनुशासनमा बस्नु परेकोले मोदनाथ प्रश्रितले बाल्यकालमा प्रकृति प्रदत्त बालशुलभ क्रीडा जगत्को अनुभव गर्न पाएनन् । स्वतन्त्र वातावरणमा घुम्न पाउँदा प्रफुल्लित हुने प्रश्रित पाठशालामा बस्दा कैदमा बसे जस्तो मान्दथे । उनी कारणबस सानै उमेरदेखि नै संवेदनशील हुने र कसैले आफूप्रति नराम्रो व्यवहार देखाएमा तुरून्तै कडा प्रतिक्रिया दिने स्वभाव रहेको आत्म स्वीकृति पाइन्छ ।

बाल्यकालमा हरिहर पाठशालामा अध्ययन सुरू गरेका प्रश्रितको पढाइमा सानैदेखि रूचि थियो । पिताजीका पुस्तकहरू पढ्दै जाँदा कवितातिर लत बसेको र किशोरवस्थामै कविता सृजना गरेको पाइन्छ । एक दिन फुच्चे नातिले आफैले लेखेको कविता हजुरबा पं दधिराम मरासिनी ( विद्यालयका हेड गुरू) समक्ष टुक्कै सुनाउँदा हजुरबा छक्क पर्नुभयो । तँ ठूलो कवि हुन्छस् हजुरबाले भनेको भनाई अझै स्मरणमा रहेको प्रश्रित बताउँछन् । यसरी आँफू सानै हुँदा बाबुको निधन र जिम्मेवारी आफ्नो काँधमा परेकोले प्रश्रितले मावली हजुरबा सँगै वसेर अध्ययन गरे । विद्यालयमा उनको प्रशंसा र ज्ञान विकसित हुदैं गएपछि प्रश्रितले एम.ए. नेपाली सम्मको अध्ययन पूरा गरेको पाइन्छ ।

### २.१.३ शिक्षा

मोदनाथ प्रश्रितले प्रारम्भिक कालीन शिक्षा आफ्ना बाबुवाटै घरमा ग्रहण गरे पनि चार वर्षको उमेरदेखि दधिराम मरासिनी प्रधानाध्यापक र आफ्नै बाबु अध्यापक रहेको हरिहर संस्कृत पाठशाला, खिदिम, पोखराथोक भर्ना भई अध्ययनलाई अगाडि बढाउदैं लगेको पाइन्छ । दधिराम मरासिनी मोदनाथ प्रश्रितका मावली हजुरबुबा, संस्कृतका प्रकाण्ड विद्वान्, साहित्यकार तथा प्रश्रित स्वयंका गुरू काव्यप्रेरक थिए । (प्रश्रित, २०५८) तीक्ष्ण वुद्धिका प्रश्रितले २०१५ सालमा हरिहर संस्कृत पाठशाला खिदिमबाट प्रथमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरी उक्त पाठशालाका स्थापक हरिहर गौतमकै छात्रवृत्तिमा अध्ययनका लागि बनारसतर्फ प्रस्थान गरे । उच्च शिक्षा प्राप्तिका लागि हरिहर संस्कृत पाठशाला बनारस शाखामा भर्ना भएका मोदनाथले २०१६ सालमा पूर्वमध्यमा र २०१८ सालमा उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेको पाइन्छ भने २०१८ सालमै उनले निखिल भारतवर्षीय आर्यूवेद विद्या पीठ, दिल्लीबाट आर्यूवेद विषारद् पनि गरेको देखिन्छ ( मोदनाथबाट प्राप्त जानकारी) ।

उत्तरमध्यमाको परीक्षामा प्रथम श्रेणीमा प्रथम भएबापत शास्त्री तहको अध्ययनका लागि भारत सरकारबाट केन्द्रीय छात्रवृत्ति प्राप्त गरेका मोदनाथले संस्कृत शास्त्रीका अतिरिक्त आयुर्वेदाचार्यको पनि अध्ययन गर्न थाल्दछन् । फलतः मोदनाथ प्रश्रित २०२० सालमा

साहित्यशास्त्री र २०२१ सालमा आर्युवेदाचार्य द्वितीय श्रेणीमा उत्तीर्ण हुन्छन् । २०२० सालमा नेपाल फर्केपछि जीवनयापनका लागि विभिन्न पेसा अँगाल्दा अँगाल्दै मोदनाथले नेपाली विषयमा प्राइभेट एम.ए परीक्षा दिने तयारी गर्छन् र २०२४ सालमा उक्त तह द्वितीय श्रेणीमा उत्तीर्ण हुन्छन् । वामपन्थी राजनीतितर्फको वढ्दो सक्रियताका कारण २०२८ मा पुनः बनारस गएका प्रश्रितले वाराणसेय संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्याचार्यको परीक्षा दिई २०३३ सालमा द्वितीय श्रेणीमा उत्तीर्ण हुन पुग्छन् । यसरी आर्यूवेद र संस्कृत साहित्यमा आचार्य तहसम्म र नेपाली विषयमा एम.ए. सम्म अध्ययन गरेका मोदनाथ प्रश्रित विश्वविद्यालयीय अध्ययन पश्चात् पनि दर्शन, इतिहास, संस्कृत, विज्ञान आदि विविध क्षेत्रको स्वाध्ययनमा, अनुसन्धानमा र लेखनमा समेत क्रियाशील रहिरहेका देखिन्छन् । उनको विद्वताको कदर गर्दै उनलाई ओपेन इन्टरनेसनल युनिभर्सिटी फर कर्मप्लिमेन्टरी मेडिसिन, अलमाताले मानार्थ विद्यावारिधीको उपाधि पनि प्रदान गरेको छ ।

### २.१.४ पेसा र व्यक्तित्व

मोदनाथ प्रश्रितले आफ्नो जीवनकालमा कुनै स्थायी पेसा अँगालेको देखिदैन । जीवनयापनका क्रममा विभिन्न पेसाहरूमा संलग्न रहन पुगेका मोदनाथ प्रश्रित हाल राजनीति भन्दा लेखनमै बढी क्रियाशील देखिन्छन् । विद्यार्थी जीवनमा राजनीतिक गतिविधिमा भाग लिएकाले २०१७ सालमा राजनीतिक पार्टीमा प्रतिबन्ध लागेका कारण मोदनाथले सरकारी जागिर प्राप्त गर्न सकेनन् । सानैदेखि चित्रकला र मूर्तिकलामा रहेको रूचि र सोही अनुरूपको सीपलाई उपयोग गदै मोदनाथले २०२० सालमा गुल्मी जिल्लाको तम्घास बजारमा साइनबोर्ड लेख्ने पेसा अँगालेको पाइन्छ । त्यसपछि २०२० सालको उत्तरार्धमा उनले अर्घाखाँची जिल्लाको बाल्कोट मा.वि. मा अध्यापन गरेको देखिन्छ । २०२१ सालमा तानसेन पाल्पामा भएको 'लुम्बिनी अञ्चलस्तरीय साहित्य सेमिनार'मा निबन्ध र कवितामा स्वर्णपदक पाएपछि उनलाई 'लुम्बिनी सन्देश' साप्ताहिक (बुटवल-भैरहवा) को सम्पादक हुने अवसर मिल्छ ।

उनले उक्त समयमा 'गुराँस' साहित्यिक त्रैमासिक पत्रिकाको पनि प्रधान सम्पादक भई कार्य गरेको देखिन्छ । पत्रिकाका माध्यमबाट पञ्चायती व्यवस्थाको आलोचना गर्न थालेपछि उनको पेसामा प्रशासनले बाधा पुऱ्याउन थाल्छ । फलतः अढाई वर्षे पत्रकारिता पेसा छाडेर प्रश्रितले लुम्बिनी कलेज (हाल-बुटवल बहुमुखी) मा संस्थापक प्रध्यापकका रूपमा कार्य गरेको पाइन्छ । यस समयमा प्रश्रितले बुटवलकै गणेश जनता मा.वि. (हाल-कान्ति मा.वि.) को प्रथम प्रधानाध्यापकको कार्यभार पनि सम्हालेको देखिन्छ । यसै बीच वामपन्थी राजनीतिमा सक्रिय हुन थालेका मोदनाथ २०२६ सालमा विद्यार्थी आन्दोलन भड्काएको आरोपमा जेल पर्छन् । राजनीतिकै

सिलसिलामा २०२८ सालमा वनारस पुगेर नेपाली संस्कृत महाविद्यालय वाराणसीमा प्राध्यापक भई काम गरेको पाइन्छ ।

मोदनाथ प्रश्रित विद्यार्थी जीवनबाटै राजनीतिमा संलग्न देखिन्छन् । आठ वर्षको कलिलो उमेरदेखि बुझ्री नबुझ्री 'इन्क्वाल जिन्दावाद' जस्ता नारा लगाउँदै केटाकेटीको जुलुसको नेतृत्व गर्ने प्रश्रित २०१४ सालबाट कांग्रेस समर्थक हुन्छन् । कार्यकर्ताहरूको नेतामुखी प्रवृत्ति, नेताहरूको हैकमवादी प्रवृत्ति र कांग्रेस पार्टीको सिद्धान्तगत अस्पष्टताका कारण राजनीतिप्रति वितृष्णा जागेर २०१९ सालपछि आफूलाई साहित्यका क्षेत्रमा समर्पित गर्ने विचार लिए पनि मोदनाथ 'लुम्बिनी सन्देश' साप्ताहिक पत्रिका चलाउने क्रममा रूपन्देहीका कम्युनिस्ट कार्यकर्ताहरूको सर्म्पकले मार्क्सवादी दर्शन र साहित्यप्रति आकृष्ट हुर्दै गएको देखिन्छ । २०२४ सालको मध्यतिर प्रश्रितलाई पुष्पलाल श्रेष्ठले गोरखपुरमा भेट्न बोलाई जनवादी कार्यक्रम र कम्युनिष्ट सिद्धान्तका बारेमा बताउर्दै नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चामा रही काम गर्ने सल्लाह दिन्छन् । त्यसपश्चात् प्रश्रित २०२४ सालमा स्थापना भएको 'रेलीमाई सांस्कृतिक मण्डलमा संलग्न हुन्छन् । २०२४ सालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (पुष्पलाल समूह) को सदस्यता लिई त्यसको भैरहवा नगर कमिटीको सचिवका रूपमा सङ्गठित रहेका प्रश्रित २०२६ साल फागुन १६ गते गिरफ्तार भएको एक बर्षपछि सशक्त भएका प्रश्रित लुम्बिनी अञ्चलाधीश कार्यालयले पुनः वारेन्ट जारी गरेपछि बनारस तर्फ प्रस्थान गर्छन् । २०२८ सालमा गठित नेपाली जनवादी कान्तिकारी सांस्कृतिक सङ्घ नामक सांस्कृतिक मोर्चामा महामन्त्रीको जिम्मेवारी सम्हालेका प्रश्रित २०२९ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टी (पुष्पलाल समूह) को चौथो राष्ट्रिय सम्मेलनद्वारा केन्द्रीय कमिटीको सदस्य पदमा छानिन्छन् (ज्ञवाली, २०६२ : ०९) ।

यसरी २०३३ सालमा ने.क.पा. पुष्पलाल समूहबाट अलग भएका प्रश्रित २०३५ सालमा स्थापित नेकपा-मालेको केन्द्रीय कमिटीको सदस्य बनेका देखिन्छन् । यस क्रममा २०३७ देखि २०४४ सालसम्म जेल जीवन बिताएका प्रश्रित २०४४ सालमा प्रलेसका केन्द्रीय महासचिव र राष्ट्रिय जनसांस्कृतिक मञ्चका केन्द्रीय अध्यक्ष निर्वाचित हुन्छन् । ने.क.पा. (माले)को स्थापना कालदेखि केन्द्रीय समिति सदस्यमा रहँदै आएका प्रश्रित हाल नेकपा एमालेका स्थायी कमिटी सदस्य हुँदै राजनीतिबाट विश्राम लिएर साहित्यतर्फ अग्रसर देखिन्छन् ।

राजनीति र साहित्य साधना सँगसगै अगाडि बढेका प्रश्रितको साहित्य यात्रा जेल जीवनमा होस वा जुनसुकै समयमा अगाडि वढेको देखिन्छ । निर्दलीय पञ्चायती शासन व्यवस्था (वि.स. २०१७-४६) को चरम दमनका विरूद्धमा र पूर्ण प्रजातन्त्रका पक्षमा वकालत गर्ने प्रश्रितका रचनाहरूलाई तत्कालीन प्रशासनले प्रतिबन्ध लगाए पनि साहित्य सृजनामा अनवरत

लाग्ने प्रश्रितको राजनैतिक चिन्तनले साहित्यसिर्जनाका लागि आधार सामाग्री प्रदान गरेको र साहित्य सिर्जनाले राजनैतिक चिन्तनलाई अभिव्यक्त गरेको देखिन्छ ।

## २.२ मोदनाथ प्रश्रितका साहित्यिक कृतिहरू

घरायसी अनुकूल वातावरण र संस्कृत शिक्षाबाट प्रभावित भई मोदनाथ प्रश्रितको सिर्जनशील व्यक्तित्व नौ वर्षको कलिलो उमेरबाट नै प्रारम्भ भएको हो । (प्रश्रित, २०४६:५१) । लेखनका दृष्टिले उनको पहिलो रचना 'दशावतारको स्तुति' (२००९) कविता हो भने प्रकाशन दृष्टिले उनको पहिलो रचना 'छात्रजीवन' कविता (२०१५) हो । (मोदनाथबाट प्राप्त जानकारी) यसरी लेखनका दृष्टिले २००९ बाट र प्रकाशन का दृष्टिले २०१५ बाट नेपाली साहित्यको सेवा गर्न थालेका मोदनाथ प्रश्रितले साहित्यका कविता, आख्यान, समालोचना, निबन्ध, नाटक जस्ता विद्याहरूमा तथा राजनीति, विज्ञान, समाजशास्त्र, मनोविज्ञान, शिक्षा, इतिहास, संस्कृति, आर्युवेद, दर्शनजस्ता साहित्यित्तर विद्यामा सफलतापूर्वक कलम चलाएको देखिन्छ ।

मोदनाथ प्रश्रितका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू

१. नवी नेपाली हितोपदेश (२०१५) अनुवाद,
२. आमाका आँसु (२०१९) कविता,
३. बु**बा खै**? (२०२०) शोककाव्य,
४. **मानव** (२०२३) महाकाव्य,
५. पचास रूपैंयाको तमसुक (२०२८) नाटक,
६. नयाँ जनवादी संस्कृति (२०२८) दस्तावेज,
७. **देवासुर सङ्ग्राम** (२०३०) महाकाव्य,
८. **देशभक्त लक्ष्मीवाई** (२०३१) उपन्यास,

९. जीवाणुदेखि मानवसम्म (२०३२) विज्ञान,

१०. आमाको काखमा (२०३२) नाटक,

११. नारी बन्धन र मुक्ति (२०३३) समाजशास्त्र,

१२. वैचारिक विकासको सन्र्दभमा लक्ष्मी प्रसाद देवकोटा (२०३५) समालोचना,

१३. सहिदको रगत (२०३९) गीत कविता,

१४. **गोलघरको सन्देश** (२०४०) लघु काव्य,

१५. मिल्काउनुपर्ने केही सांस्कृतिक अवशेषहरू (२०४२) लेख,

१६. भूतप्रेतको कथा (२०४१) मनोविज्ञान,

१७. अतीतका पाइलाहरू (२०४२) संस्मरण ,

१८. प्रश्रितका एक जोडा लेख (२०४३) लेख,

१९. नानीहरूलाई कसरी असल बनाउने (२०४४) शिक्षा,

२०. **चोर** (२०४४) उपन्यास,

२१. आस्था र प्रथाः एक विवेचन (२०४४) प्रश्नोत्तर ,

२२. धर्म र नारी (२०४७) समाजशास्त्र ,

२३. **जातपात र छुवाछुतको सङ्क्षिप्त इतिहास** (२०४७) इतिहास,

२४. केही सांस्कृतिक निबन्धहरू (२०४७) संस्कृति

२५. केही ठट्टाः केही मर्का (२०२७) हाँस्यव्यङ्ग्य,

२६. **जीवनको वाटोमा** (२०४८) लेखसङ्ग्रह,

२७. जन संस्कृतिको नयाँ दिशा (२०४८) दस्तावेज,

२८. सपनाहरूः उपहार देशलाई (२०४९) नाटक ,

२९. मानसपटका तस्बिरहरू (२०४९) संरमरण लेख,

३०. मन्त्रीजी (२०५१) नाटक,

३१. नेपाली इतिहासको छोटो विवेचना (२०५३) इतिहास,

३२. गुट फुट विरूद्ध कम्युनिस्ट...... (२०५४) राजनीतिक लेख,

३३. नेपाल : गणदेखि राष्ट्रसम्म (२०५७) सांस्कृतिक इतिहास,

३४. मानवताको कलङ्क : जातपात ..... (२०५८) लेख ,

३५. **कविता सङ्ग्रह** (२०५८) सङ्कलित कविता,

३६. कथाहरू (२०५८) सङ्कलित कथा,

३७. बुद्ध र चण्डाल युवती (२०५८) गीतिनाटक,

३८. कला साहित्य र सौन्दर्य समीक्षा (२०५८) समालोचना,

३९. वनौषधि चिकित्सा (२०५८) आर्युवेद,

४०. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड १ (२०५८) काव्यगीत,

४१. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड २ (२०५८) काव्य,

४२. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड ३ (२०५८) उपन्यास र कथा,

४३. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड ४ (२०५८) नाटक र संस्मरण,

४४. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड ५ (२०५८) समाजशास्त्र र विज्ञान,

४५. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड ६ (२०५८) संस्कृति,

४६. मोदनाथ प्रश्रितका संकलित रचनाहरू खण्ड ७ (२०५८) समालोचना,

४७. बहुमुखी प्रतिभा टीकाराम धनन्जय (२०५९) जीवनी,

४८. आदर्श गुरू पण्डित घनश्याम पौडेल (२०६१) जीवनी,

४९. विचार र अर्न्तसम्बन्ध (२०६२) लेखहरू,

५०. नेपालको एकीकरण र पृथ्वीनारायण शाह (२०६३) लेखहरू,

५१. व्रजसुची उपनिषद् (२०६४) अनुवाद,

५२. पहिले लेखिएका र अहिले देखिएका कुरा (२०६४) लेख सङ्ग्रह ,

(जुही, मोदनाथ प्रश्रित विशेषाङ्क २०६८) ।

## २.३ साहित्यिक विशेषता, प्रेरणा, प्रभाव र योगदान

सबैजसो साहित्यकारहरूले आफ्ना रचनामा निश्चित जीवनदृष्टि प्रकट गर्दछन् तथा आफ्नै साहित्यिक मान्यता अँगाल्न पुग्दछ । प्रगतिवादी साहित्यकार र वामपन्थी राजनीतिज्ञ भएका हुनाले प्रश्रितले आफ्ना रचनाहरूमा मार्क्सवादी चिन्तन र वर्गीय चेतनाको प्रयोग गरेको पाइन्छ । साहित्य मार्क्सवादी सिद्धान्तको पूरक तत्व हो र यो राजनैतिक उद्देश्य प्राप्तिको सहायक बन्नुपर्दछ भन्ने मान्यता प्रश्रितको छ । (न्यौपाने, २०५४:५७) वस्तुगत यथार्थ जगतको कलात्मक प्रतिबिम्बनलाई साहित्य ठान्ने प्रश्रित समाजबाट साहित्यकारले बिम्ब र प्रतीकहरू टिपेर मनोवैज्ञानिक सत्यताको उद्घाटन गर्नुपर्ने कुरामा जोड दिन्छन् । कलाको मूल्याङ्कन देश, काल परिस्थिति, संस्कार, संस्कृतिका साथै वर्गसापेक्ष हुनुपर्दछ भन्ने विचारसँग सहमत प्रगति साहित्यलाई जनचेतनाको महत्वपूर्ण माध्यम स्वीकार्छन् । साहित्य जनताले बुझ्दैनन् भन्ने धारणाको प्रतिवाद गर्दै उनी साहित्यमा लोकस्तरको सरल भाषाशैली तथा बिम्ब-प्रतीकको आवश्यकता औल्याउँदछन् । (मोदनाथबाट प्राप्त जानकारी) । देवी-देवता, स्वर्ग-नर्ग, पूर्वजन्म-पुर्नजन्म, भाग्यवाद, भूत, प्रेत, बोक्सी, टुनामुना आदि तमाम अन्धधारणाहरूको वैज्ञानिक

विवेचना गरी जनतालाई मुक्तिपथमा हिडाउन प्रयत्न गर्ने प्रश्रित मार्क्सवादी जीवनदर्शनवाट अनुप्राणित प्रगतिशील सांस्कृतिक क्रान्तिको दिशामा समाज परिवर्तन गर्न खोज्ने साहित्यकारका रूपमा चिनिन्छन् । (ज्ञवाली, २०६२ : १३)

मोदनाथ प्रश्रितका साहित्यिक कृतिहरूमा प्रश्रितले नेपाली साहित्यका कविता, नाटक निबन्ध, आख्यान, समालोचना जस्ता सबै विद्यामा सफलतापूर्वक कलम चलाएर बिद्यागत, विविधतायुक्त वैशिष्ट्य प्रर्दशन गरेको पाइन्छ । नेपाली साहित्यको विविध बिद्यामा कलम चलाए पनि कविता र निबन्धका क्षेत्रमा फल देखिने प्रश्रितको साहित्यबिधाको लेखन पनि जोडरूप नै ठहरिन्छ । प्रश्रित कविता काव्यमा सामाजिक अन्याय र शोषणप्रति सचेत रहेरै त्यसको विरोध गर्ने प्रवृत्ति देखाउँदछन् । उनका कविता र गीतहरू वीरत्वपूर्ण भावधाराले ओतप्रोत, सहज स्वभाविक र सुबोध भाषाशैलीयुक्त पाइन्छन् । निबन्धात्मक कृतिहरूमा प्रश्रितको मार्क्सवादी सामाजिक चिन्तन प्रखर रूपमा मुखरित भएको पाइन्छ । सामाजिक, पौराणिक र ऐतिहासिक बिषयवस्तुलाई यथार्थपरक र वस्तुपरक निवधात्मक शिल्प पद्धतिद्वारा ऐतिहासिक एंव द्वन्द्वात्मक भौतिकवादी कोणवाट विश्लेषण गर्नु प्रश्रितको निबन्धात्मक प्रवृत्ति देखा पर्छ । सामाजिक, अन्याय, पूँजीवादी शोषण, छुवाछुत एवं जातीय भेदभाव, स्वर्ग-नरकका भ्रमजाल र प्रशासनिक भ्रष्टप्रति निर्मम प्रहार गर्दै सामाजिक एवं सांस्कृतिक परिवर्तनको शङ्खघोष गरिएका प्रश्रितका आख्यानात्मक कृतिहरूमा सरल र सहज शैलीमा सामन्तवाद र साम्राज्यवाद विरोधी चेतना उपस्थित छ । प्रश्रितका नाटकहरूमा जनजीवनका पीडाबाट मुक्तिको लागि अन्धधारणाहरूको विरोध गर्ने तथा समाज परिवर्तनको सपना देख्ने पात्रहरूको यथार्थ अङ्कन गरिएको छ । उनका समालोचनाहरूले मार्क्सवादलाई रचनात्मक विज्ञानका रूपमा अगाँलेर त्यसैका आलोकमा साहित्य संसारलाई हेर्ने प्रयास गरेका छन् ।

'मानव' महाकाव्य (२०२४) को प्रकाशनपूर्व परिष्कारवादी -स्वच्छन्दतावादी प्रवृत्तिका देखिए पनि साहित्यिक प्रौढताका क्रममा मानवको असीम शक्तिलाई सर्वोपरि मान्दै समसामयिक समस्याप्रति मार्क्सवादी दृष्टिकोणको अभिव्यक्ति, क्रान्तिभावना, अधिनायकवादको विरोध, जनतामाथि गरिने विरोध धर्मको विरोधजस्ता प्रवृत्ति मोदनाथका साहित्यिक रचनाहरूमा देखापर्दछन् (भण्डारी गणेश सम्पा प्रगतिवाद, इश्वर बराल र अन्य नेपाली-साहित्यकोश काठमाडौँ ने.रा.प्र.प्र.,२०५५:४९३) नेपाली साहित्यका क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादी वैचारिक चिन्तनमा आधारित राष्ट्रियता, देशप्रेम, वर्गसङ्घर्ष समानताको अभिव्यक्ति दिर्दै अन्याय, अत्याचार आदिप्रतिको विरोधभाव मुखरित भएका साहित्यिक तथा साहित्येत्तर कृतिका रचयिता मोदनाथ प्रश्रितको योगदान विशिष्ट प्रकारको छ । प्रगतिवादी साहित्यधाराको सम्वर्द्धनमा उनका कृतिहरूले गहत भूमिका निर्वाह गरेको देखिन्छ । वैयक्तिक आनन्द क्षणिक मनोरञ्जन जस्ता पर

मार्क्सवादी, समाजवादी अनुशासन अनुसार साहित्यको सिर्जना गर्नुले समाज परिवर्तनका दिशामा अग्रसर मोदनाथ प्रश्रितले गरेको ऐतिहासिक योगदान नेपाली साहित्यका प्रगतिवादी धारामा निकै महत्वपूर्ण रहेको कुरा प्रष्ट हुन्छ । तार्किक ढंगले सामाजिक रूढीवादीहरूलाई भत्काउदैं जनतालाई युगसचेत तुल्याउने खालका विचारोत्तेजक कृति यथास्थितिवादी प्रशासनहरूद्वारा गरिए पनि जनसमाजमा लोकप्रिय  हुन्छन् र ती कृतिले ऐतिहासिक गरिमा प्राप्त गर्दछन् भन्ने उदाहरण मोदनाथका **देवासुर सङ्ग्राम**, **नारी बन्धन र मुक्ति**, **जीवाणुदेखि मानवसम्म** जस्ता कृतिले दिएका छन् । हालसम्म **आमाका आँशु**, **सहिदको रगत** गरी दुई कवितासङ्ग्रह, **जव चल्छ हुरी** नामक एक गीतसङ्ग्रह, **बुबा खै ?** र **गोलघरको सन्देश** गरी दुई लघुकाव्य, **मानव** र **देवासुर सङ्ग्राम** गरी दुई महाकाव्य, **देशभक्त लक्ष्मी वाई** र **चोर नानी** गरी दुई उपन्यास, **पचास रूपैंयाको तमसुक**, **आमाको काखमा**, **सपनाहरू: उपहार देशलाई, मन्त्रीजी एवं बुद्ध र चण्डाल युवती** गरी पाँच नाटक, **वैचारिक विकासको सर्न्दभमा लक्ष्मीप्रसाद देवकोटा कला, साहित्य** र **सौन्दर्य समीक्षा** गरी दुई समालोचनात्मक ग्रन्थ, **अतीतका पाइलाहरू, नानीहरूलाई कसरी असल बनाउने ? केही सांस्कृतिक निबन्धहरू, केही ठट्टा केही मर्का, मानसपटका तस्बिरहरू, बहुमुखी प्रतिभा टिकाराम धनन्जय र आदर्श गुरू पण्डित घनश्याम पौडेल** गरी सात विविध विषयका निबन्धात्मक सङ्ग्रहका साथै **नयाँ जनवादी संस्कृति, जीवाणुदेखि मानससम्म, धर्म र नारी** लगायतका थुप्रै साहित्येत्तर कृति समेत गरी जम्मा एकचालीस ओटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका देखिन्छन् । २०२३ सालको मदनपुरस्कारवाट उनको **मानव** महाकाव्य पुरस्कृत भइसकेको पाइन्छ । यसरी ऐतिहासिक, परिमाणात्मक मोदनाथ प्रश्रितको साहित्यिक योगदान नेपाली साहित्यको प्रगतिवादी परम्परा र समष्टि परम्परामा स्वायत्ततायुक्त र उत्कृष्ट खालको पाइन्छ  ।

### २.४ मोदनाथ प्रश्रितका निबन्धयात्राका चरणहरू

शिक्षापार्जनको आरम्भिक अवस्थादेखि नै साहित्य साधनामा लागेका मोदनाथ प्रश्रित समसामयिक प्रगतिवादी धाराका अग्रणी प्रतिभाका रूपमा देखिन्छन् । नौ वर्षको कलिलो उमेरबाटै कविता प्रारम्भ गरेका प्रश्रितको साहित्ययात्रा **हितोपदेश मित्रलाभ**को प्रकाशनपछि भएको हो । सिङ्गो साहित्य यात्राको आरम्भ २०१५ सालबाट भए पनि कविता कृति **आमाको आँसु** (२०१९) को प्रकाशन पछि मात्र उनी निबन्ध सिर्जना तर्फ लागेका हुन् । २०२२ सालमा लेखिएको 'अध्यात्म जगतमा विहङ्गम दृष्टि' निबन्धबाट उनको निबन्धयात्राको सुरूवात भएको हो । मोदनाथ नेपाली साहित्यका विभिन्न विद्यामा कलम चलाउने ससक्त प्रगतिवादी साहित्यकार हुन् । यस शोधपत्रमा उनको सम्पूर्ण साहित्य यात्राको वर्णन नगरी निबन्ध यात्राको र केही सांस्कृतिक निबन्धहरूको विकास र त्यस क्रममा देखा परेका मोड तथा प्रवृत्तिहरूको चर्चा गरिन्छ । जुनसुकै साहित्यकारहरूको साहित्यिक यात्रा र निरूपण गर्ने ठोस आधारहरू हुन्छन् ।

दुई दशक भन्दा लामो निबन्धयात्रामा देखापरेका विभिन्न मोड प्रवृत्ति र परिवर्तनहरूलाई केलाउन उनको निबन्धयात्रालाई चरणगत रूपमा प्रष्ट्याउने काम गरिन्छ ।

पहिलो चरण (वि.स. २०२२-२०४१)
दोस्रो चरण (वि.स. २०२४-२०४५)
तेस्रो चरण (वि.स. २०४६-हालसम्म)

**पहिलो चरण (वि.स. २०२२-२०४१)**

निबन्धकार मोदनाथ प्रश्रित २००९ सालबाट कविता सिर्जना गर्न थाले पनि यसको औपचारिक यात्रा २०१५ सालबाट आरम्भ भएको देखिन्छ । 'अध्यात्म जगतमा विहङ्गम दृष्टि' (२०२२) निबन्धवाट आरम्भ भएको उनको निबन्धयात्रा कवितात्मक पृष्ठभूमिवाट विकसित भएको पाइन्छ । यस चरणमा राजनीतिबाट वितृष्णा जागेर साहित्य सिर्जना तर्फ लागेको पाइन्छ । उनको 'अध्यात्म जगतमा विहङ्गम दृष्टि' निबन्धले मानवतावादी प्रवृत्तिको प्रतिनिधित्व गरेको छ। राजनीतिमा उनको बाल्यकालदेखि संलग्नता भएको कारणले पुनः उनी राजनीतिक धारमै फर्केको पाइन्छ । नेपाली कांग्रेसको राजनैतिक दृष्टिकोणबाट असन्तुष्ट भए पनि २०२२ साल पछि उनी वामपन्थी राजनीतिसँगै नजिकिँदै गर्दा २०२४ साल देखि सक्रिय कार्यकर्ता बने । राजनैतिक क्षेत्रमा आएको उनको प्रभाव साहित्यिक क्षेत्रमा नपरी रहन सकेन । उनको बैचारिक परिवर्तनका प्रतिनिधित्व 'प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहार' (२०२७) निबन्धले गरेको छ ।

मोदनाथ प्रश्रितको निबन्ध यात्राको निबन्धात्मक चरण प्रकाशनका दृष्टिले पत्र पत्रिकामा प्रकाशित फुटकर रचनामै मात्र सीमित रहन पुग्यो । मार्क्सवादी विचारलाई निबन्धका माध्यमले जनसमक्ष पुऱ्याउनु र मार्क्सवादी सिद्धान्तको व्यबहारिक प्रयोग जस्ता कुरा मार्ग निर्देशन गर्ने उनका यस चरणका निबन्धहरू गुणस्तरका दृष्टिले ससक्त बन्न नसके तापनि फाटफूट निबन्धहरू सिर्जना गरेर, विकृतिहरूलाई विषय बनाएर यथार्थताको आलोचना गर्दै मार्क्सवादी आर्दशमा आधारित सामाजिक संरचनाका पक्षमा आफ्नो विचार व्यक्त गरेका छन् । उनका प्रथम चरणका निबन्धात्मक कृतिहरूभन्दा प्रवन्धात्मक कृतिहरू पाइन्छन् । **जीवाणुदेखि मानवसम्म** (२०३१) र **नारी बन्धन र मुक्ति** (२०३३) हुन् । उनले जीवशास्त्रीय र समाजशास्त्रीय प्रवन्धात्मक रचनाहरूमा आफ्नो मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादका आधारमा जीव विकासको ऐतिहासिक विवेचना गरेको देखिन्छ । हिन्दु नारीहरूको आरम्भिक अवस्था, उनीहरूमाथि बढ्दै गएको शोषण, अन्याय, अत्याचारको अन्त्यका लागि नारी एकजुट भएर उठ्नुपर्दछ भन्ने सन्देश दिन खोज्ने प्रश्रित प्रथम यथार्थताको आलोचना गर्दै समाज सुधार र परिवर्तनको प्रवृत्तिलाई लिएर अगाडि

बढेका छन् । यस चरणको प्रतिनिधिमूलक निबन्ध 'मूत्युलाई नजिक बाट छाम्दा' (२०२७) मा सर्घषमय जीवन बिताउन आग्रह गरिएको पाइन्छ ।

यसरी यस चरणमा सीमित निबन्धहरू लेखेर पनि मोदनाथ प्रश्रितको निबन्धयात्राको प्रथम चरण वैचारिक परिपक्कता, भाषाशैलीगत सरलता भएता पनि विषय बस्तुको प्रतिपादन र प्रस्तुति एव प्रकाशनका दृष्टिले अभ्यासगत पाइन्छ । प्रगतिवादी साहित्यकारमाथि प्रशासनले चलाएको वक्र दृष्टि यसको परिणाम बन्न पुगेको देखिन्छ । निबन्धात्मक भन्दा प्रबन्धात्मक प्रवृत्ति यस चरणमा बढी पाइन्छन् । समाज सुधार तथा नारी चेतना उनका कृतिहरूमा देखिन्छ । मोदनाथ प्रश्रित ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने प्रगतिवादी निबन्धकार तथा साहित्य स्रष्टा हुन् ।

**दोस्रो चरण (वि.स. २०४२-२०४५)**

मोदनाथ प्रश्रितको निबन्ध यात्राको दोस्रो चरण पुस्तकाकार कृतिका रूपमा प्रकाशित 'अतीतका पाइलाहरू' (२०४२) सग्रहबाट आरम्भ हुन्छ । आफ्नो जीवन भोगाइका क्रममा विभिन्न घटना, स्थान र व्यक्तिको स्मरण गरी लेखिएका निबन्धहरू यसमा संकलित छन् । यस चरणमा रहेका संग्रहभित्रका निबन्धहरूमा आँफुले देखे भोगेका, जीन्दगानीको महत्वपूर्ण क्षण र व्यक्तिहरूको स्मरण गर्दै बाल्यकालदेखि २०२६ सालसम्मको जीवनभोगाइको सुख दुःख, हर्ष, विश्मात् आदिको यथार्थिक र कतै भावनात्मक अभिव्यक्ति दिएका छन् । उनका दोस्रो चरणका अन्य निबन्धसंग्रहहरू 'भूतप्रेतको कथा' (२०४२), 'नानीहरूलाई कसरी असल बनाउने' (२०४४), 'आस्था प्रथा एक विवेचना' पर्दछन् । निबन्धको प्रकाशनका दृष्टिले महत्पूर्ण मानिने दोस्रो चरण मूलतः आध्यात्मवाद र विषयवस्तुको नवीनतामा आधारित अन्धविश्वास, देवीदेवता, जातपात, छुवाछुत, जातिभेद जस्ता समाजमा विकसित र विद्यमान संस्कृति, संस्कार धर्मप्रति आक्रोशको अभिव्यक्ति पाइन्छ ।

दोस्रो चरणमा मोदनाथको चिन्तन ससक्त बनेको छ । आध्यात्मवादमा आधारित भाग्यवाद, भ्रम जस्ता विषयवस्तुलाई टिपेर त्यसको भौतिकवादी व्याख्या विवेचना गर्नु दोस्रो चरणको मूल पहिचान हो । आध्यात्मवादी धारणाबाट विकसित समाजका विभिन्न धार्मिक अनुष्ठानिक आस्थाप्रति आक्रमण गर्दै त्यसमा विद्यमान भ्रम र व्यावहारिक पक्षको आलोचना गर्दै, भावनात्मक चिन्तनवाट सिर्जना गरिएको ईश्वरवादी धारणाको खण्डन गर्दै, भौतिकवादी जीवनदृष्टिको खण्डन गर्दै, भौतिकवादी जीवनदृष्टिमूलक विचार जस्ता मूलभूत प्रवृत्ति दोस्रो चरणमा ससक्त बनेका छन् । निबन्धयात्राको प्रथम चरणमा देखापरेका समाज सुधारको प्रवृत्ति दोस्रो चरणमा अझ ससक्त बनेको छ । आभ्यासिक चरण पार गरी गद्य लेखनतर्फ बढी क्रियाशील हुन थालेको यस चरणमा लेखिएका उनका निबन्धहरूको भाषाशैली परिष्कृत देखिन्छ । भन्न खोजेका कुरालाई सहज किसिमले अभिव्यक्त गर्ने क्षमता उनमा पाइन्छ । निबन्ध यात्राको मूख्य पहिचान यसलाई मान्न सकिन्छ । आध्यात्मवादमा आधारित ईश्वर सृष्टि जस्ता गहन विषयमा केन्द्रित भएर आध्यात्मवादी सृष्टि ईश्वर सम्बन्धी धारणाको खण्डन गर्दै ईश्वर सृष्टि सम्बन्धी भौतिकवादी धरणा व्यक्त गरेका छन् ।

संसारको स्रष्टा ईश्वर हो ईश्वर आफ्नै इच्छा शक्तिले प्रकट हुन्छ जस्ता आध्यात्मवादी ईश्वरवादी धारणाप्रति उनी विश्वास गर्दैनन् । सामाजिक, आर्थिक, राजनैतिक र अन्य विविध कारणले गर्दा सामाजिक संरचना परिवर्तन चाहने मोदनाथलाई तत्कालीन व्यवस्थामा झुट्टा मुद्दा लगाएर विभिन्न जेलहरूमा मानसिक र शारीरिक यातना दिदै राखे पनि उनका यस चरणका रचना यही जेल जीवनबाट यातनालाई अभिप्रेरित गर्ने उद्देश्यले उनले निबन्ध सिर्जना गरेको प्रतीत हुन्छ । समग्रमा मोदनाथ प्रश्रितको दोस्रो चरण उपलब्धिमूलक नै देखिन्छ । विचारको ससक्त अभिव्यक्ति दिँदा दिँदै पनि बढी राजनैतिक व्यस्तताका कारण साहित्यमा कम जोड दिनु आलोचना पक्ष हो । यस चरणका आरम्भ निजी जीवनका सुख, दुःख, हर्ष, बिश्मात् आदिको अभिव्यक्तिबाट भए पनि मूलतः आध्यात्मवादी धारणा प्रतिको आलोचनातर्फ केन्द्रित रहेको पाइन्छ । 'आस्था प्रथा एक विवेचना', 'भूतप्रेतको कथा' जस्ता निबन्धहरूले उनको यही आध्यात्मवादी धारणाको आलोचनात्मक प्रवृत्तिको सङ्केत गर्दछन् । यस चरणमा मोदनाथको अर्को प्रवृत्तिगत विशेषता बाल शिक्षापरक निबन्धहरूको सिर्जना हो । समग्रमा यस चरणका उनका निबन्धहरू सफल, ससक्त देखिन्छन् ।

**तेस्रो चरण (२०२६-हालसम्म)**

मोदनाथको तेस्रो चरण विभाजनको मूल आधार नेपाली राजनीतिमा देखापरेको परिवर्तनको लहर एवं उनका निबन्धात्मक रचनाहरूलाई बनाइएको छ । प्रकाशनका आधारमा 'हिन्दु धर्म र नारी' (२०४६) बाट तेस्रो चरणको प्रारम्भ हुन्छ । यस चरणको तेस्रो प्रतिनिधि रचना 'केही सांस्कृतिक निबन्धहरू' (२०४७) हो । नेपाली राजनीतिमा आएको परिवर्तनको लहरसँग प्रगतिवादी साहित्यकारहरू आफ्ना साहित्यिक सिर्जनाको सिर्जनाको माध्यमबाट तत्कालिन व्यवस्थाप्रति तीव्र प्रहार गर्न थाले । मोदनाथ प्रश्रित पनि प्रगतिवादी साहित्यकार भएका हुनाले निबन्धात्मक रचनाका माध्यमबाट समाज संस्कृति आदिलाई विषय बनाएर सामाजिक परिवर्तनको स्वर निबन्धमा अझ ससक्त र तीव्र बनाएर समाजको यथार्थ वस्तुस्थितिलाई जन समक्ष पुऱ्याउन थाले नारी समस्या र समाधानको बाटो निर्देश गर्दै महिलाहरूलाई सघर्षमा उतार्न यस चरणका उनका निबन्धहरू बढी ससक्त बन्न गएका छन् । हिन्दु धर्ममा आधारित विभिन्न सांस्कृतिक सामन्त र पुँजीवादका उपज हुन भन्ने आफ्नो दृष्टिकोण उनले यस चरणका निबन्धहरूमा व्यक्त गरेका हुन् । (मोदनाथवाट प्राप्त जानकारी) ।

नेपालमा खुल्ला राजनैतिक परिवेश सिर्जना भए पनि प्रकाशित 'केही सांस्कृतिक निबन्धहरू' मा मोदनाथले वामपन्थी राजनीतिमा देखा परेका कमीकमजोरीहरूलाई देखाउर्दै प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहारमा देखा परेका भिन्नताहरूलाई व्यवहारिक रूपमा प्रयोग गर्ने काम गरेका छन् । पुराना संस्कृति र नयाँ संस्कृति बीचको भिन्नता 'केही सांस्कृतिक निबन्धहरू' मा देखापरेको पाइन्छ । यस चरणमा सांस्कृतिक क्रान्ति, नारी समस्या समाधानात्मक चिन्तन, सामाजिक अराजकता, शिक्षा र वास्ताविक ज्ञान सम्बन्धी विचार यस निबन्ध चरणका निबन्धगत प्रवृत्ति हुन् । कतिपय निबन्धहरू उनले समसामयिक घटनाहरूलाई विषय बनाएर निबन्ध सिर्जना गर्ने गर्दै सांस्कृतिक क्रान्तिको लागि युगीन चेतनाको अभिव्यक्ति दिएका छन् (रिमाल, २०४९ :६५) ।

निबन्धयात्राको तेस्रो चरणमा मोदनाथले प्रथम र दोस्रो चरणमा देखा परेका कमी कमजोरीहरूलाई हटाएर निबन्धको केन्द्रीय मर्म स्पष्ट हुनेगरी शीर्षक चयन गरेका छन् । निरन्तर रूपमा निबन्ध लेखनमा लागेका प्रश्रित अझ आजभोलि पनि विभिन्न पत्रपत्रिकामा आफ्नो विचार र अनुभूतिलाई निबन्धका माध्यमले अभिब्यक्त गरेका छन् । हाल उनी अन्नपूर्ण राष्ट्रिय, दैनिकका स्तम्भकारका रूपमा समसामयिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवेशलाई विषय वनाएर निबन्ध तथा लेख लेखिरहेका छन् ।

## २.५ निष्कर्ष

निबन्धकार प्रश्रितको निबन्धयात्राका तीन चरणलाई दृष्टिगत गर्दा प्रथम चरणका निबन्धका प्रश्रित निबन्धहरूमा स्पष्ट कथा लिएर आएका देखिँदैनन् । यो चरण निबन्ध रचनाका दृष्टिले फुटकर रचनामै सीमित देखिन्छ । आभ्यासिक चरणकै रूपमा रहेता पनि प्रथम चरणको उच्चता निबन्धतर्फ भन्दा प्रबन्धात्मक रचनातर्फ केन्द्रित देखिन्छ । दोस्रो चरणमा प्रश्रितका निबन्धात्मक कृति प्रकाशन तथा वैचारिक र विषयवस्तुगत दृष्टिले मात्र नभएर परिमाणात्मक दृष्टिले पनि निबन्ध सिर्जना तर्फ अग्रसर देखिन्छन् । यस अवधिमा उनले आध्यात्मवादी, चिन्तन, धर्म, ईश्वर, देवीदेवता संस्कृति र जीवन भोगाइका विभिन्न घटना र सुख दुःखका क्षणलाई निबन्धको विषय वनाएर आफ्नो विचार ब्यक्त गरेका छन् । तेस्रो चरणका प्रश्रितका निबन्धहरू पहिलो र दोस्रो निबन्धका अतिरिक्त भाषाशैलीगत प्रौढता, तार्किकता र वैचारिक प्रखरता जस्ता प्रवृत्तिहरू मूल रूपमा देखापरेको पाइन्छ ।

# अध्याय तीन
# निबन्धको उत्पत्ति र व्युत्पत्ति

## ३.१ निबन्धको सैद्धान्तिक परिचय

आधुनिक सन्दर्भमा साहित्यको गद्य बिद्या विशेषलाई जनाउने निबन्ध शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य जगतमा विभिन्न विद्वान्हरूले आ-आफ्नै परिभाषा दिँदै आएका छन् । विचार वा भावलाई बन्धन गरिएको वा बाधिएको विशिष्ट साहित्यिक विधा निबन्ध हो । यहाँ निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ र निबन्ध शब्दको पूर्वीय तथा पाश्चात्य दृष्टिकोणको छुट्टाछुट्टै चर्चा गर्ने प्रयास गरिएको छ -

### (क) पूर्वीय दृष्टिकोण

संस्कृतबाट नेपालीमा प्रयोग हुँदै आएको निबन्ध शब्द पूर्वीय काव्य साहित्यमा निकै पहिलेदेखि प्रयोग हुँदै आएको पाइन्छ । संस्कृतको निबन्ध धातुमा नि उपसर्ग र घञ प्रत्यय लागेर (नि बन्ध घञ निबन्ध) निबन्ध शब्दको निर्माण भएको हो र यसको अर्थ बाँध्नु, सङ्ग्रह गर्नु र जुटाउने काम भन्ने हुन्छ । यस्तै बन्ध धातुमा नि उपसर्ग र अच् प्रत्यय लागेर पनि निबन्ध शब्द (नि+बन्ध+अच) बन्दछ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै पहिलेदेखि नै हुँदै आएको पाइन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा निबन्धलाई सांसारिक माया जालबाट बाँधेर राख्ने असुरी सम्पत्तिका रूपमा यो शब्द प्रयोग गरेका छन् (श्री भागवत् गीताः अध्याय १६, श्लोक ६) । यस पछि सातौं र आठौं शताब्दीमा वासबदन्ता (वासबदन्ता, मंगलाचरण ६), मा ग्रन्थ रचना, टीका, भाष्य र विशेष किसिमको कलाका अर्थमा यसको प्रयोग गरेको पाइन्छ । वासवदन्ता र कादम्वरीमा यस निबन्ध शब्द पहिले साहित्यिक अर्थको सङ्केत हो । शिशुपालबधनमा ग्रन्थका तात्पर्यमा यसको प्रयोग भएको पाइन्छ (वाणभट्ट, कादम्बरी पूर्वमान मंगलाचरण अन्तिम श्लोक) ।

यसरी पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै पहिलेदेखि पाइन्छ । विभिन्न समयमा आत्मालाई बाँध्ने भाष्य, टीकासङ्ग्रह र सानो साहित्यिक विधाका रूपमा निबन्ध शब्द प्रयोग हुँदै आए पनि पूर्वीय क्षितिजमा निबन्ध शब्दको स्पष्ट दृष्टिकोण फेला पर्दैन । यी निबन्धका कालिक


अर्थले निबन्ध विधा विशेषलाई पूर्ण रूपमा समेट्न सकेका छैनन् । यस अनुसार आख्यानेत्तर गद्यभेद अन्तर्गत पर्ने साहित्यको पाठ्य श्रव्य विद्यालाई निबन्ध भनिन्छ ।

**(ख) पाश्चात्य दृष्टिकोण**

पाश्चात्य जगत्मा निबन्धको विकास वैचारिक सन्दर्भमा संवादका रूपमा सुकरातबाटै आरम्भ भए पनि साहित्यिक विद्या विशेषका अर्थमा यसको प्रयोग १५८० मा मोन्तेनबाट भएको पाइन्छ (द्विवेदी, निबन्ध सिद्धान्त और प्रयोग, पूर्ववत : ३) ।

अङ्ग्रेजीमा निबन्धलाई (एस्से) शब्दको पर्यायवाचीका रूपमा अर्थ लगाइएको पाइन्छ । फ्रान्सेली (एसिस) को विकसित रूप मानिने (एस्से) शब्दको शाब्दिक अर्थ हुन्छ प्रयत्न गर्नु । निबन्ध विधाका जन्मदाता मानिने फ्रान्सेली विद्वान् मिसल द मोन्तेनले आफ्ना छोटा-छोटा रचनाहरूको सङ्ग्रहरू (सन् १५८०) लाई (एसिस) नाम दिएर प्रकाशनमा ल्याएपछि यस विधाको विधिवत् प्रारम्भ भएको तथा नामाकरणसमेत भएको हो ।

मोन्तेनपछि फ्रन्सिस बेकनले निबन्धको प्रारम्भ र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । मोन्तेनका निजात्मक निबन्धका विपरित यिनले वस्तुपरक निबन्धको प्रवर्तन गरेका छन् । विकीर्ण चिन्तनको प्रस्तुतिलाई निबन्ध ठान्ने यिनका निबन्धमा वस्तुपरकता, तार्किकता, बौद्धिकता, सत्यताजस्ता विविध विशेषताहरू पाइन्छन् । यिनै मोन्तेनका र वेकनका मान्यताहरूका आधारमा निजात्मक र वस्तुपरक गरी दुई प्रकारका निबन्ध देखा पर्छन् ।



यसरी पूर्वीय र पाश्चात्य दृष्टिकोणलाई मध्यनजर गर्दा पूर्वीय साहित्यमा विभिन्न समयमा विभिन्न अर्थमा निबन्धलाई चर्चा गर्ने काम गरेको पाइन्छ । पूर्वीय अर्थमा टीकासङ्ग्रह गर्नु आदिका रूपमा पाइन्छ भने पाश्चात्य अर्थमा निबन्ध शब्दको चर्चा परिचर्चा व्यापक रूपमा पाइन्छ । मोन्तेनबाट सुरु भएको निबन्ध विधाले निबन्धलाई अगाडि बढाउने काम गरेको पाइन्छ ।

**३.२ निबन्धको परिभाषा**

निबन्ध सम्बन्धी विभिन्न विद्वान्हरूका परिभाषाहरू मध्ये केही परिभाषाहरूलाई यस प्रकारले उल्लेख गरिएको छ -

**१. बेकन**

अङ्ग्रेजी साहित्यका पहिला निबन्धकार तथा निबन्ध सिद्धान्तका चिन्तक फ्रान्सिस बेकन ( १५६१- १६२६) ले छरिएको चिन्तन निबन्ध हो भनेका छन् ।

(२) डा. जोदिन्सन (१७०९-१८८४) "निबन्ध भनेको मनमा आएका भावधारालाई शृङ्खलाविहिन अवस्थामा हठात गरिएको अभिव्यक्ति हो ।"

(३) जोहन मरे (१८३७-१९९५) "कुनै एक निश्चित विषयवस्तुमा सुगठित र सुव्यवस्थित राखेर लेखेको रचना निबन्ध हो ।"

(४) द कन्साइनस अक्सफोर्ड इङ्गलिस लिटरेचर "निबन्ध साधारणतया एउटा छोटो गद्य रचना हो यसमा लेखेको विषयको विशेष ज्ञानप्रति बन्धित भएको हुन्छ ।"

(५) आर्चाय रामचन्द्र शुक्ल- "निबन्ध वैयक्तिक विशेषताका निमित्त र त्यस विशेषताको प्रर्दशनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात वा अज्ञात रूपले होस् विशृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका निमित्त अनुभूतिका स्वभाविक वा लोक सामान्य रूपसँग कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरूको व्यायमिक वा हठयोगीहरूले झैं आसन साधन गराइरहनु हुँदैन । "

(६) बाबु गुलाब राय- निबन्ध त्यस प्रकारको रचना हो । जसमा सिमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता सुटठु र सजीवता, त्यस्तै सङ्गति र सु-सम्बद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुन्छ ।

(७) लक्ष्मीप्रसाद देवकोटा- यो रौंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठयास्फू । यसमा गृहित विषयलाई सर्वदृष्टिकोण र समीक्षा जरुरत छैन । यो एक किसिमको धूर्तबदमास ठिटो हो । जो सडकमा हिड्दा कहिले ढुङ्गा हान्छ । कतै आनन्दले फूलेर हेर्छ तर घोरिंदैन । ............. त्यो - निबन्ध) टेविल गफ मात्र हो । शास्त्र होइन यो एउटा फूर्सदको मनोरञ्जन हो । ............ यहाँ एउटा रसिलो, हँसिलो, गफाडी चुट्किलो कुराकानी छ जसको नाम प्रबन्ध ( निबन्ध) हो । (लक्ष्मी निबन्धसङ्ग्रहरूको भूमिकाबाट) ।

नेपाली बृहत शब्दकोषका अनुसार 'कुनै एक विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा हो ।'( नेपाली वृहत शब्दकोश :७३१) ।

डा. ईश्वर बराल - निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनका भावनाहरूलाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधा विशेष निबन्ध हो ।

हृदयचन्द्रसिंह प्रधान - निबन्धमा लेखकले कलमको पछिपछि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र विचार एवं दृष्टिकोणलाई व्यङ्ग्य, हाँस्य ठट्यौलीपन र मामुली तवरबाट पोख्दै जानुपर्छ ।' (गोपीकृष्ण शर्मा, नेपाली निबन्धसङ्ग्रह पृ.१७) ।

उपर्युक्त विभिन्न पाश्चात्य तथा पूर्वीय विद्वान्हरूका परिभाषाहरूलाई अध्ययन गरी निष्कर्षमा निबन्धको स्वरूपलाई बुँदागत रूपमा यसरी प्रष्ट्याउन सकिन्छ -

- निबन्ध आख्यानेत्तर गद्य हो ।
- अणुदेखि ब्रमाण्डसम्मका जुनसुकै विषयमा निबन्ध लेख्न सकिन्छ ।
- निबन्ध सुगठित शैलीमा लेखिएको छोटोछरितो रचना हो ।
- निबन्धमा मनोगत भावविचारको वा वस्तुगत सहित्य चिन्तनको प्रस्तुति रहन्छ ।

माथि उल्लिखित विभिन्न परिभाषाहरूबाट निबन्धको परिभाषा निम्नानुसार गर्न सकिन्छ -

कुनै विषयवस्तु भाव वा विचारलाई व्यक्ति आत्माको रङ्गमा घोलेर प्रस्तुत गरिने तथा विचारको ससक्तता र कल्पनाको तीव्रता भएको लघु कलेवरमा संरचित साहित्यको आख्यानेतर गद्य विधालाई निबन्ध भनिन्छ ।

**३.३ निबन्धका तत्वहरू**

निबन्ध आफैमा साहित्यिक विधा हो । कुनै पनि साहित्यिक बिधा विशेषको लागि विभिन्न तत्वहरूको आवश्यकता पर्दछ । निबन्धका लागि आवश्यक तत्वहरू यसप्रकार छन् -

(क) विषयवस्तु

(ख) भाषाशैली

(ग) विचार वा भाव

(घ) शीर्षक

(ङ) उद्देश्य

**(क) विषयवस्तु**

साहित्यका जुनसुकै विधाको निर्माणका लागि विषयवस्तु अनिवार्य हुन्छ । सबै विधाहरूको विषयवस्तुको प्रवृत्ति एकनासको भने हुँदैन । निबन्धमा निबन्धकारले जीवन जगत्का जुनसुकै विषयवस्तु प्रयोग गर्न सक्छ । विषयवस्तु चयनको कार्य समाप्त भएपछि निबन्धकारले उक्त विषयवस्तु आत्मपरक वा वस्तुपरक कुनै ढङ्गले प्रस्तुत गर्दछ । निबन्धमा निबन्धकारले प्रवृत्ति, समाज, संस्कृति, इतिहास, दर्शन, पुराण, धर्म, राजनीति, शिक्षा, प्रशासनिक विकृति, विसङ्गति युगिन त्रासदी, विश्व मानवता लगायतका जुनसुकै पनि मूर्त, अमूर्त विषय प्रयोग गर्न सक्छ । मूलतः मूर्त विषयको प्रयोग भएमा निबन्ध वस्तुपरक बन्न सक्छ भने राष्ट्रप्रेम, मानवतावाद जस्त भावमय अमूर्त विषय प्रयोग भएमा निबन्ध आत्मपरक बन्दछ । निबन्धको आदि भागमा शीर्षक वा विषयको चिनारी दिइन्छ भने मध्य भागमा शीर्षक सम्बद्ध विषयका बारेमा व्याख्या, विश्लेषण गरिन्छ । अन्त्यमा निबन्धलाई टुङ्ग्याउने काम गरिन्छ ।

**(ख) भाषाशैली**

कुनै पनि लिखित या मौखिक विषयको प्रस्तुतिको माध्यम भाषा हो भने प्रस्तुतिको ढङ्ग नै शैली हो । भाषाविना कुनै पनि अभिव्यक्तिले आफ्नो स्वरूप ग्रहण गर्न सक्दैन । निबन्ध गद्य विधामा लेखिन्छ । यसमा प्रयोग गरिने गद्य भाषा सरल, सुमधुर र विशिष्ट प्रकृतिको हुनुपर्दछ । मूलतः निबन्ध स्रष्टाका वैयक्तिक अनुभूतिको हार्दिक अभिव्यक्ति भएकोले यसमा प्रयुक्त भाषामा आवेग, संवेग, रागात्मक जस्ता मानसिक पक्षहरू प्रतिबिम्बित भएको हुनुपर्दछ । भाषामा कोमलता, भावुकता, निजात्मक, परात्मक आदि शैलीको प्रयोग निबन्धमा गरिन्छ । जस्तोसुकै शैलीको प्रयोग भए पनि उक्त भाषाशैलीले निबन्धको विषयवस्तु र भावलाई पक्रन सक्नु पर्दछ र उक्त शैली सरल, सहज, रोचक, आकर्षक, आलङ्कारिक हुनुपर्दछ ।

**(ग) विचार वा भाव**

कुनै पनि कार्य विना उद्देश्य गरिँदैन, निबन्ध सृजना पनि त्यस्तै कुनै निश्चित भाव वा विचारले गरिएको हुन्छ । कुनै विषयवस्तुका बारेमा सत्य-तथ्य सूचना प्रदान गर्ने, वैयक्तिक अनुभव पाठकसमक्ष पुऱ्याउने, कुनै कथनका बारे पाठकलाई जानकारी गराउने, काव्यात्मक ढंगले पाठकलाई उपदेश दिने, विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्ने आदि विविध प्रवृत्तिका भाव, विचार तथा उद्देश्यहरू निबन्धका हुन सक्छन् । यति हुँदाहुँदै पनि निबन्धकारले विषयवस्तुको प्रस्तुतिका क्रममा आफ्ना निजी दृष्टिकोण र अनुभूतिलाई पनि पाठकसमक्ष पस्केको हुन्छ । तसर्थ निबन्धको भाव वा विचार लेखको आत्मप्रकाशन गर्नु पनि हुन सक्छ । अतः निबन्धको विषयवस्तुसँग उद्देश्य वा भावको कलात्मक प्रस्तुति हुनुपर्दछ । भाव वा विचार निबन्धको अत्यावश्यक तत्व हो ।

**(घ) शीर्षक**

शीर्षक निबन्धको प्रमुख तत्व हो । शीर्षकका आधारमा निबन्धको रचना हुन्छ । शीर्षकले निबन्धका विषयवस्तुलाई सङ्केत गर्दछ । शीर्षकमै आधारित रहेर निबन्ध लेखिएको हुन्छ । निबन्धमा शीर्षक विभिन्न प्रकृतिका हुन्छन् । कुनै निबन्धको शीर्षक एक शब्दात्मक हुन्छ जस्तै देशप्रेम, आधुनिकता आदि । कुनै निबन्धमा एकभन्दा बढी शब्दहरूको संयोजनबाट बनेको पदावली शीर्षकमा आउन सक्छ जस्तै कस्तो थियो त्यो रामराज्य ? मिल्काउनु पर्ने केही साम्प्रदायिक अवशेषहरू आदि । यस्तै शब्दहरूको संयोजनबाट निबन्धको शीर्षक चयन गरिन्छ ।

**(ङ) उद्देश्य**

निबन्धले भन्न खोजेको कुरालाई उद्देश्यमा पनि देखाउने गरिन्छ । निबन्धको विषयवस्तु, भाव वा विचार, भाषाशैली, शीर्षक आदि कुरालाई उद्देश्यले समग्र रूपमा चिनाउने काम गरेको हुन्छ यसका साथै सारांसको रूपमा पनि निबन्धमा उद्देश्य आएको हुन्छ ।

## ३.४ निबन्धको स्वरूप

निबन्ध वस्तुका दृष्टिले दुई किसिमका हुन्छन् । वस्तुपरक र आत्मपरक । निबन्ध विषय प्रधान हुन्छ र आत्मपरक सम्बेदना प्रधान यसरी स्वरूपका आधारमा दुई फाँटमा विभक्त हुने निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतिका ढाँचाका आधारमा विविध शाखा प्रशाखामा वर्गीकरण गर्न सकिन्छ (सुवेदी, २०६३ : ९) ।

## ३.५ निष्कर्ष

यस अध्यायमा निबन्धको व्युत्पत्तिमा पूर्वीय र पाश्चात्य दृष्टिकोणलाई सामान्य चर्चा गर्ने प्रयास गरिएको छ । निबन्ध सम्बन्धी केही परिभाषाहरू, बेकनको परिभाषा देखि …… टेबिल गफ मात्र हो भन्ने महाकवि लक्ष्मी प्रसाद देवकोटाको परिभाषाबाट निबन्धलाई भाव वा विचारको समिश्रण हो भन्ने कुरा व्यक्त भएको देखिन्छ । आत्मपरक र वस्तुपरक गरी निबन्धलाई दुई भागमा बाँडेर साथै विभिन्न शाखा उपशाखामा समेत बाँडेर अध्ययन गर्ने काम यस अध्यायमा गरिएको छ ।

# अध्याय चार

# मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूको अध्ययन

प्रस्तुत सङ्ग्रहमा जम्मा सोह्रवटा निबन्धहरू समावेश भएका छन् । जुन यसप्रकार छन् :-

| क्र.सं. | निबन्धको शीर्षक | रचनाकाल र स्थान | प्रकाशित पत्रिका | प्रकार |
|---|---|---|---|---|
| १ | विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण | ११।०९।२०४३, गौरजेल | 'साप्ताहिक जनज्योति' वर्ष-५, अङ्क २ काठमाडौं । | वर्णनात्मक |
| २ | प्राचीन नेपालको इतिहासमा मिथिलाः छोटकरी चर्चा | २०४३, गौरजेल | 'घोषणा' (अङ्क ३) पोखरा । | विवरणात्मक |
| ३ | कस्तो थियो त्यो रामराज्य? | २७।०२।०४४, गौरजेल | 'साथी' (मासिक) वर्ष ५, अङ्क २-४ विराटनगर । | विवरणात्मक |
| ४ | भगवान्को राज्य | ०८।१०।०४०, वीरगञ्ज कारागार | 'श्रमिक' (अङ्क १४) हेटौंडा । | आत्मपरक |
| ५ | प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहार | २०२९ वनारस | 'मिर्मिरे', झिसमिसे आदिमा प्रकाशित । | आत्मपरक |
| ६ | होस पुऱ्याएर वोलौं | २९।०९।०४४ पोखरा भिडवा | 'काग', वर्ष ३, पूर्णाङ्क ३ काठमाडौं । | आत्मपरक |
| ७ | आधुनिकताः एक चर्चा | २८।०५।२०४२ गौरजेल | 'मजदूर सन्देश' अङ्क ६, काठमाडौं । | वर्णनात्मक |
| ८ | व्यक्तित्व र फेसन | २६।०९।२०४३ गौरजेल | 'हातेमालो', वर्ष ८ अङ्क ९ काठमाडौं । | वर्णनात्मक |
| ९ | दुई पुस्ता : फरक दृष्टिकोण, साझा समस्या | ०४।०३।२०४४, गौरजेल | 'झिसमिसे' वर्ष ११ अङ्क ३३ (काठमाडौं । | आत्मपरक |
| १० | शिक्षा, उपाधि र वास्ताबिक ज्ञान | २७।०८।२०४२, गौरजेल | 'आवाज' ५।१ बुटवल | आत्मपरक |
| ११ | सामाजिक परम्पराका उज्याला र अँध्यारा पक्षहरू | २४।०९।२०४३ गौरजेल | 'खलिहान', वर्ष १ अङ्क दाङ्ग | वर्णनात्मक |
| १२ | के तपाई गुणै गुण भएको साथी पाउन सक्नुहुन्छ ? | ३०।०९।२०४४ पोखरा भिडवा | 'दृष्टि' (साप्ताहिक) वर्ष ५, अङ्क १६ | वर्णनात्मक |
| १३ | सपना देखाउने युवा साथीहरू | ०९।०१।२०४५ | 'दृष्टि' साप्ताहिक काठमाडौं | आत्मपरक |
| १४ | मिल्काउनपर्ने केही साम्प्रदायिक अवशेषहरू | | दुईपटक पुस्तिका आकारमा प्रकाशित | विवरणात्मक |
| १५ | गाली एक विवेचना | | 'हिमाली आवाज' वीरगञ्ज | विवरणात्मक |
| १६ | मृत्युलाई नजिकैबाट छाम्दा | | 'मितेरी' वर्ष-१ अङ्क १, नेपालगञ्ज | आत्मपरक |

यसरी प्रस्तुत निवन्धसङ्ग्रहमा रहेका १६ वटा शीर्षकमा विभक्त निबन्धहरू १४ वटा विभिन्न किसिमका पत्रिका र पुस्तिकाकारमा वर्णनात्मक र विवरणात्मक किसिमले प्रकाशित रहेका देखिन्छन् ।

## ४.१ विषय परिचय

मोदनाथ प्रश्रितद्वारा लेखिएको 'केही सांस्कृतिक निबन्ध' सङ्ग्रहभित्रका सोह्र ओटा निबन्धहरूलाई विभिन्न तत्वहरूको माध्यमबाट यसरी चर्चा गरिएको छ -

## ४.२ विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण निबन्धको विश्लेषण

### (क) विषयवस्तु

निबन्धकारले यस निबन्धलाई विज्ञान र त्यसलाई हेर्ने वैज्ञानिक दृष्टिकोणलाई आधार बनाएर रचना गरेका छन् । यो निबन्ध शिक्षामूलक निबन्ध हो । कुनै पनि विषय वा क्षेत्रको विशिष्ट वा गहिरो, वस्तुगत ज्ञानलाई विज्ञान भनिन्छ । यस अनुसार गणित, भौतिक, जैविक, यान्त्रिक, रसायनिक, इलेक्ट्रोनिक, पारमाणविक, अन्तरिक्षिक, ज्योतिष आदि गहिरो अध्ययन गरी तिनलाई अझ समृद्ध पार्न नयाँ खोज, अनुसन्धान, प्रयोग, आविष्कार तथा निर्माण गरिरहेका व्यक्तिहरूलाई वैज्ञानिक श्रेणीमा राखिने गरिएको छ (प्रश्रित, २०४८ : १) । निबन्धकारले सामान्य अर्थमा तिनीहरूलाई आ-आफ्ना विषय र क्षैंत्रका विशेषज्ञ या वैज्ञानिक भन्न सकिन्छ जसले विज्ञानको खोज अध्ययन आदि काम गर्नुका साथै आफ्नो दृष्टिकोण या विचार र आचरणलाई वैज्ञानिक बनाउन सकेको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

यस निबन्धको विषयवस्तु भनेको ज्ञान र विज्ञान अनि जीवन मूल्यको पहिचान सम्बन्धी दृष्टिकोण राख्ने विचार हो । यस निबन्धमा मान्छेमा रहेको चिन्तनको धरातल फराकिलो पार्नुपर्ने चिन्तनलाई प्रस्तुत गरिएको छ । निबन्धले प्रतिपादन गरेको विषय भनेको मान्छेको विचार र दृष्टिकोण वस्तुवादी र तथ्यवादी दिशातिर उन्मुख हुनुपर्छ भन्ने हो । विज्ञान र विज्ञानलाई हेर्ने दृष्टिकोणको सेरोफेरोमा यस निबन्धलाई निबन्धकारले विषयवस्तु बनाएका छन् ।

### (ख) भाव वा विचार

शिक्षामूलक, ज्ञान विज्ञान र जीवन मूल्यको पहिचान सम्बन्धी दृष्टिकोण प्रस्तुत गर्नु यस निबन्धको भाव/विचार वा मूल सन्देश रहेको छ । प्रखर दृष्टिका वैज्ञानिकहरूले जब हजारौं वर्ष अघिदेखि नै भौतिकवादी दृष्टि अँगाल्ने र आफ्ना खोजहरूले त्यसलाई सही सावित गर्ने प्रयत्न

गर्दै आएका थिए । आजको द्वन्द्वात्मक भौतिकवादी युगमा आएर विज्ञानका विविध शाखाको उच्च अध्ययन गरेर यदि कसैले आफ्नो दृष्टिकोण र आचरणलाई वैज्ञानिक बनाउन सकिँदैन भने त्यसले विज्ञानको गुदी चिनेको छैन बोक्रो मात्र छामेको छ भन्ने हो (प्रश्रित, २०४७:७) । डर, लोभ, दासता, शोषक, वर्गीय स्वार्थी मनोवृत्ति आदिका कारणले आज जसले विज्ञान सिद्ध कुरा पनि बुझ्न सक्दैन, या नबुझेको स्वाङ्ग पार्छ अथवा त्यसलाई बङ्ग्याइन्छ, विज्ञान सिद्ध नहुने कुरामा पनि आस्था प्रकट गर्छ समर्थन जनाउँछ, त्यस पक्षमा काम र प्रसार गर्छ त्यस कुराको गुणगान समेत गर्छ भने त्यो विज्ञान र वास्तविक वैज्ञानिक हुदैंन (ऐजन) । अन्ध संस्कृति र अवैज्ञानिक भ्रममा निमग्न संस्कृतिमा जीवन समाज र सिङ्गै मानव समुदायलाई उद्वार गरिनुपर्दछ भन्ने आग्रह निबन्धकारले प्रवल रूपमा राखेका छन् । जीवनको व्यापक आयाम समेट्ने दृष्टिकोणको निर्माण र त्यसको सत्यापनका निम्ति वैज्ञानिक दृष्टिकोण आवश्यक पर्छ भन्ने कुरा पनि यस निबन्धको भाव वा विचार हो । दृष्टिकोणको परिमार्जनबाट मात्रै वैज्ञानिक पक्षको स्थापना सम्भव छ । विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोणलाई बुझ्नुपर्ने विचार यस निबन्धको विचार सहज एवं सम्प्रेषणी खालको रहेको  देखिन्छ ।

**(ग) भाषाशैली**

निबन्धकारले यस निबन्धमा वर्णनात्मक भाषाशैलीको प्रयोग गरेको देखिन्छ । शिक्षामूलक यस निबन्धमा बौद्धिक प्रखरताका साथै काव्यात्मक र परिष्कृत भाषा समेत पाइन्छ । लामा लामा वाक्यहरू भए पनि बुझ्न सहज देखिन्छ । निबन्धकार आत्मकथनलाई विभिन्न भाषाशैलीमा विभिक्त गरेको पाइन्छ । निबन्धमा सरल तथा मिठास पाराले निबन्धकारले आफ्नो कलपनाशीलतालाई प्रवाहमय शैलीमा व्यक्त गरेको देखिन्छ । यस निबन्धमा भौतिक, जैविक, यान्त्रिक, रासायनिक, इलेक्ट्रोनिक, परमाणविक, अन्तरिक्षिक (पृ.१), सर्जन, अप्रेसन, शल्यक्रिया ( पृ.२) होनहार (पृ.४), जस्ता वैज्ञानिक, तत्सम तत्भव र आगन्तुक शब्दहरूको संयोजन देखिन्छ । समग्र रूपमा हेर्दा प्रश्रितको विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण निबन्धको भाषाशैली सरल देखिन्छ ।

(घ) **शीर्षक**

विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण अनुसन्धान, नयाँ खोजमा खोज्नेवालाको धारणा वा दृष्टिकोणसँग सम्बन्धित देखिन्छ । विज्ञान विषयक प्रस्तुत निबन्धमा विज्ञानसँग सम्बन्धित शब्दहरू गणित, भौतिक, जैविक, यान्त्रिक, रासायनिक, इलेक्ट्रोनिक, पारमाणविक, आन्तरिक्षिक ( ज्योतिष) आदि विज्ञानका हाँगासँग सम्बन्धित छन् । विज्ञानसँग सम्बन्धित यस्ता शब्दहरू र विषयवस्तुमा समेत विज्ञानको अध्ययन, विश्लेषणमा केन्द्रित हुनाले शीर्षक उपयुक्त देखिन्छ । विज्ञानले गर्ने कार्य यसका राम्रा नराम्रा पक्षहरूमा यो निबन्धको विषयवस्तु अगाडि बढेको छ । डाक्टर, इन्जिनियर, प्राविधिज्ञ, उपग्रह, निर्माता र अन्तरिक्षविद्हरूको अनुभवलाई समेत निबन्धकारले यस निबन्धमा समेट्ने काम गरेका छन् । अतः यस निबन्धको शीर्षक सुहाउँदो देखिन्छ ।

**निष्कर्ष**

निबन्धकारको यो सङ्ग्रहभित्रको यो पहिलो रचना हो । मानिसमा रहेको चिन्तनको धरातल फराकिलो हुनुपर्ने धारणा यस निबन्धमा रहेको पाइन्छ । चिन्तनको दिशा परिमार्जित र वैज्ञानिक आयामको पक्षतिर उन्मुख हुनुपर्छ भन्ने कुरातर्फ यो निबन्ध अभिलक्षित रहेको पाइन्छ । यस निबन्धले प्रतिपादन गरेको विषय भनेको मान्छेको विचार र दृष्टिकोण वस्तुवादी र तथ्यवादी दिशातर्फ उन्मुख हुनुपर्छ भन्ने रहेको पाइन्छ । जीवनको सम्पूर्ण आयाम समेट्ने दृष्टिकोणको निर्माण र सत्यापनका निम्ति वैज्ञानिक दृष्टिकोण हुनुपर्ने निष्कर्ष यस निबन्धबाट प्राप्त गर्न सकिन्छ ।

## ४.३ प्राचीन नेपालको इतिहासमा मिथिलाः छोटकरी चर्चा निबन्धको विश्लेषण

(क) **विषयवस्तु**

यस निबन्धको विषयवस्तु पुराण र प्राचीन इतिहाससँग सम्बन्धित रहेको छ । यस निबन्धमा पृथक विषयले समाजका सांस्कृतिक संवेदना र ऐतिहासिक तथ्यहरूमा छरिएका अनावश्क र व्यङ्गात्मक पक्षहरूको उपस्थापन र परीक्षणको आवश्यकता अनिवार्य रहन्छ भन्ने कुरामा निबन्धले प्रस्तुत गरेको छ । जुनसुकै पनि समाजको **बिजय** पुरानिँदै जाँदा त्यसका व्यर्थमूलक आधारहरू भ्रामक र अस्पष्ट हुन्छन् । पौराणिक र ऐतिहासिक वस्तुका वैज्ञानिक र वस्तुगत आधारहरू पनि धमिलिँदै गएका हुन्छन् । यस्तो स्थिति सिर्जना भएपछि त्यस्तो अवस्थामा अविश्वसनीय पक्षहरूको मात्राले प्रवेश पाउँदै गएको हुन्छ (सुवदी, २०६८ : ५३९) । सत्य, त्रेता, द्वापर, कलि भन्ने युग-विभाजनको काल्पनिक धारणाले हिन्दु, मानसिकतामा इतिहास

र पुरातत्वबारे ज्यादै गन्जागोल स्थिति पैदा गरीदिएको छ । यसबाट नेपाली इतिहासको अन्वेषण- क्षेत्र पनि एकदमै पीडित छ। वाग्मती उपत्यकाको प्राग्-ऐतिहासिक चर्चा चल्दा 'सत्य' त्रेता आदिका विपश्री, शिखी, विश्वंभु आदि बुद्धहरूको प्रसङ्ग चल्दा त्यसरी नै प्राचीन मिथिला जनपदको सन्दर्भ उठाईदा जनक, सीता, राम विवाह आदिका कथालाई कथित त्रेता युगसम्म पुऱ्याइन्छ (प्रश्रित, २०४७ : ९) । इतिहास र काल गणनाको सही ज्ञान नभएको आम जनताको चेतनाले सय-दुई सय वर्ष पुरानो कुरालाई पनि हजारौं वर्ष पुरानो वा सत्ययुगको जस्तो ठान्ने गरेका असङ्ख्य प्रवृत्ति र उदाहरणहरूबाट हामी निकै परिचित छौं। रूपैयाँ मुरीमा धान पाइने सत्तरी असी वर्ष अघिका सत्य युगका कुरा र पाँच सय वर्ष अघिका भुरेटाकुरे 'राजा'हरूका कुरालाई 'धेरै' अघिका सत्य युगका कुरा भन्ने जनजिब्राहरू हाम्रो समाजमा यत्रतत्र भएको र यी कुरामा सत्यता नहुने कुरा र जनक, सीता, राम, मिथिला, आदिलाई समेटेर निबन्धकारले यस निबन्ध रचना गरेको पाइन्छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा निबन्धकारले राजा जनक दशरथ र रामका प्रसङ्गलाई बिम्बका रूपमा प्रस्तुत गरेका छन् । समाजका सांस्कृतिक संवेदना र ऐतिहासिक तथ्यहरूमा अनावश्यक र काव्यात्मक पक्षहरूको उपस्थापन र परीक्षकको आवश्यकता अपरिहार्य रहन्छ भन्ने कुरा निबन्धले प्रस्तुत गरेको छ (सुवेदी, २०६८ : ५३९) । इतिहास र काल गणनाको सही ज्ञान नभएको आम जनताको चेतनाले सय दुई सय वर्ष पुरानो कुरालाई पनि हजारौं वर्ष पुरानो वा सत्य युगको जस्तो ठान्ने गरेका असङ्ख्य प्रवृत्ति र उदाहरणहरूबाट हामी निकै परिचित छौं। भारत नेपालको इतिहासमा चीनको जस्तो तिथि-मिति टिपेर राख्ने परम्परा नरहेकोले समाजको ऐतिहासिक विकासबारे ज्यादै अन्योलपूर्ण धारणा फैलिएको छ र यहाँ हजार वर्ष पुरानो कुरालाई कसैले लाख वर्ष पुरानो भनिदिए पनि छक्क परेर विश्वास गर्ने प्रवृत्ति भएको कुरा निबन्धकारले व्यक्त गरेका छन् । यसरी यस निबन्धमा निबन्धकारले राम, जनक, सीता, दशरथ आदिको वर्णन, मिथिला नगरीको चर्चा गर्दै निबन्ध रचना गरेको देखिन्छ । मिथिलालाई चिनाउनु यस निबन्धको मूल भाव रहेको देखिन्छ।

**(ग) भाषाशैली**

यस निबन्धको भाषाशैली विवरणात्मक रहेको पाइन्छ । धेरैजसो जटिल शब्दहरू यस निबन्धमा पाइन्छन् । कविला, तिरहुत जस्ता तत्सम् शब्दहरू यस निबन्धमा छन् । पौराणिक कथामा आधारित यस निबन्धमा पुराणका विभिन्न सन्दर्भहरूको शब्दहरूको पनि संयोजन गरिएको छ। प्रायः सबै कुराको विवरण दिँदै निबन्ध अगाडि बढेको छ। कल्पनाशीलताको बेजोड

संगमका साथै प्रवाहमयशैलीमा यो निबन्ध अगाडि बढेको छ । सुन्दर शब्दहरूको संयोजन पनि यसमा पाइन्छ ।

### (घ) शीर्षक

सत्य, त्रेता, द्वापर, कलि युगको वर्णन गर्दै मिथिला नगरीको विषयवस्तुमा शीर्षकीकृत विश्लेषण केन्द्रित भएको हुनाले यस निबन्धको शीर्षक सार्थक देखिन्छ । पुरातात्विक, पौराणिक, वेद, ब्राह्मण, वाल्मीकि, रामायण, मिथिलाः पुराण आदिको चर्चा रहेको छ । सिरध्वज, जनक, सीत, राम पौराणिक सन्दर्भ आदिको वर्णन रहेको पाइन्छ । निबन्धको विषयवस्तु मिथिलासँग आधारित भएको र प्राचीन नेपालीको इतिहाससम्म मिथिला शीर्षक भएको हुँदा शीर्षक र सार्थक रहेको उपयुक्त देखिन्छ ।

### निष्कर्ष

मिथिलाको परिचय अनि प्रस्तुतिका सन्दर्भमा वाल्मीकिको लेखन र दशरथको सन्दर्भको बयान गर्नु यस निबन्धको निष्कर्ष हो बौद्धिक सन्दर्भ भन्दा धेरै समय पछिको सूचना मात्र यस पुराणले प्रदान गर्छ भन्ने कुरा वेदका जनक र परशुराम आदिका सन्दर्भ सूचित नभएका प्रमाणहरूका क्रममा आफ्ना मत उभ्याउँदै निबन्ध अगाडि बढेको देखिन्छ । इसापूर्वको एक सहस्राब्दीको आसपासको बिदेह सभ्यताको समय थियो भन्ने निष्कर्षमा पुग्ने प्रयत्न यस निबन्धमा गरेको पाइन्छ ।

## ४.४ कस्तो थियो त्यो राम राज्य ? निबन्धको विश्लेषण

### (क) विषयवस्तु

निबन्धकारले यस निबन्धमा संस्कृतको पहिलो भनिने महाकाव्य वाल्मीकिय रामायणमा वर्णित राम-राज्यबारे हिन्दू मानसमा अचम्मका तिलस्मी धारणाहरू पाइने कुरा व्यक्त गरेका छन् । कतै-कतै देशको या गाउँको राम्रो व्यवस्था देखे रामराज्य अन्न, गोरस, फल-फूल आदिको प्रचुरता देखे रामराज्य, समयसमयमा पानी परे, प्राकृतिक प्रकोप सहन नपरे रामराज्य, नियाँ निसाफ राम्रो देखे रामराज्य, आधुनिक युगको राजनीति गर्ने गान्धी रामराज्यको गुणागान गरेर थाक्दैनन् (प्रश्रित, २०४७ : २४) । करपात्री स्वामीले त 'रामराज्य परिषद्'को गठन गरेर भारतमा संसदीय व्यवस्थाको सट्टा राम राज्य व्यवस्था कायम गर्ने प्रयास गरेका थिए । राम राज्यवादी गान्धीको आलोचनामा राहुल सांकृत्यायनले 'गान्धी र रामराज्य' भन्ने ठूलो ठेली लेखेर साम्यवादलाई सकेसम्म खसाली संसारमा रामराज्यभन्दा ऐतिहासिक सन्दर्भ, वेद, रामायण, पुराण

जस्ता ग्रन्थहरूको वर्णन निबन्धकारले प्रस्तुत गरेको देखिन्छ । भगवान् राम, सीता तथा दशरथ अनि रामायणमा उपस्थित पात्रहरूको संयोजनमा यस निबन्धको विषयवस्तु केन्द्रित देखिन्छ । रामायण कालीन सभ्यताको परम्परा, समाज, संस्कृति र जीवन मूल्यका पक्षहरू प्रश्रितको यस निबन्धमा पाइन्छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्ध कस्तो थियो त्यो राम राज्यमा रामलाई विष्णुका अवतार मानेर अन्ध रूपले पुज्ने विनातर्क र चिन्तन शास्त्र अनि परम्परालाई आँखा चिम्लेर शिरोपर गर्ने, आर्य-विस्तार र प्रमुखको अन्य धारणाले दायाँ-बायाँ केही नहेर्ने भाव झल्किएको देखिन्छ । रामले न्याय देख्ने र अरू जातिमाथि परेका पीरमर्कालाई वास्तै नगरी ती गैर आर्य, गन्धर्व, असुर राक्षस हुनाले स्वाद भेटे भन्ने आदि जस्ता ज्यादै विवेकहीन, एकल्काँटे, मूढाग्रही, बुद्धु र लकीरका फकीर अन्ध भक्तहरूले परजीवि र शोषणहरूको हित अनुरूप सङ्गठित दासप्रथा र सान्तवादी परम्परा अंगालेका र कल्पनाका काव्यात्मक अतिशयोक्तिपूर्ण उडान भरेर नै रामराज्यवादी संस्कारको निर्माण गरेका हुन् । उनीहरूले त्यसो गर्नु अस्वाभाविक हैन (प्रश्रित, २०४७ : ३३) । यस निबन्धमा रामलाई आराध्यदेव मान्ने तर रामले गरेका युद्ध तथा नराम्रा कार्यहरूमा कहीँ कसैले पनि ध्यान नपुऱ्याउने प्रवृत्ति देखापरेको पाइन्छ । परजीवि पुरोहित, बाहुन, आक्रामक क्षत्रीयहरू, धनाढ्य वैश्यहरू सहितको शासक शोषक वर्ग र रामका आफ्ना भाइ भतिजा, मामा आदिको निम्ति राम राज्य हुनसम्मको राम्रो थियो तर गरीब श्रमजीविहरू, दासहरू, कमजोर छिमेकी राज्य, निर्धा र स-साना जनजातिहरू आदि आदिका निम्ति साह्रै नै कठोर र अत्याचारपूर्ण थियो । यसरी व्यङग्यात्मक रूपमा राम राज्य भन्ने भाव प्रस्तुत निबन्धमा निबन्धकारले व्यक्त गरेको देखिन्छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्ध विवरणात्मक शैलीमा लेखिएको छ । 'नियाँ निसाफ (पृ.२४), पुरोहित (पृ.२६), धुवाँधार (पृ.२८), दण्ड (पृ.३०), तपस्या (पृ.३२), कथ्य (पृ.३४)' जस्ता झर्रा तथा न्यायिक शब्दहरूको प्रयोग यस निबन्धमा पाइन्छ । धेरै जसो प्रश्नवाचक चिन्हहरूको प्रयोग पनि यस निबन्धमा पाइन्छ । कस्तो थियो त्यो राम राज्य ? निबन्धकारले शीर्षकमा नै प्रश्नबाचक चिहनको प्रयोग गरेको देखिन्छ । लेखकको कल्पनाशील तथा प्रवाहमय शैलीमा विभक्त प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज र औचित्यपूर्ण देखिन्छ ।

**(घ) शीर्षक**

प्रस्तुत निबन्ध कस्तो थियो ? त्यो राम राज्य ? मा शीर्षकको सुरुमा प्रश्नवाचक चिन्ह खडा गरी निबन्धकारले राम राज्यलाई वर्णन गर्न खोजेको देखिन्छ । संस्कृतको पहिलो भनिने महाकाव्य वाल्मीकिय रामायणमा वर्णित राम राज्यबारे हिन्दू मानवमा बेतुकका धारणाहरू पाइने विचार निबन्धकारले व्यक्त गरेको देखिन्छ । रामराज्यको ऐतिहासिक सन्दर्भ, राम राज्यः काव्यात्म रूप र यथार्थ, राम, गीता, रामायण आदि पौराणिक पात्रहरूको वर्णन समेत निबन्धमा व्यङ्ग्यभएको हुँदा यो निबन्धमा रामराम  कस्तो थियो भन्ने झल्काएकाले निवन्धको शीर्षक सार्थक देखिन्छ ।

**निष्कर्ष**

यस निबन्धमा गरीब श्रमजीविहरू, दासहरू, कमजोर छिमेकी राज्यहरू, निर्धा र स-साना जनजातिहरू आदिका निम्ति साह्रै नै कठोर र अत्याचारपूर्ण थियो त्यो राम राज्य भन्ने निष्कर्ष निबन्धकारले निकालेको देखिन्छ । इतिहास र तत्कालीन समाज र संस्कृतिको अध्ययन गर्दा, रामायण, पुराण आदि साक्षीहरू बकाउँदा निस्कने निचोड यही हो । त्यस्तो विस्तारवादी राम राज्यलाई पनि ब्रिटिस सामाज्यवादका विरोधी गान्धीले किन आदर्श बनाए र हाम्रा ठूलावडा भनिने नेताहरू समेत किन त्यसको गुनगान  गर्छन । त्यो ज्यादै गम्भीरतापूर्ण तरिकाले सोच्नुपर्ने निष्कर्ष निबन्धकारले निकालेको पाइन्छ  ।

## ४.५ भगवान्को राज्य निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धको विषयवस्तु धार्मिक चिन्तनमा आधारित रहेको देखिन्छ । भगवान्को राज्य कहाँ छ ? प्रश्नवाचक वाक्यको प्रयोग गरी निबन्धकारले यस निबन्धको सुरुवात गरेको पाइन्छ । भगवान् सबै ठाउँमा छन् भनी गुरुले शिष्यलाई प्रश्न गर्दा शिष्यले भनेछन् 'उसो भए दिशा पिसाब कहाँ गर्ने ?' पाप भनेको के हो ? धर्म कसरी प्राप्त हुन्छ भन्ने जस्ता प्रश्नहरूको सेरोफेरोमा यो निबन्धको विषयवस्तु केन्द्रित देखिन्छ । मानिस मर्दा भगवान्को जति पुकारा चल्छ, जँन्मदा त्यस्तो देखिन्न । खुसी र सम्पन्नताको बेलामा कसैलाई पनि भगवान्को खाँचो पर्दैन । एउटा मेसिनले राम्रो काम नगरेसम्म त्यो चलाउने मानिस भगवान् सम्झने फुर्सदमा हुन्न । मेसिन अलिकति  बिग्रेको कारण बुझ्न सके र त्यसको र त्यसको मर्मत गर्न सके ऊ आफ्नै प्राविधिक काममा ढुक्क  हुन्छ । तर मानिसले त्यसबेला भगवान् सम्झेर टाउको ढोग्छ जब कुनै पनि उपायले मेसिन ठीक हुँदैन (प्रश्रित, २०४६ : ४१) । अतः भगवान् दुःखमा मात्र हुने

तर सुखमा कसैले नसम्झने हुँदा भगवान्‌को राज्यको कल्पनामा मात्र हुने विचार निबन्धकारले व्यक्त गरेका छन् । अन्धविश्वासको सञ्जालमा अल्मलिएका पक्षहरू हाम्रो सामाजिक जीवनमा सामाजिक भ्रम अन्धविश्वासका सञ्जालहरू बनेर अल्मलिएको र ती सञ्जालहरूले समाजलाई अगाडि बढाउन नसक्ने र भगवान्‌को उपस्थितिसम्म नभएको कुरा यस भगवान्‌को राज्य निबन्धको विषयवस्तु बनेको देखिन्छ ।

**(ख) भाव वा विचार**

यस निबन्धको मूल भाव भनेको भगवान्‌को राज्य यहाँछ जहाँ अज्ञान छ, अन्धकार छ, जहाँ मान्छे आफ्नो शक्ति र सामर्थ्य चिन्न नसकेर अरूको अघि झुक्न आँसु चुहाउन बाध्य भएको कुरा देखिन्छ । पृथ्वीमा जहाँ शोषक र अत्याचार छन्, तिनीहरूकै गद्दीमा बसेर कमारा र भोकाहरूमाथि भगवान्‌ले राज्य चलाउँदा जहाँ अत्याचारी लोग्नेहरू छन्, तिनकै स्वास्नीको चुल्ठो समाएर भगवान्‌ले आफ्नो दुःशासनले पौरुषको प्रमुख देखाउँछ । तर पुराणका काल्पनिक कथाहरूमा बाहेक ती गरिबहरू, कमाराहरू, बालकहरू र नारीहरूको रक्षा भगवान्‌ले गरेको आजसम्म कहीँ सुनिएको छैन (प्रश्रित, २०४७ : ४१) । अहिले मानवको ज्ञान र सामर्थ्यको सीमा क्षेत्र बढ्दै जाँदा भगवान्‌का प्रतिनिधि बनेका अत्याचारीहरूका जार जति जति उखेलिँदै छन्, त्यति त्यति भगवान्‌को राज्यसत्ता पनि उखेलिँदैछ र सीमा साँघुरिँदैछ भन्ने भाव निबन्धकारले भगवान्‌को राज्य निबन्धमा व्यक्त गरेको देखिन्छ । भगवान् दुःखमा मात्र भएको हुँदा भगवान्‌को साक्षात स्वरूप नभएको विचार पनि निबन्धकारको दृष्टिकोण रहेको पाइन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धलाई निबन्धकारले आत्मपरक शैलीमा लेखेको देखिन्छ । भगवान्‌को राज्य कहाँ छ ? भन्ने प्रश्नवाचक चिह्नको प्रयोग गरी सुरु गरिएको वाक्य यस निबन्धमा देखिन्छ । यस निबन्धमा भजनकीर्तन (प.३६), तँ 'मालिक' भएस्, तँ कमारो भएस्, तँ सुनको महलमा बसेस्' छल प्रपञ्च, कज्याउन, प्राणवायु, अक्सीजन, (पृ.३६), हाइड्रोजन बम, अग्निदेवता, वायुदेवता, चन्द्रमादेवता, (पृ.४०) आदि धार्मिक, झर्रा, तत्सम, तत्भव र आगन्तुक शब्दहरूको समिश्रण पाइन्छ । निबन्धकारको कल्पनाशीलतामा, प्रवाहमय शैलीमा आत्मपक तरिकाले लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज र सम्प्रेषणीय रहेको देखिन्छ ।

### (घ) शीर्षक

'भगवान्को राज्य' निबन्धमा भगवान् अदृश्य शक्ति र उनको राज्य कहाँ छ ? भन्ने प्रश्नका साथ सुरु भएको देखिन्छ । निबन्धकारले भगवानको राज्य कहाँ छ ? भन्ने प्रश्न आफूलाई केटाकेटी उमेरदेखि नै मनमा उव्जन थालेको कुरा व्यक्त गरेको पाइन्छ । निबन्धकारलाई कसैले विश्वब्रह्माण्डका प्रत्येक कणमा उसको सत्ता देखाउथे भन्ने विचार व्यक्त गरेका छन् । यी सबै कुराहरूको खुल्दुलीमा निबन्धकारले निबन्धको सिर्जना गरेकाले यस निबन्धको शीर्षक सार्थक र औचित्यपूर्ण रहेको देखिन्छ ।

### निष्कर्ष

निबन्धकाले यस निबन्धमा अन्धकार, अज्ञान, असमानता जहाँ छ, त्यहाँ भगवान् हुन्छ, दुःखमा मात्र भगवान् हुन्छ, सुखमा हुँदैन भन्ने निष्कर्ष निकालेका छन् । मानिस मर्दा जति पुकारा चल्छ, जँन्मदा त्यस्तो देखिन्न । खुसी  सम्पन्नताको समयमा कसैलाई पनि भगवान्को खाँचो प्रदैन् । एउटा मेसिनले राम्रो काम गरेसम्म मानिसमा भगवान् सम्झने फुर्सद हुँदैन तर बिग्रेर नबन्दा भगवान् चाहिने विचार निबन्धकारले व्यक्त गरेका छन् । अहिले मानिसको ज्ञान र सामर्थ्यको सीमा क्षेत्र बढ्दै जाँदा भगवान्का प्रतिनिधि बनेका अच्याचारीहरूका जरा जति जति उखेलिँदै छन् त्यति त्यति राज्य सत्ता पनि उखिलिँदै र साँघुरिँदैछ भन्ने निष्कर्ष यस निबन्धमा निवन्धकारले प्रतिपादन गरेका छन् ।

## ४.६ प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहार निबन्धको विश्लेषण

### (क) विषयवस्तु

प्रस्तुत निबन्धको विषयवस्तु सांस्कृतिक सन्दर्भमा ध्यान दिने वैज्ञानिक दृष्टिकोणसँग सम्बन्धित भएर लेखिएको देखिन्छ । हामीलाई विद्यार्थी जीवनमा जब दुई चारवटा प्रगतिशील कुराहरू पढ्दछौ । त्यसबेला हामीलाई संसारै जाने जस्तो लाग्दछ । त्यही अधुरो जब आफुभन्दा कम पढेका र अशिक्षित जनता परम्परादेखि धेरै रुढी र अन्धविश्वासहरू चलेर आएका छन् । तिनले जनताको बानी वेहोरामा असर पारेका  छन् । त्यो देख्दा हामीलाई खपिसक्नु हुन्न । बुढा गोरुहरू देख्दा डुक्रने बहर बाछा झै डुक्रेर स्युरी खेल्न थाल्छन् । बहर बाछालाई लाग्छ म संसार सारा पहाड उछिनेर पल्टाउन सक्छु (प्रश्रित, २०४७:४३) । जोगीलाई देख्दा झपार्ने प्रवृत्ति, तीर्थयात्रीलाई देखे झम्टने, धामी झाक्रीलाई झपार्ने, पुरोहितप्रतिको हाम्रो आक्रोश आदि समाजमा देखापर्ने व्यवहारहरू हुन् । प्रगतिवाद परिवर्तनको सिद्धान्त हो । यसले आजको युगलाई काम नलाग्ने र अगाडिको बाटो छेकिदिने सबै कुराको विरोध गर्छ र आज चाहिने सबै कुरा लिन्छ । तर पुरानोको विरोध र नयाँको समर्थन गर्ने यसका साह्रै लचिला, व्यवहारिक र वैज्ञानिक

नियमहरू छन् । अल्प सङ्ख्यक प्रगतिशिल तत्वलाई मन नपरेर उनीहरूले स्युरी खेल्दैमा पुरानो संसार नभत्कने विचार प्रस्तुत निबन्धको विषयवस्तु बनेको छ । नयाँ व्यवहारहरूले पुरानालाई पूर्णरूपमा पछाडि पार्न नहुने कुरा समेत यस निबन्धको विचार बनेको देखिन्छ ।

### (ख) भाव वा विचार

यस निबन्धमा विभिन्न काल खण्डमा अनेकौं विसङ्गतिका कारण समाजले ब्यवहारिक र अब्यवहारिक विभिन्न सांस्कतिक र विकृति सामनाका पक्षहरू निर्माण गर्दै र हुर्काउँदै गएको विचार व्यक्त छ । त्यसरी हुर्किएका कतिपय पक्षहरू वैज्ञानिक र प्रगतिशील तथा व्यवहारिक पनि हुन्छन् र कतिपय पक्षहरू अव्यवहारिक पनि हुन्छन् । यस दृष्टिले निरूपण नगरीकन मुढेबलका भरमा विचारका डङ्का मात्र पिट्ने हो भने विचारले व्यवहारिक र संयमित स्वरूप धारण गर्न नपाउने साथै विश्वसनीयताको अवस्थामा रूपान्तरित हुन सक्दैन । विश्वका जुनसुकै पनि संस्कारमा जरा गाडेर बसेका विकृतिहरू परिवर्तित भई ढाल्दैनन् । यस्ता पक्षहरूमा परिवर्तन ल्याउन संयमित विवेकपूर्ण र वैज्ञानिक चिन्तनका कोणहरू पहिल्याउँदै निष्कर्ष निकाल्नुपर्ने भाव यस निबन्धको रहेको पाइन्छ ।

### (ग) भाषाशैली

यो निबन्धको भाषाशैली आत्मपरक शैलीमा विभक्त छ । विभिन्न ठेट तथा झर्रा शब्दहरूको समिश्रण यस निबन्धमा पाइन्छ । लेखकको कल्पनाशीलताको बेजोड संगमका साथै प्रवाहमय शैलीमा निबन्ध अगाडि बढेको छ । विभिन्न उखान टुक्काहरू समेत निबन्धमा उल्लेख भएका छन् । 'फुस्रा भुस्तिग्रे' ठगाहा, पाखण्डी, कुम्ले अन्धाहरू (प्रश्रित, २०४७ : ४४) । आदि । ग्रामीण भेगमा रहने गाउँका मुखिया, जिमुवाल, पञ्च, राजा, रजौटा, अल्पविघा भयङ्करी, (ऐजन, ४७) अनि विभिन्न भनाइहरू "पृथ्वी सोमनाथको टाउकामा अडिएको छ", छोड राहु छोड, बहदु तिम्रो बाबु राहु कहाँ छ र छोड्छ, भगवान्लाई त यस्ता विपद, पर्छन भने हामीलाई त के ( ऐजन, ४९) जस्ता शब्दहरू यस निबन्धमा प्रयोग भएकोले यस निबन्धको भाषाशैली सरल तथा ग्रामीण संस्कृतिसँग मिल्दो देखिन्छ ।

**(घ) शीर्षक**

प्रस्तुत निबन्धको शीर्षक प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहार हो । प्रगति भनेको उन्नति वा विकास र सिद्धान्त भनेको त्यसका नीति नियम हुन् । त्यसै गरी समाजमा हुने गरेका चालचलन रीतिरिवाज तथा संस्कृतिहरू नै सामाजिक व्यवहार अथवा समाजका कामकाजहरू हुन् । समाज परिर्वतनको लागि आवश्यक सिद्धान्त र त्यसले समाजमा पार्ने असरको बारेमा केन्द्रित यस निबन्धको शीर्षक सुहाउँदो देखिन्छ । प्रश्रितले प्रगतिवाद कुनै धार्मिक आग्रह र मतवाद नभई संसारका सबै सिद्धान्तहरूमा सबभन्दा बढी जनप्रिय हुन सक्छ भनेका छन् । समग्रमा सिद्धान्त र व्यवहारहरूलाई मिलाएर लैजाँदा समाज सुधार हुन सक्छ भने अभिव्यक्ति यस निबन्धले प्रवाह गरेको र शीर्षक पनि प्रगतिवादी सिद्धान्त र सामाजिक व्यवहारहरू भएकाले शीर्षक सार्थक देखिएको छ ।

**निष्कर्ष**

यस निबन्धमा विश्वका जुनसुकै पनि संस्कारमा जरा गाडेर बसेका सामाजिक, धार्मिक, सांस्कृतिक, संवेग र रोमान्टिक विद्रोहात्मक अभियानका कारणबाट युगौदेखि जरा गाडेर विकृतिहरू परिवर्तित भई नहाल्ने तथा यस्ता पक्षहरूमा सुधार ल्याउन संयमित, विवेकपूर्ण र वैज्ञानिक विचिन्तनका कोणहरूबाट परिवर्तन गर्नुपर्दछ भन्ने निष्कर्ष निबन्धकारले निकालेको देखिन्छ । हाम्रो समाजमा आधुनिक विज्ञानको प्रचार प्रसार नभएको र आसलाग्दो भविष्यको कुनै विकल्प देखा नपरेको अवस्थामा निश्चय पनि जनतामा धर्म र परलोकप्रति बढी आस्था छ । दुःख र विपद्का बीचमा सन्तोषको सास फेर्ने आधार नै उनीहरूको त्यही भएको छ । 'तग्दीरमा लेखेको कुरा' 'भाग्यको फल भनेर' चित्त नबुझाई हामीले सोच विचार नगरी हत्तपत्त जनताका धार्मिक भावनामा सिधै प्रहार गर्दा जनताले आफूलाई ठूलो आक्रमण सम्झने हुँदा समझदारीबाट काम गर्नुपर्ने निष्कर्ष प्रश्रितले यस निबन्धमा निकालेको पाइन्छ ।

## ४.७ होस पुऱ्याएर बोलौँ  निबन्धको विश्लेषण

### (क) विषयवस्तु

यस निबन्धमा निबन्धकारले मान्छेले बोल्ने बेलामा विचार नपुऱ्याउने हो भने भावनाका पक्षहरू सकारात्मक रहँदा रहँदै पनि बोलीबाट प्रकटता आइपुग्दा नकारात्मक अर्थ अभिव्यक्त हुने स्थितिमा समेत परिणत हुन पुग्छ । त्यसैले समाजमा रहेका अन्धविश्वास र कुरीतिहरूलाई आफ्नो निबन्धमा समावेश गरेर व्याख्या गर्ने कुराहरू यस निबन्धको विषयवस्तु बनेको छ । एउटा गलत शब्दले कसैको जीवन बर्बाद गर्न सक्छ । 'मुखमा जे आयो प्याच्च नबोल्नू, विना प्रमाण शङ्काको भरमा कारवाही नगर्नू' । बुढापाकाहरूले आफ्ना जीवनभरका अनुभवहरूको निचोड निकाल्दै यस्ता अनेकौं सुत्रवद्ध अर्तीहरू छोडेर जाने गरेका छन् । हामीले आफ्नै पुर्खाहरूले श्रम पसिना र विवेक बुद्धिले आर्जेका यस्ता अनुभवहरूबाट राम्ररी शिक्षा लिने बानी बसालेमा आफ्ना अनुभवको कमीबाट हुने अनेकौं गल्तीबाट बच्न सक्नेछौं र जे कुरामा पनि विदेशीहरूकै अनुभवको नक्कल गर्ने रोगबाट बच्ने छौं (प्रश्रित, २०४७ : ५५) । भन्ने विषय यस निबन्धमा समावेश गरेका छन् । समाजमा हुने गरेका सामाजिक व्यवहारहरूलाई सन्देशमूलक रूपमा व्यक्त गर्नु यस निबन्धको विषय बन्न पुगेको छ । रिसको झोकमा मुखमा जे आयो त्यही बोल्दा अथवा कुनै कुराको गम्भीरता र त्यसको भावी परिणामतिरै ध्यानै नदिई प्याच्च बोल्दा त्यसको नतिजाले असङ्ख्य दुःख पाएका मानिसहरू हामी जता पनि भेट्छौ । बुद्धि नपुऱ्याई बोलिएको एउटा मात्र शब्दले बोल्ने व्यक्तिको बोली पाउने व्यक्तिको अथवा दुबै जनाको जीवन बर्बाद भएको हामीले देखेका छौं । यसरी समाजमा बोलिने गरिएका शब्दहरू र त्यसले पार्ने प्रभावका बारेमा यस निबन्धलाई निबन्धकारले विषयवस्तु बनाएको पाइन्छ ।

### (ख) भाव वा विचार

निबन्धकाले यस निबन्धमा हाम्रा व्यक्तिगत भावना र आचरणहरू नितान्त एक्लैले उपभोग गर्ने स्थितिहरू हुँदाहुँदै पनि ती स्थितिहरू प्रकटमा हुँदा र तिनको प्रयोगको चरणमा आउँदा नयाँ समाजका अन्य क्षेत्रमा पर्न सक्ने दुर्भावहरू आउँदाको परिणामबारे सतर्क रहनुपर्ने विचार व्यक्त गरेका छन् (सुवेदी,  २०६८ : ५४१ । हामीले जीवनका विभिन्न क्षेत्रमा काम गर्दा निश्चय नै विभिन्न मानिसका बानी, बेहोरा र स्वभाव, चरित्र, चिन्तन, व्यवहार आदि यावत कुराहरू चिन्नुपर्ने हुन्छ । तिनका गल्ती, कमजोरी, विशेषता र त्यसका पनि मात्रा छुट्याउनुपर्ने हुन्छ । कसैले देखेको भरमा कसैको अनुहारबाट, सुनेको भरमा, सामान्य बाहिरी चालढाल वा स्वभावको भरमा कसैको कोही नातागोता या कुनै कामको सम्पर्कको मान्छे भएको आधारमा विना प्रमाण कारवाही गर्न नहुने भाव यस निबन्धले देखाएको छ । कौवा कराउँदै जान्छ, पिना

सुक्दै जान्छ भने झै न हाम्रा पुर्खाहरूले भनेको कुरा वा अर्तीको केही अर्थ हुन्छ न किताबी ज्ञानको वा आफ्नै जीवनका अनुभवहरूको (प्रश्रित, २०४७ : ५६) भन्ने भाव यस निबन्धमा पाइन्छ ।

सामाजिक तथा सांस्कृतिक मर्यादाको संरक्षणका निम्ति अप्रिय परिणतिको सिकार कसैले पनि बन्नु नपरोस् भन्नका लागि पनि मनका दुराशयलाई प्रकटता आउनुबाट रोक्नुपर्छ भन्ने कुरा यस निबन्धको भाव वा विचारका रूपमा प्रस्तुत गरिएको छ ।

**(ग) भाषाशैली**

'मुखमा जे आयो प्याच्च नबोल्नू, विना प्रमाण शङ्काको भरमा कारवाही नगर्नू ।' ( पृ.५५), 'काग कराउँदै गर्छ पिना सुक्दै जान्छ' पृ.६०) भन्ने यस 'होस पुऱ्याएर बोलौं' निबन्धमा विभिन्न उखान टुक्काहरूको प्रयोग गरिएको छ । निबन्धकारले विभिन्न अलङ्कारहरूको प्रयोग गरी समाजमा के के, भोगेका, जाने बुझेका यावत घटनाहरूलाई प्रवाहमय शैलीमा कल्पनाको बेजोड प्रस्तुतिका साथ अगाडि बढाएका छन् । सुन्दर शब्द संयोजन गरी तयार पारिएको यस निबन्धको भाषा सरल, सम्प्रेषणीय र सुन्दर रहेको छ भने सामान्य शैलीमा विभक्त रहेकोले पढ्न तथा बुझ्न सहज देखिन्छ । समाज सुधारको अपेक्षा गरी लेखिएको यस निबन्धको भाषाशैली आत्मपरक शैलीमा विभक्त देखिन्छ ।

**(घ) शीर्षक**

विचार पुऱ्याउनुपर्ने अन्यथा ठूलो नोक्सानी समेत बेहोर्नु पर्ने यस निबन्धमा निबन्धकारले यस निबन्धको सुरुमा एउटा गलत शब्दले विना प्रमाण शङ्काको भरमा कारवाही नगर्नू, भन्ने शब्दको प्रयोग गरेका छन् । होस पुऱ्याएर नबोल्दा हुन सक्ने सम्भावित घटनाहरूबाट बच्न विचार पुऱ्याउनुपर्ने विचार यस निबन्धमा पाइन्छ । रिसको झोकमा मुखमा जे आयो त्यही बोल्दा अथवा कुनै कुराको गम्भीरता र त्यसको भावी परिणामतिर ध्यानै नदिई प्याच्च बोल्दा त्यसको परिणाम नराम्रो हुन्छ । बुद्धि नपुऱ्याई बोलिएको एउटा मात्र शब्दले व्यक्तिको बोली पाउने व्यक्तिको अथवा दुबै जनाको जीवन बर्बाद भएको पनि हुन्छ । होस नपुऱ्याई बोल्दा गम्भीर परिणाम समेत भोग्नुपर्ने हुन्छ । यिनै विषयवस्तुको सेरोफेरोमा लेखिएको निबन्धको शीर्षक सार्थक रहेको पाइन्छ ।

**निष्कर्ष**

प्रस्तुत निबन्धको निचोड भनेको होस नपुऱ्याई बोल्नु हुँदैन भन्नु हो । हामीले जीवनका विभिन्न क्षेत्रमा काम गर्दा निश्चय नै मानिसका बानी व्यहोरा, स्वभाव, चरित्र, चिन्तन, व्यवहार आदि सारा कुरा सिक्नुपर्ने हुन्छ, तिनका गल्ती, विशेषता र त्यसमा मात्रा समेत छुट्याउनु पर्छ । ती कुराबाट निस्कने परिणामतिर ध्यान पुऱ्याउनु जरुरी हुन्छ । जीवनमा भोगेका, देखेका कुराहरूलाई बुझेर मात्र बोल्नुपर्ने तथा देखेको भरमा, कसैको कोही नातागोता भएको भरमा, विना प्रमाण बोल्न हुँदैन भन्ने निष्कष यस निबन्धले निकालेको पाइन्छ ।

## ४.८ आधुनिकताः एक चर्चा निबन्धको विश्लेषण

### (क) विषयवस्तु

निबन्धकारले यस निबन्धलाई व्यवहारमूलक निबन्धको कोटिमा राखेका छन् । आधुनिकताको लहर आज विश्वव्यापी छ र त्यसको हावा हाम्रा शहर बजार गाँउका युवाहरूसम्म पनि आइपुगेको छ । निबन्धकारले आधुनितकताको सारतत्व के हो र परिवर्तित विश्व सन्दर्भमा त्यसले कुन रूप र अर्थ लिएको छ भन्ने विषयवस्तुलाई निबन्धमा समेटेको पाइन्छ । हाम्रा धेरैजसो मानिसमा आधुनिकताको प्रभाव नकारात्मक रूपमा विकसित भएको कुरा निबन्धकारले व्यक्त गरेका छन् । मानिसका निम्ति नँया नँया फेसन, सिँगारपटार, खर्चिलो तडक भडक, बढ्दो बजारको झिलिमिली, पश्चिमी सङ्गीत, नाचगान र मदिराको रमझम, परम्पराको अनियन्त्रित्र उलङ्घन, प्रेम र यौनको छाडापन, विज्ञापन नक्कलवाजी, सिनेमा, भिडियो, टेलिभिजन, नँया मोटलको कार, मोटसाइकल, विमान, पूँजीवादी देशहरूको भ्रमण र भोगविलास आदि जस्ता कुरा नै आधुनिकता बनेका देखिन्छन् (प्रश्रित, २०४७ : ६१) । समाजमा हुने गरेको आधुनिकताको लहर त्यसबाट देखिएका सकारात्मक र नकारात्मक विचार बिम्बहरूलाई निबन्धकारले यस निबन्धको विषयवस्तु बनाएका छन् ।

समग्रमा यस निबन्धमा निबन्धकारले आधुनिकताको अर्थ पश्चिमाहरूको अनुसरण हो भने अर्थ लगाएर आ-आफ्नै मौलिकताहरू नपहिल्याई तिनै पश्चिमेलीहरूको कु-प्रभावमा होमिनुलाई आधुनिकता मान्ने परम्परा विद्यमान भएको कुराका साथै अज्ञानताका पुञ्जहरूमाथि प्रहार गरी यसको विषयवस्तु चयन गरेका छन् (सुवेदी, २०६८ : ५४६) । आधुनिकताको कारणबाट उत्पन्न सकारात्मक र नकारात्मक पक्षहरूलाई यस निबन्धको विषयवस्तु बनाएको पाइन्छ ।

**(ख) भाव वा विचार**

निबन्धकारले आफ्नो मौलिकता एवम् परिवेश अनुरूप आधुनिकता ग्रहण गर्नुपर्ने विचार राखेका छन् । लहैलहैमा लागेर अर्काको पछाडि दौड्नु भन्दा पहिले बहुसङ्ख्यक जनताले सोच्नुपर्ने हुन्छ । इतिहास पल्ट्याउँदै जाँदा विभिन्न देशहरूले सामन्तवाद र उपनिवेशवादलाई जरैदेखि गुल्टाउन जुन ठूल्ठूला क्रान्तिहरू चलाए ती हामीले गहिरोसँग सिक्नुपर्ने पाठ हुन् । त्यँहाको पुर्नजागरण क्रान्ति र निर्माण कालका साहित्य, कला, विचार संस्कृतिहरू आज पनि हाम्रो निम्ति धेरै हदसम्म प्रेरक तत्व हुन सक्छन् । त्यँहाका ज्ञान विज्ञान तथा प्रविधिका महानता खोज तथा आविष्कारहरू हाम्रो नँया युगको द्वार खोल्न सहयोगी हुनेछन् (प्रश्रित, २०४८ : ७२) । आधुनिकताको ढोका खोल्न चाहनेहरू सबैबाट सिक्नुपर्छ, सबैका अनुभव र सहयोग पनि लिनुपर्छ तर त्यो समग्र रूपमा अरू देशबाट होइन । त्यो मूलतः आफनै जनताका श्रमले, आफ्नै देशमा जन्मेको आफ्नो युग र समाज सुहाउँदो विचार, राजनीति, अर्थ व्यवस्था, कला, संस्कृति, शिक्षा, विज्ञान, प्रविधि आदि सहितको त्यस्तो सिङ्गो जीवन पद्धति हो, जो सम्पूर्ण जनताका समान सुख, उन्नति र सुखियालीतिर अग्रसर हुन्छ (ऐजन) । आधुनिकता भनेको यथार्थता हो, वैज्ञानिकता हो, सत्यको निकट परिधिमा रहेर विषय ज्ञानलाई आकलन गर्नु र त्यस ज्ञानको सत्यापन गरिएको स्थितिको उद्घाटन गरिनु आधुनिकता हो (सुवेदी, २०६८ : ५४६) । पूँजीवादको भ्रमजालमा गाजिएको वाह्रय समाजको आकृति र तड्कभडकलाई मात्र आधुनिकता ठान्ने र वैज्ञानिक ढङ्गले विचार गरेर सार तहमा नपुगी रूपगत सतहको जालेमाले अवस्थामै सीमित बनाउने बोक्रे ज्ञान आज आधुनिकताको ठेकेदार बनेर रहेका कुरा पनि यस निबन्धले आफ्नो भावमा व्यक्त गरेको छ (ऐजन) ।

**(ग) भाषाशैली**

यस निबन्धमा निबन्धकारले अनौपचारिक मनोविनोदात्मक र रमाइलो, छोटो, मिठो भाषाशैलीको प्रयोग गरेका छन् । विषयवस्तुको सङ्गठन र तिनको सौन्दर्य विनयशीलको यान्त्रिक सहजताले यस निबन्धलाई घनिभूत तुल्याएको छ । व्यवहारिक यस निबन्धमा निबन्धकारले आफ्नो कल्पनाशीलतालाई सरल प्रवाहमय शैलीमा सारगर्भित तरिकाले व्यक्त गरेका छन् । आधुनिकतालाई चिरफार गरेर निबन्ध सिर्जना गरेकोले यो निबन्धको भाषाशैली वर्णनात्मक शैलीमा विभक्त देखिन्छ । सिनेमा, भिडियो, मदिरा (पृ.६१) जस्ता आगन्तुक शब्दहरू पनि यस निबन्धमा  देखिएका छन् ।

**(घ) शीर्षक**

आधुनिकता शब्दले पुरानो कुरालाई परिष्कृत गरी अगाडि बढ्ने अर्थ दिन्छ । यस निबन्धकारले यस निबन्धमा आधुनिकताको लहर आज विश्वव्यापी छ र त्यसको हावा हाम्रा सहरबजारमा आइपुगेको छ भन्ने वाक्यका साथ निबन्धको सुरुवात गरेका छन् तर आधुनिकताको वास्तविक सारतत्व के हो र परिवर्तित विश्व सन्दर्भमा त्यसले कुन रूप र अर्थ लिएको छ, त्यसको स्पष्ट समझदारी भने आधुनिकतामा रङ्गीन खोजेका हाम्रा धेरैजसो मानिसमा देखिन्छ (प्रश्रित, २०४७:६१) । नँया नँया फेसन, सिङगारपटार, खर्चिलो तडकभडक, बढ्दो बजारको झिलीमिली, पश्चिमी सङ्गीत, नाचगान र मदिराको रमझम, परम्पराको अनियन्त्रित उलङ्घन, प्रेम र यौनको छाडापन, विज्ञापन, नक्कलवाजी, सिनेमा, भिडियो, कार आदि सबैलाई निबन्धकारले आधुकिताको सन्दर्भमा देखाएकोले यस निबन्धको शीर्षक अनुकूल देखिन्छ ।

**निष्कर्ष**

निबन्धकारले यस निबन्धमा भनेका छन् 'आधुनिकताको ढोका खोल्न चाहनेहरूले सबैबाट सिक्नुपर्छ, सबैका अनुभव र सहयोगहरू लिनुपर्छ तर त्यो समग्र रूपमा अरू देशबाट आयात गरिने कुरा हैन ।' यस भनाइबाट के निष्कर्ष निकाल्न सकिन्छ भने आधुनिकतालाई समय सापेक्ष सुहाउँदो रूपमा अगाडि बढाउनुपर्छ अन्यथा विकृतिहरू पनि जन्मिन सक्छन् । आफ्नै जनताका श्रमले, आफ्नै देशमा जन्मेको, आफ्नो युग र समाज सुहाउँदो विचार, राजनीति, अर्थ व्यवस्था, कला संस्कृति, शिक्षा, विज्ञान प्रविधि आदि सहितको त्यस्तो सिङ्गो जीवन पद्धति हो जो सम्पूर्ण जनताका समान सुख, उन्नति र खुसीयाली तिर अग्रसर हुन्छ भन्ने निष्कर्ष निबन्धकारको देखिन्छ ।

**४.९ व्यक्तित्व र फेसन निबन्धको विश्लेषण**

**(क) विषयवस्तु**

यस निबन्धमा निबन्धकारले व्यक्तित्व र फेसनलाई समेटेर आफ्नो विषयवस्तु बनाएका छन् । समाजका विसङ्गत व्यवहारहरूलाई परिमार्जन गर्नुपर्ने तथ्यहरू अघि सारेका छन् । मानिसको रुचि परिवर्तनशील र विकासशील छ । नँयापन परिमार्जन, प्रयोग र आविष्कारले क्रमिक विकासमा मानिस, रमाउँछ र लागिरहन्छ । आजका आँखाले प्राचीन बोक्रा र भाङ्ग्रालाई अंगाल्ने कुरै हुँदैन । मानिसलाई शृङ्गार पटार गर्ने, रुचि जगाउने काम प्रवृत्तिले नै गरेको हुन्छ । शरीर, घर, कोठा, फूलबारी, कपडा, केश, बाटो, सडक, गाउँ, शहर, रेल, बस आदिको मर्मत,

सजावट परिष्कृत रुचि हो । चेतना आविष्कार, जनकल्याणकारी कामहरू आदि सबै रचिकै विषय हुन् । रूप र फेसनले सुरुमा झल्क्क देखिए पनि प्रतिभा नभएमा रूपको खासै अर्थ हुदैन । असीमित फेशनको स्रोत प्रायः अनैतिक रहेको हुन्छ त्यो प्रायः शोषक, व्यभिचार र भ्रष्टाचारको जगमा उभिएको हुन्छ (प्रश्रित, २०४७ : ७७) । फेसनको पछाडि हाम फालेर हिड्ने र आफ्नो व्यक्तित्वको ख्याल नगर्ने मानिसहरू धेरै हुन्छन् । तिनीहरूको चरित्र, स्वभाव, व्यवहार आदि कुरालाई समेटेर यस निबन्धको विषयवस्तु बनाएको पाइन्छ । व्यक्तित्व र फेसन सँगसँगै आफ्नो योग्यता र क्षमतालाई ध्यान दिनुपर्ने विषयलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा प्रश्रितले समाजका विसङ्गत व्यवहारलाई परिमार्जन गर्नुपर्ने तथ्यहरू अघि सारिएको छ । नेपाली समाजमा मात्र होइन, जनुसकै पनि विश्व समाजमा जेलिएर बसेका मूल्यहरू हाम्रो वर्तमानसँग पनि सम्बद्ध बनेर रहेका छन् । मानवजीवनका विविध कोण र आयामहरू पनि उकास्ने तर तथाकथित र कृत्रिम साधन प्रसाधनका आधारमा व्यक्तित्व विकसित गर्ने रोगबाट मान्छे ग्रस्त बनिसकेको छ भन्ने कुरा यस निबन्धले प्रस्तुत गरेको छ (सुवेदी, २०६८ : ५४३) । आफूलाई व्यक्तित्वशाली बनाउने मोहमा प्रत्येक कृतिमताको नक्कली मयूरको परिधानमा सजिन तयार हुन्छ र यस मै मुग्ध हुन्छ । फेसनबाट जन्माइएको र थप ऊर्जा प्रदान गरिएको व्यक्तित्वका सापेक्षतामा स्वाभाविक तथा आन्तरिक ऊर्जाबाट विकसित बनेको व्यक्तित्व बढी विश्वसनीय र प्रभावशाली रहन्छ भन्ने सत्य आजका मान्छेले भुलिसकेको हुन्छ । मान्छेमा निहित नैसर्गिक व्यक्तित्वको जुन किसिमको प्रभाव बाहिर प्रकट हुन्छ त्यही नै सही अर्थमा प्रभावशाली रहन्छ भन्ने कुरा यस निबन्धको निष्कर्ष हो (ऐजन) । 'अति भए पछि खति हुन्छ' भन्छन् जे पनि ठिक्क र सुहाउँदो हुन्छ । यदि कुनै पनि क्षेत्रको हामीमा काम गर्नसक्ने, प्रतिभा, योग्यता र जागर छ भने साधारण पहिरन र रहनसहनले पनि स्थायी र राम्रो पभाव दिन सक्छौं । यदि त्यो छैन भने फेशनले सगरमाथै चढेपनि अन्ततः अरूमा कुत्सित प्रभाव नै पर्छ (प्रश्रित, २०४७ : ७१) भन्न भाव यस निबन्धमा पाइन्छ ।

**(ग) भाषाशैली**

यो निबन्धको भाषाशैली सरल, सहज र सुन्दर देखिन्छ । विभिन्न उखान टुक्काहरूको प्रयोग यसमा पाइन्छ । कही कही लामा वाक्यहरूको गठन भए पनि बुझ्न सहज छ । निबन्धकारले प्रवाहमय शैलीमा कल्पनाको बेजोड सङ्गमका साथ उक्त निबन्धलाई प्रस्तुत गरेका छन् । वर्णनात्मक शैलीमा यस निबन्धलाई विभक्त गरिएको पाइन्छ । प्रस्तुत निबन्धमा 'अति भए पछि खति हुन्छ' भन्न उखान समेत देखिन्छ ।

(घ) **शीर्षक**

व्यक्ति र उसको क्रियाकलाप अनि उसले गर्ने फेसनको वकालत भएको यस व्यक्तित्व र फेसन निबन्धमा मानिसको व्यक्तित्व र फेसनको बारेमा चर्चा गरिएको छ । उत्कृष्ट प्रतिभा, उच्च बौद्धिकता, गहन विद्वता तथा प्रकृति आदि जस्ता व्यक्तित्व र सौन्दर्य, रूप, शृङ्गार जस्ता फेसनहरूलाई स्पष्ट पार्ने विषयवस्तुको छनोट यस निबन्धमा पाइन्छ । मानिसले आफ्नो खुबी अनुसारको फेसन प्रयोग गर्नुपर्ने नत्र फेसनको लहैलहैमा हिड्दा व्यक्तित्व खस्किने विषयवस्तु यस निबन्धमा रहेकोले शीर्षक सुहाउँदो देखिन्छ ।

**निष्कर्ष**

यस निबन्धले जुनसुकै कुरा पनि ठिक्क र सुहाउँदो राम्रो हुन्छ । यदि हामीमा कुनै पनि क्षेत्रको काम गर्न सक्ने प्रतिभा, योग्यता र जाँगर छ भने साधारण पहिरन र रहनसहनले पनि स्थायी र राम्रो प्रभाव दिन सक्छौ भन्ने निष्कर्ष निकालेको छ । राम्रो छैन भने फेसनले सगरमाथै चढे पनि अन्ततः अरूमा केही प्रभाव पर्छ । यदि हामीभित्र खाली फेसनले मात्र अरूमा प्रभाव पार्ने चाहनाहरू उठिरहन्छन् भने सम्झौं हामी सबभन्दा सही र प्रभावहीन मान्छे हो भन्ने भाव यस निवन्धमा पाइन्छ । अतः फेसनलाई भन्दा योग्यतालाई र कामलाई अघिल्लो पङ्क्तिमा राख्न सक्नुपर्ने निष्कर्ष यस निबन्धले निकालेको छ ।

**४.१० दुई पुस्ता फरक दृष्टिकोण साझा समस्या निबन्धको विश्लेषण**

(क) **विषयवस्तु**

निबन्धकारले सामाजिक जीवनका साझा समस्याको परिवृत्तमा यस निबन्धको विषयवस्तुलाई प्रस्तुत गरेका छन् । पुरानो र नँया पुस्ताको संङ्घर्ष नै आजको युगको प्रमुख द्वन्द्व हो भन्ने धारणा आजका कतिपय युवा बुद्धिजीविहरूले बोकेको पाइन्छ । झट्ट माथिबाट हेर्दा बुढो र तन्नेरी पुस्ताका कतिपय रुचि स्वभाव र प्रवृत्ति जस्ता कुराहरूमा अलिकति भिन्नता प्रायः सबै देशमा पाइन्छ तर गमभीरता साथ समग्र रूपले केलाएर हेरेको खण्डमा यस धारणाको अवैज्ञानिकता प्रष्ट हुन्छ । बढ्दो उमेर अनुसार युवाहरूमा नँया नँया कल्पना, स्वतन्त्रशीलता उमङ्ग रहर जस्ता कुरा मौलाउँदै जान्छन् तर उनीहरूमा व्यवहारिक अनुभवको कमी हुन्छ । अर्कातिर ढल्कदो उमेरका मानिसहरूमा अनुभवको मात्रा बढी हुन्छ र परिवार, समाजका अनेकौं समस्यासित उनीहरूले जुध्नुपर्ने हुनाले कल्पना र सपनाको रहरालु बानीले काम चल्न सक्दैनन् ( प्रश्रित, २०४७ : ८२) । यो निबन्धको विषयवस्तु सामाजिक जीवनका सामान्य समस्यताको परिवृत्तमा तयार भएकोले हाम्रो जस्तो समाजको सांस्कृतिक सङ्क्रमणमा जेलिएको पुस्ताका

तहहरूमा पहिलो पुस्ताबाट, दोस्रो पुस्ताबाट, तेस्रो पुस्तामा सङ्क्रमण हुँदा देखिने अझ थप भिन्नता र असम्झदारीहरू विश्वका जुनसुकै मुलुकमा सामाजिक र सांस्कृतिक नव पुस्ताका सन्दर्भमा साझा समस्याहरू भएको बताइएको छ (सुवेदी, २०६८ : ५४१) । युवा पुस्ता र बुढा पुस्ताहरूको फरक दृष्टिकोणलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ ।

**(ख) भाव वा विचार**

निबन्धकारले यस निबन्धमा दुई पुस्ताका फरक दृष्टिकोण र साझा सवाललाई प्रष्ट पार्ने काम गरेका छन् । नैतिक र सांस्कृतिक सन्दर्भहरू,आर्थिक र धार्मिक सन्दर्भहरू क्रमशः फेरिँदै गएका छन् । सहरको सापेक्षतामा गाउँ अझै विकासग्रस्त बनिरहेको, अझै सङ्क्रमणको सिकार बन्दै गएको कुरा यस निबन्धको सार बनेर आएको छ । वैचारिक दृष्टिले पुस्ताप्रति पूस्ताका नँया चिन्तन र नँया मूल्यका पक्षहरको उपस्थापन र रूपान्तरित स्थापना हुँदै जाने प्रक्रियाको निरन्तरतामा यदाकदा विषमताहरू पनि जन्मँदै जान सक्ने सम्भावनाका पक्षहरू उपस्थापन भएका हुन्छन् भन्ने निष्कर्ष यस निबन्धको रहेको पाइन्छ (सुवेदी, २०६८:५४२) । यसरी ऐतिहासिक र सामाजिक विविध कारणले पुरानो, र नँया पुस्ताका दार्शनिक समझदारीहरू फरक फरक भए पनि एउटै वर्णका मानिसले जीवनका आधारभूत समस्याहरू एकै खालका हुनाले राम्रो छलफल चल्ने गरेका तिनको समाधानका उपायहरूमा पनि उनीहरू एउटै टुङ्गोमा पुग्न सक्छन् (प्रश्रित २०४७:९०) । यस्तै भाव तथा विचारको सेरोफेरोमा निबन्ध सिर्जना पाइन्छ ।

**(ग) भाषाशैली**

यो निबन्धको भाषा व्यवहारमूलक रहेको छ । निबन्धमा सरल, सहज र आकर्षक भाषाशैली पाइन्छ । काव्यात्मक तथा आलङ्कारिक भाषाले निबन्ध सुन्दर बनेको छ । अनुप्रासिक भाषिक संयोजनले निबन्ध कलात्मक र सहज बनेको छ । कतै कतै लामा वाक्यहरूको गठन भए पनि बुझ्न सहज नै देखिन्छ । समाजमा देखिएका दुई पुस्ताबीचको साझा सवालमा केन्द्रित निबन्धको शैली आत्मपरक देखिन्छ । आकाशका तारा टिपेर प्रेमिकालाई कोसेली दिने, रुढीवादी, प्रतिक्रियावादी (पृ.८३), शिवजीको जय, विष्णुजीकी जय (पृ.८५) आदि शब्दहरूलाई आफ्नो आत्मपरक शैलीमा यस लेखेको देखिन्छ । डेरा, औषधी, बोनस (पृ. ८८) जस्ता शब्दहरू समेत यस निबन्धमा देखिन्छन् ।

(घ) **शीर्षक**

पुराना पुस्ता र नँया पुस्ताको द्वन्द्वलाई प्रस्तुत गरी लेखिएको यस निबन्धको सुरुमा पुरानो र नँया पुस्ताको सङ्घर्ष नै आजका युगको प्रमुख द्वन्द्व हो (प्रश्रित, २०४७:८२) भन्ने वाक्यबाटै यस निबन्धको शीर्षक सार्थक देखिन्छ । बुढो र तन्नेरी पुस्ताका कतिपय रुचि, स्वभाव र प्रवृत्ति जस्ता कुराहरूमा अलिकति भिन्नता प्रायः सबै देशमा पाइन्छ तर गम्भीरता साथ, समग्र रूपले केलाएर हेरेको खण्डमा यस धारणाको अवैज्ञानिकता प्रष्ट हुँदै जान्छ भन्ने विषयवस्तुमा दुई पुस्ताको खाडल प्रस्तुत गरेको हुँदा यस निबन्धको शीर्षक सार्थक देखिन्छ ।

**निष्कर्ष**

दुई पुस्ता वृद्ध र तन्नेरीको घम्साघम्सीमा केन्द्रित युवा पुस्ता र वृद्ध पुस्ताको विचारलाई यस निबन्धमा प्रस्तुत भएको छ । हाम्रो समाजको सांस्कृतिक सङ्क्रमणमा जेलिएको पुस्ताका तहहरूमा पहिलो पुस्ताबाट दोस्रो पुस्तामा सङ्क्रमणमा जेलिएको पुस्ताका तहहरूमा पहिलो पुस्ताबाट दोस्रो पुस्ताका सङ्क्रमणमा हुँदा भिन्न चिन्तनको प्रभाव बोकेर उपस्थित हुने, दोस्रोबाट तेस्रो पुस्तामा सङ्क्रमण हुँदा देखिने अझ थप भिन्नता र असमझदारीहरू जुनसुकै मुलुकका सामाजिक र सांस्कृतिक नव पुस्ताका सन्दर्भमा साझा समस्या बनेका छन् भन्ने निष्कर्ष यस निबन्धले निकालेको छ ।

**४.११ शिक्षा उपाधि र वास्तविकता ज्ञान निबन्धको विश्लेषण**

(क) **विषयवस्तु**

यो निबन्धले ज्ञान विज्ञान र जीवन मूल्यको पहिचान सम्बन्धी दृष्टिकोण राख्ने विषयवस्तुलाई अङ्गीकार गरेको छ । शिक्षा मानिसलाई सचेत, सक्रिय र सुसंस्कृत पार्ने विश्वज्ञानको श्रितिज फैलाउने जीवन चलाउन साक्षम पार्ने र समाजलाई अघि बढाउन सघाउने माध्यम हो, त्यो ठोस, गहन, उद्देश्यमूलक प्रयोगात्मक र उपयोगी हुनुपर्छ बरु थोरै सिक आज शिक्षाको सु सही हुनुपर्छ । यो प्रयोगात्मक शिक्षाको युग हो । आज लिइने शास्त्रीय सैद्धान्तिक वा विषयगत शिक्षा पनि युग अनुरूपको सामाजिक चेतना निर्माण गर्न सहयोगी हुनुपर्छ । आज वेद, रामायण, बाइबल, कुरान, पढ्नुको उद्देश्य तिनैको अनुयायी बन्न हैन । पढ्नुको उद्देश्य अगाडिको बाटो पत्ता लगाउन, हिड्न, ठूलाठूला तह डिग्री हासिल गरेर जागिर खान, ज्याक लगाउन र चिट्चोरी पास हुनुको कुनै उद्देश्य हुदैन (प्रश्रित, २०४७ :९२) भन्ने विषयवस्तुलाई निबन्धमा समेटिएको पाइन्छ । वास्तविक ज्ञानको लागि प्रयोगात्मक ज्ञान हुनु आवश्यक हुन्छ । ठोस ज्ञान र प्रयोगात्मक अनुभव विनाका उपाधि खोक्रा हुन्छन् । जस्ता मानिस छन् त्यस्तै देश हुछ ।

खाँदिलाले, खाँदिलो, खोक्राले खोक्रो, विना स्कुल आफ्नै प्रयत्नबाट आर्जेको ज्ञानलाई मान्यता नदिने र उपाधि नलिएकालाई शिक्षित नमान्ने गलत चलन छ (ऐजन) । हामी कँहा सर्टिफिकेट मात्र भएर शिक्षाको उपाधि हुँदैन त्यसमा वास्तविक ज्ञानको आवश्यकता पर्दछ भन्ने विषयलाई यस निबन्धको केन्द्रीय विषयवस्तु बनाइएको पाइन्छ ।

**(ख) भाव वा विचार**

यस निबन्धको आजको व्यवहारपयोगी शिक्षाको आवश्यकता मानिने युगमा मानवीय संवेदनाका आन्तरिक तथा बाह्रय दुबै पक्षलाई समायोजित गर्न सक्ने शिक्षाको आवश्यकता रहन्छ भन्ने अभिमत प्रकट गरेको छ (सुवेदी, २०६८:५४५) । उपाधिको प्राप्तिलाई प्रयोजन बनाएर आर्जन गरिएको ज्ञान सीमित र प्रभावमुखी मात्र हुन्छ । स्वाध्ययनको समाधिस्थ मात्र ज्ञानका उचाइ प्राप्त गर्न सकिन्छ । स्थित प्रज्ञ चेतना बनेपछि मात्र ज्ञानका नँया द्वार र नँया भण्डारहरू खुल्छन् । आन्तरिक संसारका अतुल ज्ञानराशि र भौतिक संसारका व्यापक र विस्तृत आविष्कारहरू उपाधि प्राप्तिको प्रयोजनका परीक्षाहरूका ज्ञानका परिणाम होइनन् । उपाधि प्राप्ति निम्ति दिइएका परीक्षाका परिणामहरूबाट ज्ञानका नँया द्वारहरू हत्तपत्त खुल्ने सम्भावना देखिँदैन । गहन ज्ञान प्राप्तिका निम्ति त साधनामा निमग्न हुनुपर्छ भन्ने निष्कर्ष यस निबन्धले निकालेको छ (ऐजन) । प्रायः शैक्षिक उपाधि र विषयवस्तुगत वास्तविक ज्ञानको बीचमा ठूलो खाडल बाँकी नै रहेको हुन्छ र त्यसलाई पुर्न ठूलो र दीर्घकालीन साधनाको खाँचो पर्छ । ज्ञान प्राप्तिको यात्रा जीवनभर चल्ने कुरा हो र त्यसको उन्नति शिखरमा पुग्न खोज्नेहरूको निम्ति वास्तविक अध्ययन भनेको ज्ञानको तिर्खा र सिक्ने तत्परता हो । अझ वास्तविक ज्ञानको पाठशाला त मानिसको समाजिक सङ्घर्ष हो । सङ्घर्षद्वारा शिक्षितहरू नै इतिहासमा निर्माता हुन्छन् । अभ्यास र प्रयोग गर्दै गए थोरै ज्ञान पनि बढ्दै जान्छ, त्यसो नभए थुप्रो उपाधि निरर्थक हुन्छन् भन्ने विचार यस निबन्धमा प्रश्रितले निकालेको देखिन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धको भाषा सरल, सुमधुर र विशिष्ट प्रवृत्तिको छ । मूलतः निबन्धमा निबन्धकारका वैयक्तिक अनुभूतिको हार्दिक अभिव्यक्ति भएकोले यसमा प्रयुक्त भाषामा आवेग, संवेग, रागात्मकता जस्ता मानसिक पक्षहरू प्रतिविम्बित भएका छन् । प्रवाहमय शैलीमा कल्पनाको बेजोड सङ्गममा सजिएको यो निबन्धको विषयवस्तु, भाव अनुसार सार्थक देखिन्छ । यस निबन्धमा आत्मपरक शैलीको प्रयोग गरिएको छ । "याजको याजकं दृष्ट्वा श्वानवत्

घुर्घरायते", "कांश्यां मरणान्मुक्ति" (पृ ९६) आदि संस्कृतका श्लोकहरूलाई पनि प्रस्तुत निबन्धको भाषामा प्रयोग गरेको देखिन्छ ।

### (घ) शीर्षक

प्रगति, उन्नति, नँया सोंच विचार, आदि शब्दहरूद्वारा चिनिने शिक्षा मानिसलाई सचेत, सक्रिय, सभ्य र सुसंस्कृत पार्ने, विश्व ज्ञानको क्षितिज फैलाउने, जीवन चलाउन सक्षम पार्ने र समाजलाई अघि बढाउन सघाउने माध्यम हो । त्यो ठोस, गहन, उद्देश्यमूलक, प्रयोगात्मक र उपयोगी हुनुपर्छ । बरु थोरै सिक, काम लाग्ने कुरा सिक र राम्ररी सिक, आज शिक्षाको सूत्र यही हुनुपर्छ (प्रश्रित, २०४७:९२) । निबन्धकारले शिक्षा, त्यसबाट प्राप्त गरिने उपाधि र सही वास्तविक ज्ञानलाई उत्कृष्ट तरिकाले निबन्धमा प्रस्तुत गरेकाले निबन्धको शीर्षक सार्थक देखिन्छ ।

### निष्कर्ष

यस निबन्धमा उद्देश्यविहीन अध्ययन र उपाधिको कुनै अर्थ हुँदैन भन्ने निष्कर्ष निकालिएको छ । निरुद्देश्य पढाइ र प्रयोग विहीन उपाधिहरू समय, श्रम र धनको अपव्यय मात्र हुनाले त्यो व्यक्ति र राष्ट्र दुबैका निमित नै नोक्सानी हो । यस्ता शिक्षा र उपाधिभन्दा व्यवहारिक प्रयोग सहितको थोरै शिक्षा वा उपाधि विनाका प्रयोगात्मक ज्ञान र अनुभवहरू नै धेरै मूल्यवान हुन्छन् भन्ने निष्कर्ष प्रस्तुत निबन्धले निकालेको देखिन्छ ।

## ४.१२ सामाजिक परम्परा उज्याला र अँध्याहारा पक्षहरू निबन्धको विश्लेषण

### (क) विषयवस्तु

निबन्धकारले यस निबन्धमा कतिपय 'आधुनिक बुद्धिजीविहरूमा आफ्नो इतिहास, परम्परा, पुराना मानिसहरू, तिनका विचार चालचलन रीतिरिवाज आदिप्रति ज्यादै नकारात्मक पाइने धारणा व्यक्त गरेका छन् । पश्चिमी संस्कृतिको अनुसरणले पुराना रीतिरिवाजहरूलाई काम नलाग्ने खालका हुन्छन् भन्ने जस्ता गलत धारणा राख्दछन् । जतिसुकै बुद्धिजीवि भए पनि इतिहासलाई सही ढङ्गले बुझेको पाइँदैन । पुराना चालचलनमा सबै कुरा नकारात्मक मात्र नभई सकारात्मक धारणा पनि हुन्छन् ती सकारात्मक धारणाहरू बुझेर, चिनेर काम गर्नु उपयुक्त हुने कुरा निबन्धमा उल्लेख गरिएको छ । हाम्रो पुख्यौली समाज हजारौं वर्षदेखि अस्तित्वमा ज्यूँदो छ र गतिशील छ । यसबाट नै त्यसमा खराब पक्षमात्र होइन असल पक्षपनि छन् भन्ने प्रष्ट हुन्छ भन्दै प्रष्ट हुन्छ भन्दै निबन्धकारले विचार र व्यवहारहरू उज्याला र अध्यारा दुवै खाले छन् भन्दछन् । प्रकृतिलाई प्रधान ठान्ने कपिलको साङ्ख्य दर्शन उज्यालो रुढिग्रस्त हिंसात्मक बौद्धिक यज्ञ अध्यारो भनिएको पाइन्छ । यसरी स्वच्छ मुक्तिनाथलाई केवल तीर्थस्थल मान्नु तर पर्यटकीय ठाउँ नमान्नु अध्यारो पक्ष हो भन्ने विचार समेत निबन्धकारको छ । मानवीय जीवनका सामाजिक, सांस्कृतिक, वैज्ञानिक तथा मानवीय सम्वेदनाका मूल्यहरू यस निबन्धका अनिवार्य सत्य बनेर उपस्थित भएका छन् । यसका सकारात्मक र नकारात्मक पक्षलाई पनि निबन्धकारले सजीव रूपमा उपस्थापन गराएका छन् (सुवेदी, २०६८:५४२) ।

हजारौ वर्षदेखि समाजमा सामन्ती व्यवस्था दाबी रहेको र सयौं वर्षदेखि देशमा विदेशी पँजीवादको दवाव पनि रहेकोले हाम्रो परम्परागत जीवनमा धेरै नराम्रा कुराहरूको बोलबाला रहदै आएको छ । विचार र दर्शनको क्षेत्रमा मौलिक प्रकृतिलाई प्रधान मान्ने कपिलको साङ्ख्य दर्शन, रुढिग्रस्त हिंसात्मक बौद्धिक यज्ञ, कर्मकाण्ड र जातपात विरोधी बौद्धधार, जनपक्षीय विचारकै कारणले मारिएका घन्टाकर्ण जस्ता सहिद सुधारवादी त्यागी सन्तहरूको लामो परम्परा आदिदेखि लिएर वर्तमान प्रजातन्त्रवादी र द्वन्द्वात्मक भौतिकवादी धारासम्म आँखा लगाउँदा हामी कङ्गाल देखियौं (प्रश्रित, २०४७:१०२) । समाजमा रहेका सकारात्मक तथा नकारात्मक कुराहरू नै यस निबन्धको विषयवस्तु बनेको छ ।

**(ख) भाव वा विचार**

निबन्धकारले यस निबन्धमा मानव सभ्यताको आरम्भदेखि नै हाम्रो जीवनसँग जोडिएर आएका सकारात्मक र नकारात्मक पक्षहरूमा सम्बद्ध बनेका विषयका मूल्यहरू कतिपय वैज्ञानिक र तथ्य सम्बद्ध आएको विचार व्यक्त गरेका छन् । वर्गीय समाजमा सामन्त वर्गले आफ्नो स्वार्थ परिपूर्तिका निम्ति रचेका अन्धविश्वासका भ्रमजालहरू जनसंस्कृतिका निम्ति अँध्यारा पक्षहरू हुन् । तिनमै रहेका सकारात्मक पक्षहरू यस वर्गीय संरचनायुक्त भएको अविच्छिन्न र लामा सभ्यताको प्रवाहले निर्धारण गरेका सकारात्मक संस्कृति र नकारात्मक संस्कृतिहरू जीवनका अभिन्न शैली बनेर रहेको कुरा पनि यस निबन्धमा प्रतिपादन भएको छ (सुवेदी, २०५८:५४२) । विज्ञान आजमात्र जन्मेको होइन । आगोको आविष्कार देखि परमाणु ऊर्जासम्म, लोहोरो सिलौटोदेखि आधुनिक कुटपिसका मेसिनहरूसम्म नदीमा लतार्ने मुढा देखि नदीमा हिड्ने जहाजसम्म आदि कुराहरू विज्ञानसँग पुरानो परम्परा गाँसिएको पाइन्छ (प्रश्रित, २०४७:१०६) । हामीले सामाजिक परम्पराका अध्यारा र उज्याला पक्षहरूको गहिरो छानविन गरी तिनबाट नराम्रा र आजका निम्ति अनुपयोगी भएका कुराहरूलाई हटाउने, राम्रा कुराहरूलाई सम्मान दिने र उपयोग गर्ने बानी बसाल्नुपर्नेमा ध्यान दिनुपर्ने भाव तथा विचार यस निबन्धमा रहेको छ ।

**(ग) भाषाशैली**

निबन्धकारले यस निबन्धमा सरल भाषाशैलीको प्रयोग गरेका छन् । ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्धलाई घनिभूत तुल्याएको छ । आफ्नो विचारधारालाई प्रवाहमय शैलीमा व्यक्त गरेको पाइन्छ भने कल्पनाशीलताको प्रचुरता पाइन्छ । प्रस्तुत निबन्धमा व्यक्त देशप्रेम सम्बन्धी वस्तुपरक र व्यवहारपरक विचारलाई वहन गर्न सक्ने खालको भाषाशैली प्रयोग भएको छ । समाजका परम्पराहरूको व्याख्या विवेचनामा केन्द्रित यस निबन्धको भाषाशैली सार्थक देखिन्छ । यो निबन्ध वर्णनात्मक शैलीमा लेखिएको पाइन्छ । सूर्यलाई दिइने अर्घ, आगोलाई चढाउने चरु, पाटी, पौवा (पृ.१०५) आदि जस्ता सामाजिक उखानहरू यस निबन्धमा देखिन्छन् ।

**(घ) शीर्षक**

समाजका राम्रा नराम्रा व्यवहारिक कुराहरूको वर्णन भएको यो निबन्ध समाजमा रहेका रुढीवादी, कु-संस्कार, सङ्कीर्णता र गलत परम्परामा आधारित विषयवस्तुको छनोट गरी लेखिएको र शीर्षक पनि सामाजिक परम्पराका उज्याला र अध्यारा पक्षहरू रहेकोले शीर्षक सार्थक देखिन्छ । पश्चिमी संस्कृति या त्यताबाट आएका विचार र प्रवृत्तिप्रति अत्यधिक आकर्षण र आस्थाको कारणले तिनीहरू आफ्नो देशको इतिहास र परम्परामा कुनै पनि राम्रा कुराहरू

देख्दैनन् र आफना आमा-बाबु र पुरानो पुस्ताका मानिसहरू खाली कु-संस्कार गलत परम्परामा चुर्लुम्म डुवेको विषयवस्तुको मिश्रण निबन्धको शीर्षक सार्थक देखिन्छ ।

**निष्कर्ष**

यस निबन्धले समाज सुधारमा अग्रसर हुनुपर्ने निष्कर्ष निकालेको छ । विज्ञान आजमात्र जन्मेको कुरा हैन । आगाको अविष्कारदेखि परमाणु ऊर्जासम्म, गोरुगाडादेखि जेट र रकेटसम्म, लोहोरो सिलौटादेखि कुटपीसका मिलसम्म परिमार्जन भएजस्तै समाजलाई सोही गतिमा अगाडि बढाउनुपर्छ भनेको छ । हामीले समाजिक परम्पराका अँध्यारा र उज्याला पक्षहरूको गहिरो छानवीन गरी तिनबाट नराम्रा र आजका निम्ति अनुपयोगी भएका कुरालाई हटाउने तथा राम्रा कुरालाई सम्मान दिँदै उपयोग गर्ने बानी बसाल्नु पर्ने निष्कर्ष निकालेको छ ।

**४.१३ के तपाई गुणै गुणले भरिएको साथी पाउन सक्नुहुन्छ ? निबन्धको विश्लेषण**

**(क) विषयवस्तु**

मोदनाथ प्रश्रितको यस निबन्धको विषयवस्तु सामाजिक दृष्टिकोणलाई हेर्ने दृष्टिकोणसँग सम्बन्धित छ । यसले जीवन, चिन्तनलाई प्रस्तुत गरेको छ । निबन्धकारले के तपाईले गुणै गुणले भरिपूर्ण भएको र एउटै पनि गल्ती कमजोरी नभएको मान्छे पाए मात्र साथी बनाउँछु नत्र बनाउन्न भन्ने अड्डी लिनुभयो भने संसार भरमा एउटा पनि साथी बनाउन सक्नुहोला ? के कुनै स्त्री पुरुषले सर्वगुण सम्पन्न पुरुष वा बत्तीस लक्षण युक्त स्त्री पाए विहे गर्छु नत्र गर्दिन भनी ढिपी कसे भने तिनीहरूको विहे हुन सक्ला ? भन्ने प्रश्नहरू खडा गरेर यिनै प्रश्नको सवाल जवाफमा विषयवस्तुलाई केन्द्रित गरेका छन् । सामाजिक दृष्टिकोणलाई हेर्ने दृष्टिकोणसँग सम्बिन्धित निबन्धले जीवन, चिन्तनलाई प्रस्तुत गरेका छन् । चिनियाँ गुलाबमा काँडा हुँदैन तर त्यसमा वास्ना पनि हुँदैन् तर हाम्रो मुख रसाउने गुलाब र मुख रसाउने ऐसेलुलाई काँडा विना र फूलको नाइके भनिने जल कमललाई हिलो बिना हामीले आजसम्म भेटेका छैनौं, पछि विज्ञानले बनाएछ भने मात्रै (प्रश्रित, २०४७: १०८) । अरूका गुणहरू देखेर प्रभावित हुने र उसको साथ लाग्ने मान्छेले आफूले आर्दश मानेको व्यक्तिमा केही कमजोर पक्ष पनि हुन सक्छन् भन्ने तिर समयमै ध्यान दिन सकेन भने पछि ठूलो धोका खान सक्छ र आज गुणैगुण देख्ने व्यक्तिमा रीस र पछुतोको भोकले भोलि खाली दोषै दोष देख्ने गल्ती गर्न सक्छ । गल्ती कमजोरी हटाउन ज्यादै सुझबुझपूर्ण व्यवहारिक तरिकाको खाँचो हुन्छ । गल्ती र कमजोरी हटाउन आलोचनाको पद्धति, आत्मालोचनाको पद्धति ज्यादै राम्रो हुन्छ । आजको युगमा त्यसको महत्व विश्वव्यापी रूपमा

बढ्दै गएको पाइन्छ (ऐजन) । यसरी सबै कुरा सोचविचार गरेर मात्र गर्नुपर्ने अन्यथा दु:खको भुमरीमा पर्ने विषयवस्तु यस निबन्धमा प्रस्तुत गरिएको पाइन्छ ।

**(ख) भाव वा विस्तार**

यस निबन्धको भाव भनेको गुलाबको फूलहरूमा अति सुन्दर रूपरङ्ग र सुकोमल स्पर्श तथा सुमधुर परागपन छ तर सँगै काडा पनि छ, काँडा बिनाको गुलाब र आँसु विनाको आँखाको सम्भावना नभए जस्तै बैगुनबिनाको भित्रको सम्भावना छैन भन्नु हो । प्रत्येक मान्छेसँग चाहिने र नचाहिने केही न केही वैगुनहरू हुन्छन् । तिनलाई सापेक्षित रूपमा स्विकार्नु पर्ने स्थितिलाई आत्मसाथ गर्नुपर्छ । भित्रका कमजोरीबारे टिप्पणी गर्नुपर्दा उसको अनुपस्थितिमा कटु टिप्पणी गर्ने र उपस्थितिमा चाँहि चाकडीका पुल चाहने परम्पराको दृश्यवृत्ति पूरै ध्वस्त हुनुपर्छ भन्ने आशय यस निबन्धको सारवस्तु बनेको छ । (सुवेदी, २०६८:५४२) । कसैले पनि कसैको ठीक पछाडि उसको क्रियाकलापबाटै ठीक त्यसरी नै कुरा गर्नु राम्रो हुन्छ । जसरी ऊ अगाडि पनि गर्न सकोस । त्यसो गर्न नसकी पछाडि खुबै साँढे भएर कुरा काट्ने अगाडि लुरुक्क पर्ने पहिले भनेको कुरापनि भए पनि त्यसो भनेको हुँ र भन्ने कुराले पन्छिन् सुधार हुन सकिन्न । त्यसले अरूलाई विगार्न भने प्रशस्तै मद्दत गर्छ । आफुलाई असल बनाउन चाहने मान्छेले त्यस्ता हरूवा छेरुवा र भगुवा तरिकालाई जतिसक्दो चाँडो उखेलेर मिल्काउनु राम्रो हुन्छ (प्रश्रित, २०४७:११३) । यही नै यस निबन्धको भाव रहेका पाइन्छ ।

**(ग) भाषाशैली**

यो निबन्ध सामाजिक सन्दर्भमा केन्द्रित भएर लेखिएको निबन्ध हो । भाषामा सरल तथा सहज, मिठास शब्दहरूको प्रयोग पाइन्छ । प्रवाहशीलता र कल्पनाशीलताको वेजोड सङ्गमले निबन्ध अत्यन्तै रोचक बनेको छ । विभिन्न ठाउँमा प्रश्न र तिनीहरूको उत्तरले प्रश्नोत्तरको प्रस्तुति पाइन्छ । समाजमा देखे भोगेका यावत घटनाहरूलाई सरल सरस युक्तिवैचित्रय पूर्ण शैलीमा विभक्त यस निबन्धको भाषा शैली वर्णनात्मक देखिन्छ । यस निबन्धमा डाक्टर 'त्यो मान्छे हो र कुकुर हो (पृ.१११)' जस्ता व्यङ्ग्यात्मक वाक्यहरू देखिन्छन् ।

**(घ) शीर्षक**

प्रश्नात्मक वाक्य गठनमा विभक्त प्रस्तुत शीर्षकमा निबन्धकारले निबनधको सुरु वाक्यमा के तपाईले गुणैगुणले भरिपूर्ण भएको र एउटै पनि गल्ती कमजोरी नभएको मान्छे पाए मात्र साथी बनाउँछु नत्र बनाउन्न भन्ने अड्डी लिनुभयो भने यस संसार भरमा एउटा पनि साथी बनाउन सक्नुहुन्छ (प्रश्रित, २०४७:१०८) ? भन्ने प्रश्न गर्दै अगाडि बढेकोले शीर्षक सुहाउँदो देखिन्छ । चिनियाँ गुलाफमा काँडा हुँदैन तर त्यसमा वास्ना पनि हुँदैन तर हाम्रो बास्नादार गुलाफ र मुख रसाउने ऐँसेलुलाई काँडा विना र फूलको नाइके भनिने जल कमललाई हिलो विना हामीले आजसम्म भेटेका छैनौं, पछि विज्ञानले बनाएछ भने बेग्लै कुरा भन्ने निबन्धकारको वाक्यांसबाट पनि शीर्षक सफल रहेको छ ।

**निष्कर्ष**

यस निबन्धको निष्कर्ष भनेको काँडा विनाको गुलाफ र आँसु विनाको आँखाको सम्भावना नभएजस्तै वैगुनविनाको मित्रको सम्भावना पनि छैन भन्नु हो । मान्छेसँग चाहिने र नचाहिने केही स्विकार्नु पर्ने स्थितिलाई आत्मसात् गर्नुपर्छ । आलोचना गर्नेले आफू विशिष्ट, कहिल्यै गल्ती नगर्ने प्रवृत्ति त्याग्नुपर्ने निष्कर्ष समेत यस निबन्धको छ ।

**४.१४ सपना देखाउने युवा साथीहरूसँग निबन्धको विश्लेषण**

**(क) विषयवस्तु**

यो निबन्धको विषयवस्तु चिन्तनप्रधान छ । मुलुकभित्र बल्भिँदै गरेका समस्याहरू मुलुकमै सुल्भ्नाउने चेतना र आत्मबल विकसित बन्नुपर्ने कुराहरू यस निबन्धमा उल्लेख गरिएको छ । नेपालको प्राचीन इतिहासदेखि नै एकले अर्कालाई खराब कुराको काल्पनिक संसारमा भ्रमित तुल्याएर गलत परिणाममा नक्कली मजुर बनेर उड्ने सपना देखाउँने र देख्ने परम्परा संस्कृति बनेको अवस्था निबन्धले प्रस्तुत गरेको छ (सुवेदी, २०६८:५४६) । प्रस्तुत निबन्धले समाजमा देखिएका सकारात्मक तथा नकारात्मक दुबै किसिमका पक्षहरूलाई देखाउन खोजेको छ । बढ्दो उमेरका मानिसहरूमा राम्रा, ताजा, तातो, रगत नशाहरूमा घुम्ने अतुलनीय जोश र जाँगर हुने तथा भविष्यमा अनेकौं सुन्दर सपनाहरू स्नायु मण्डलमा नाचिरहन्छन् । ठूलठूला काम गर्ने संकल्पहरू मनमा जुर्मुराइरहन्छन् (प्रश्रित, २०४७ :११५) । युवाहरूको ठूलो सङ्ख्या अहिले पनि निरक्षर र अशिक्षित छन्, बेरोजगार छन् । शिक्षितहरूमध्ये पनि एउटा ठूलो सङ्ख्या युग र समाजप्रति असचेत दायित्वहीन स्वार्थीतिर संलग्न छन् । तपाईहरू, भाषणबाट, लेखबाट, सभा र जुलुसबाट, वैंठकहरूबाट क्रान्ति, जनतन्त र समाजवादबारे निकै ओजस्वी कुरा

गरिरहनुभएको छ, जनतासामु उज्ज्वल भविष्यको परिकल्पित सुन्दर तस्बिर प्रस्तुत गरिरहनु भएको छ, न्याय समता र सुखले परिपूर्ण भावी सुनौला संसारको रमाइलो सपना देखाइरहनु भएको छ (ऐजन पृ.११ ६) । जनतालाई नँया नँया सपना देखाउने र आँखामा छारो हाल्ने तर कामकुरो एकातिर कुम्लोबोकी ठिमीतिर जस्तो गर्ने प्रविधिले नँया शोच विचारको धारणा अगाडि बढ्न सक्दैन । हठ सङ्कल्पका साथ अगाडि बढ्नको लागि न सङ्घर्ष गर्नु जरुरी छ तर नेताहरू मञ्चमा गएर भाषण गर्ने भए पनि व्यवहारमा लागु गर्दैनन् (ऐजन) । यसरी सपना देखाउने तथा देख्नेहरूको भ्रम जालमा यस निबन्धको विषयवस्तु केन्द्रित देखिन्छ ।

**(ख) भाव वा विचार**

निबन्धकारले यस निबन्धमा कल्पित संसार हावा महल जस्तै बनेर आएको सन्दर्भलाई मूल भाव बनाएका छन् । आज समाजवादका सुनौला र तिलस्मी पाराका सपना देखाउने, विदेशी संस्कृतिका र सम्यताका पूँजीवादी उभ्याइदिने र रङ्गीन सपना देखाएर सपनामै फसाइदिने, विलासिता र समृद्धिका अनेकौं मायामहल रचेर मान्छेलाई दिग्ग्रमित तुल्याइदिने दुर्गुणहरू विकसित बनेका छन् । यिनै विकारका परिणाममा आजको युवा पुस्ता, राजनीतिक, सांस्कृतिक र आर्थिक मात्र होइन, नैतिक दुर्घटना समेतको सिकार बन्न पुगेको कुरा पनि यस निबन्धले प्रतिपादन गरेको छ (सुवेदी, २०६८:५४६) । आफ्नो बचनबद्धताको विपरीत जानु जस्तो बेइमान र पतन अरू के हुन सक्छ ? आफूले गरेका प्रतिज्ञामा आफै आगो फ्नोस्नु जस्तो अपराध अरू के हुन सक्छ ? जनतालाई क्रान्तितिर उचालेर पिटाई जेलनेलका सास्ती र मृत्यु सम्ममा धकेलेर आफू डराएर भागेको शोषक वर्गको स्वर्गद्वारभित्र पसी आफैद्वारा घोषित जनताका शत्रुको पैताला चाट्ने जस्ता असक्षम अपराध र चरम तिगुर्णी कुरा अरू के हुन सक्छ । त्यसैले युवाहरू मिल्ने कुरा बोल्नुहोस्, गर्नुहोस जसप्रति तपाई जीवनभर उत्तिकै निष्ठावान् भएर अघि बढ्न सक्नुहुन्छ ( प्रश्रित, २०४७ :११२) भन्ने मूलभाव यस निबन्धमा रहेको पाइन्छ ।

**(ग) भाषाशैली**

निबन्धकारले यस निबन्धमा युवा साथीहरू भनेर सम्बोधन गरी निबन्धको सुरुवात गरेका छन् । सरल, सहज र प्रवाहमय शैलीमा विभक्त यस निबन्धमा कल्पनाशीलताको प्रवलता पाइन्छ । हास्यव्यङ्गात्मक शैली तथा काव्यात्मक र आलङ्कारिक भाषाको माध्यमबाट निबन्धलाई सुन्दर संयोजन गरिएको छ । सङ्क्षिप्त रूपमा वाक्यहरूको गठन प्रक्रिया अगाडि बढेको छ । युवाहरू भनेर देशमा सपना देखाउनेहरूलाई लक्षित गरिएको यो निबन्धको भाषाशैली आत्मपरक खालको देखिन्छ । यस निबन्धमा कुल्ली, भान्से, सिपाही, वेश्या, ओजस्वी (पृ.११५) जस्ता शब्दहरू देखिन्छन् ।

**(घ) शीर्षक**

सपना, अदृश्य धारणा, लहैलहैमा लाग्नु आदि जस्ता शब्दहरू भएको यस निबन्धमा निबन्धकारले यस निबन्धमा युवा साथीहरू अहिले तपाई बढ्दो उमेरमा हुनुहुन्छ । सफा, ताजा, तातो रगत नसाहरूमा घुम्दैछ, तपाईमा अतुलनीय जोश र जाँगर छ, भविष्यमा अनेकौं सुन्दर सपनाहरू स्नायु मण्डलमा नाचिरहेछन् ठूल-ठूला काम गर्ने सङ्कल्पहरू जुर्मुराउने छन् । आखिर यिनै त हुन् । युवापनका लक्षणहरू (प्रश्रित २०४७ :११५) भन्ने वाक्यबाट नै शीर्षक सफल देखिन्छ । युवाहरूले अनेकौं सपना देख्ने र सबै पूरा नहँदा भुमरीमा फस्ने कुरा निबन्धमा व्यक्त छ । आज देश जनताका सामु ठूला-ठूला प्रतिक्षा गरेर जनतालाई सुन्दर सपनाले लोभ्याएर पछि आफू ठीक उल्टो गएर इतिहासको महागद्दार सावित हुनु पर्ने दुर्भाग्यपूर्ण अवस्थातिर अहिले नै गम्भीरताका साथ सोच्नुपर्ने विचार निबन्धकारको छ । यिनै विषयवस्तुमा आधारित निबन्धको शीर्षक सुहाउँदो  देखिन्छ ।

**निष्कर्ष**

यो निबन्ध चिन्तनप्रधान निबन्ध हो । विभिन्न विकारमा कुलतमा फसेर आजको युवा पुस्ता राजनीतिक, सांस्कृतिक र आर्थिक मात्र होइन नैतिक दुर्घटना समेतको सिकार बन्न पुगेको कुरा यस निबन्धले निष्कर्ष निकालेको छ । निबन्धकार पश्रितले मुलुकभित्र बल्भिदै गरेका समस्याहरू मुलुकमै सुल्भाउने चेतना र आत्मबल विकसित बन्नुपर्ने कुराहरू यस निबन्धमार्फत् गरेका छन् । कल्पित संसार हावाको महल जस्तै बनेको सत्य समेत यस निबन्धमा पाइन्छ  ।

### ४.१५ मिल्काउनुपर्ने केही साम्प्रदायिक अवशेषहरू निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

नेपाली समाजमा परापूर्वकालदेखि नै मान्छेको आन्तरिक आचरण र ऊर्जा बनेर रहेका संस्कारका फराकिला पक्षहरू साम्प्रदायिक रोगबाट ग्रसित छन् । यस रोगका कारण रुग्ण बनेका संस्कारहरू सिङ्गै नेपाली समाजमा प्रदूषण बनेर रहेका छन् । तिनीहरूलाई मिल्काउनुपर्ने विषय यस निबन्धमा पाइन्छ (सुवेदी, २०६८ :५४४) । हाम्रो समाजमा आज पनि जातजाति, इलाका, पहिरन, पेसा, खानपिन, धर्म, संस्कृति आदिका आधारमा एक अर्कालाई घृणा गर्ने, हेप्ने, छेड हान्ने जस्ता साम्प्रदायिक कु-संस्कारहरू बाँकी रहेको पाइन्छ । कतिपय कविलातन्त्री अवस्थाकै तुषका रूपमा पनि बाँकी छन् र केही चाहिँ व्यावहारिक पुँजीवादीको उदयपछि देखा परेका छन् । ती चाहिँ जुनसुकै समयमा उब्जने र अवशेष हुन तिनले नेपाली जनताको एकता आत्मीयता, राष्ट्रियता र प्रजातान्त्रिक जीवनमा हानी नोक्सानी पुऱ्याउने गरेका छन् (प्रश्रित, २०४७ :१२१) । विभिन्न जातजाति आदिलाई विभिन्न उखानहरूले गाली गर्ने चलन छ । बाउनको चित्त माखाको पित्त, जँहा दही उही बाहुनको सही, नेवार इष्ट बाउ दुष्ट कहिल्यै हुँदैनन् आदि शब्दहरूले समाजमा पारेको असरको बारेमा यस निबन्धको विषयवस्तु केन्द्रित देखिन्छ । यी यस्ता शब्दहरूले समाजमा नकारात्मक असर पार्ने हुँदा यस्ता समाजका अवशेषहरूलाई मिल्काएर फाल्नुपर्ने विषयमा निबन्ध हिँडेको पाइन्छ । सबै मानिस समान हुन कोही ठूलो सानो हुँदैन । आज विश्वले तीव्र वेगका साथ उपयुक्त अवस्थालाई उछिनेर विलकुलै नँया अवस्था र अलन्त सुनौला सम्भावना भएको युगमा प्रवेश गरिरहेछ भन्दै निबन्धकारले देशप्रेमको भावमा लाग्न सुझाव दिएका छ्न । यस निबन्धमा रहेका विषयवस्तु पनि यही रहेको पाइन्छ ।

**(ख) भाव र विचार**

यस निबन्धको मूलभाव भनेको विभिन्न जातजाति, धर्म, संस्कृति, पेसा, लिङ्ग, वेषभुषा आदिका आधारमा समाजमा हुने गरेका अराजक तथा कु-संस्कृतिलाई समाजबाट बाहिर निकाल्नु पर्छ भन्ने हो । जाति र धर्मका नाममा हुने संस्कार र संस्कृतिका नाममा लिङ्ग, वर्ण, वर्ग, क्षेत्र जस्ता अनेकौं विखण्डनकारी सभ्यताका नाममा निरन्तरता पाइरहेको कुरा निबन्धमा चर्चा गरिएको छ । रुग्ण संवेदनाहरू तत्काल नियन्त्रण हुनुपर्छ भन्ने आशय व्यक्त भएको छ । पूँजीवादी वर्गीय चिन्तनका आधारमा यथास्थितिमूलक कठमुल्लावादी चिन्तनका आधारमा क्षेत्रीय र स्थानीयतावादी सङ्कीर्ण चिन्तनका आधारमा सबैजसो व्यक्तिका निम्ति आवश्यक पर्ने पक्षहरू पनि यस निबन्धको निष्कर्ष बनेर आएको छ (सुवेदी, २०६८:५४४) । मान्छेलाई देखेर अवलोकन गरेको आधारमै सज्जन वा दुर्जन, बुद्धिमान् वा फटाहा, वीर वा काँतर, योग्य वा अयोग्य, लोभी

वा दानवीर आदि नहुने भएको कसैलाई पनि आक्षेप लगाउनु हुँदैन भन्ने मूल भाव यस निबन्धमा पाइन्छ । कुरीति, कु-संस्कार आदिलाई परास्त गर्नुपर्ने विचार यस निबन्धमा प्रकट भएको छ ।

**(ग) भाषाशैली**

यो निबन्ध सांस्कृतिक सन्दर्भमा केन्द्रित रहेको छ । सरल र आस्वाद ढङ्गमा तयार भएको यस निबन्धको भाषामा मिठास र सहजता पाइन्छ । प्रचलनका विभिन्न शब्दहरूको संयोजनले यथार्थपरक भावधारामा विभक्त रहेको छ । शिक्षामूलक यस निबन्धमा कल्पनाको प्रबलता पाइन्छ भने सरल भाषाको प्रवाहमय ढाँचामा अगाडि बढेको देखिन्छ । समाजमा रहेका कु-संस्कार तथा संस्कृतिहरूलाई मिल्काउनुपर्ने कुरा व्यक्त भएको देखिन्छ । यस निबन्ध विवरणात्मक शैलीमा विभक्त छ । यस निबन्धमा 'बाहुनको चित्त माखाको पित्त' 'जँहा दही उँहा बाहुनको सही', 'वरिपरि बस माफमा नबस', बाहुन-काठो, खस खसेटो, पर्वते, नेवार-खर्पने ( पृ.१२२) आदि उखान टुक्काहरूको प्रयोग व्यापक रूपमा देखिन्छ । ग्रामीण समाजमा देखापर्ने भाषाशैलीलाई निबन्धकारले ससक्त रूपमा अगाडि बढाएका छन् ।

**(घ) शीर्षक**

मिल्काउनुपर्ने, फ्याक्नुपर्ने, नराख्ने आदि शब्दहरू यस शीर्षकमा देखिन्छ । हाम्रो समाजमा रहेका अन्धविश्वास, कुरीति, कु-संस्कारहरूलाई मिल्काउनुपर्ने साम्प्रदायिक अवशेषहरू भनेर निबन्ध रचना भएको हुँदा यसको शीर्षक सार्थक देखिन्छ । हाम्रो समाजमा अरू पनि जातजाति, इलाका पहिरन, पेसा, खानपीन, धर्म, संस्कृति आदिका आधारमा एक अर्कालाई घृणा गर्ने, हेप्ने, अविश्वास गर्ने, छेड हान्ने जस्ता साम्प्रदायिक कु-संस्कारहरू बाँकी टाँकी रहेका पाइन्छन् भन्ने निबन्धकारको पहिलो अनुच्छेदको अभिव्यक्तिबाट शीर्षक समयानुकूल देखिन्छ ।

**निष्कर्ष**

नेपाली समाजमा परापूर्व कालदेखि नै मान्छेको आन्तरिक आचरण र ऊर्जा बनेर रहेका कु-संस्कारका फराकिला पक्षहरू साम्प्रदायिक रोगबाट ग्रसित नेपाली समाजमा प्रदूषण बनेर रहेका छन् । सांस्कृतिक सञ्जालमा छोलिएर बसेका यस्ता अनेकौं अवगुणहरू निराकरण गर्नुपर्ने निष्कर्ष यस निबन्धले निकालेको पाइन्छ ।

**४.१६ गाली: एक विवेचना निबन्धको विश्लेषण**

**(क) विषयवस्तु**

यस निबन्धमा समाजमा हुने गरेका कुरीति तथा कु-संस्कारहरूलाई विषयवस्तु बनाइएको छ । गालीमा अनेक किसिमका कु-सांस्कृतिक दुराचारहरू फैलाएका छन् । व्यभिचारका अनेकौं भावनाहरू, संवेग र आवेगका क्षणहरू उत्पन्न हुने उत्तेजनायुक्त कथनहरू आज गालीका रूपमा देखा परेका छन् । हामी हाम्रा पवित्र नातागोतालाई अपवित्रताको आचरण दिएर आरोपमा गालीको निर्माण गर्दछौं । हामीले तिनै नातागोताका पदावलीहरूमा अश्लीलताको आवरण पोतेर गल्तीका निम्ति उपयोग गर्ने संस्कृति निर्माण गरेका छौं । यो खा (फलानो थोक खा) भनेर गरिने गालीका सन्दर्भहरू, वर्ग र जातिलाई अपमान गर्ने सांस्कृतिक व्याभिचारका अनेक पदावलीहरू, आचार व्यवहारका पक्षहरूलाई संकेत गर्ने पदावलीहरू पनि प्रशस्त निर्माण भएका छन् । यस्तो आपत्तिजनक गल्तीका पदावली निर्माण गर्ने संस्कार हाम्रा भाषा भण्डारमा विकसित बनेको कलाको पक्ष हो भन्ने कुरा पनि सिद्ध भएको छ । त्यस्ता शब्दावलीलाई हामी गलत स्थानमा उपयोग गरेर गालीको संस्कृतिलाई प्राथमिकता दिने गर्दछौं (सुवेदी, २०६८ :५४४) । नातागोतालाई हेपेर गरिने गाली, अश्लील गाली, शरीरलाई सङ्केत गरेर गरिने गाली, पुरुषले नारीलाई हेपेर गरिने गाली आदि गालीका प्रकार हुन् । गालीका प्रकार र गालीबाट पर्ने प्रभावका बारेमा यो निबन्धको विषयवस्तु केन्द्रित देखिन्छ ।

**(ख) भाव वा विचार**

निबन्धकारले कसैलाई हेपेर, इखले घृणा र दुर्गुणलाई भण्डाफोर गरेर बोलीवचन गरिन्छ त्यही गाली हो, जसले उनीहरूलाई ठूलो अपमान र चोट पर्छ अनि समाजमा हेलाको दृष्टिमा पर्छन् भन्ने भाव यस निबन्धमा प्रस्तुत गरेका छन् । यहाँ दासप्रथा र सामन्तवादको संस्कारले चाकरी स्तुति गर्ने परम्परा चल्दै आएको निबन्धकार बताउँछन् । नराम्रा शब्दले गाली गर्नुभन्दा प्रतिक्रियावादी अन्धविश्वासी, शोषक, अल्छी, कमजोर, लुटेरा, बेइमान, चुईया, डाँका, मण्डले, वेताले, सामन्ती, पूँजीवादी, पानी मरुवा, हैकमवादी आदि गाली गर्नु उपयुक्त हुने भनाइ

निबन्धकारको पाइन्छ । समाजलाई परिवर्तन गर्न उनको निबन्ध सफल देखिन्छ । गालीहरूले मानवीय मनोवेग र आक्रोशले प्रतिनिधित्व गरेका हुन्छन् । सामाजिक संरचना र तिनका मानसिक तहका निर्माणलाई पनि इङगित गरेका हुन्छन् भन्ने कुरा पनि यस निबन्धले प्रतिपादन गरेको छ । गालीमा पित्रृसत्ता र मातृसत्ताबाट प्रेरित कुन किसिमको गाली हो भन्ने कुरा पनि सहजै बुझ्न सकिन्छ । सांस्कृतिक सम्वेदनाबाट प्रेरित हुन्छ गालीको परम्परा । सांस्कृतिक प्रभावबाट जन्मेका गालीहरू, अन्धविश्वासका कारणबाट जन्मेका गालीहरू हाम्रो कुसांस्कृतिक प्रभावका पक्ष बनेर युगौदेखि हुर्किएर आएका छन् भन्ने कुरा प्रश्रितका यस निबन्धले प्रतिपादन गरेको छ (ऐजन) । गाली सम्बन्धी गलत धारणाले पारेको असरको बारेमा यस निबन्ध विभक्त देखिन्छ ।

**(ग) भाषाशैली**

शैली प्रयोगका दृष्टिले यस निबन्धलाई आत्मपरक भन्न सकिन्छ । सामान्य निबन्धमा भन्दा छुट्टै पहिचान गराउने घटनावृत्तमा आधारित निबन्धलेखनको शैली निबन्धकारले प्रयोग गरेका छन् । यस निबन्धमा विभिन्न गालीका ठेट तथा सरल शब्दहरू प्रयोग भएका छन् । कतै-कतै काव्यात्मक भाषाको समेत मिठास पाइने यस निबन्धको भाषाशैलीमा लेखिएको पाइन्छ । यस निबन्धमा असभ्य, कविलातन्त्री, अश्लील शब्दहरू राँडीको बाहन, आमाको पोइ (पृ.१४३), धान खाने मुसो चोट पाउने भ्यागुतो (पृ.१३५), फुस्रे, ध्वाासे, बुदुने, लिडलिडे (पृ.१३९), मुल्याहा, पिराहा (पृ.१४२), प्रतिक्रियावादी, गोवरगणेश, छोरी कुटेर बुहारी तर्साउने (पृ.१४३) आदि ग्रामिण क्षेत्रमा प्रचलित शब्दहरू प्रयोग गरिएको देखिन्छ ।

**(घ) शीर्षक**

गाली, नराम्रा शब्द, हेप्ने प्रवृत्ति, असभ्यता, कुसंस्कृति आदि हाम्रो समाजमा भए गरेका गाली गलौजहरूबाट समाजमा पर्ने प्रभावको चित्रण गरेको हुनाले यसको शीर्षक सार्थक र विषयवस्तु अनुसारको देखिन्छ । नाता गोता, आमाबाबु, दिदी बहिनी, दाजुभाइ आदिलाई हेपेर गरिने गालीदेखि लिएर अश्लील गालीहरूको विश्लेषण समेत समेटेको यस निबन्धमा अन्धविश्वास, वर्ग, लिङ्ग आदिको आधारमा गरिने गालीलाई समेत समेटिएको छ । यसरी शीर्षक गाली भएको र विषयवस्तुमा विभिन्न गालीका प्रकारका समेटिएको हुँदा शीर्षक सार्थक सफल हुन पुगेको छ ।

**निष्कर्ष**

कसैलाई यस्ता गाली गर्दा पनि रिस र आवेगका भरमा जथाभावी हैन यथार्थ र तथ्यको आधारमा गरिनुपर्दछ र ठीक सम्बन्धित व्यक्तिलाई तोकेर गर्नुपर्छ । यसरी हामीले प्रत्येक दिन बोलचालमा प्रयोग गर्ने गालीहरू पनि ठीक ढङ्गले प्रयोग नगर्दा जनताका, प्रगतिको, प्रजातन्त्रको विपक्षमा जाने र सही ढङ्गले प्रयोग गर्दा तिनको पक्षमा जाने हुन्छ । हामीले आफूलाई सभ्य र सु-संस्कृत मानवमा परिणत गर्ने हो भने गलत गालीहरूलाई हटाउने र ठीक ठीक गाली प्रयोग गर्ने वानी बसाल्नुपर्छ भन्ने निष्कर्ष यस निबन्धमा पाइन्छ ।

**४.१७ मृत्युलाई नजिकबाट छाम्दा निबन्धको विश्लेषण**

(क) **विषयवस्तु**

यस निबन्धले मानिसलाई सबैभन्दा बढी डर मृत्युसँग लाग्छ भनेको छ मानिस जीवनका हरेक मोडसँग सहज सङ्घर्ष गरी बाच्न चाहन्छ । जीविकाको साधन चोरिएला, खोसिएला आदि होला भनेर चिन्तामा पर्छ मान्छे । यो हरियो, भरिलो, पृथ्वी यसका वसन्त, शरद्, हिमाल, रसिला पहाड, झरना नदी समुद्र, यहाको यौवन, प्रेमविवाह, हाँसो उल्लास, सौन्दर्य आदि कुराहरूले मानिसलाई जोगित र मृत्युबाट बच्न प्रेरित गर्छन् । मानिस कहिल्यै पनि आँसु, भोक, अनिकाल, रोग, शोक, हेला, जेल, नेल आदिसँग तड्पन चाहँदैन । सङ्क्षेपमा भन्दा मानवीय आकाङ्क्षामा दुई विपरीत ध्रुव छन् । जीवनप्रतिको प्रेम र मृत्युप्रतिको घृणा (प्रश्रित, २०४७ :१४६) । प्रतिक्रियावादी वर्गले विशाल जनसमुदायमा आफ्नो शोषण र उत्पीडन कायम राख्न मृत्युलाई अझ भयानक बनाइदिएको छ । यमराज उसका राक्षसी दूत र नरकको यातनाको किस्सा कथेर ( ऐजन) । मृत्युलाई नजिकबाट छाम्दा निबन्धमा अन्याय, अत्याचार गर्नेहरू मृत्युसँग डराउने र सिधा साधा मानिस मृत्युसँग लड्ने विषयवस्तु प्रस्तुत गरिएको छ । निबन्धकारले मृत्युलाई छाम्दा, हेर्दा अथवा मृत्युसँग डराउनेको बारेमा प्रस्तुत निबन्धको विषयवस्तुलाई केन्द्रित गरेका छन् ।

**(ख) भाव वा विस्तार**

मृत्युलाई नजिकैबाट छाम्दा शीर्षकमा लेखिएको निबन्ध चिन्तनका दृष्टिले निकै गहन रहेको छ । जीवन जति कटु र स्पष्ट छ मृत्यु पनि त्यत्तिकै कटु र नग्न सत्य छ । यस सत्यको परिवृत्तमा जीवन भोग्ने प्रत्येक प्राणी आफूलाई अजर र अमर ठान्दछ त । अजर र अमर ठान्दाठान्दै पनि मान्छे सबैभन्दा बढ्ता त्रस्त बन्दछ -मृत्युबाट (सुवेदी, २०६८ :५४७) । टाढा अज्ञात देशमा भाग्न चाहन्छ-मृत्युबाट । चाहे पनि मृत्युबाट जोगिन नसक्ने विपरीत दिशातिर अनिवार्य सत्यका सिकार बन्दछ मान्छे । मृत्यु अनिवार्यता हो, सत्य र सम्भाव्य हो, प्रकृति हो र काल हो र निरन्तरता पनि हो । अपवादहीन सास्वत सत्यको प्रत्यक्ष उपस्थिति हो । यस सत्यको परिधिभित्रको समग्र सत्यको संश्लेषित परिणाम हो-मृत्यु । असंयमित र व्यवस्थित परिस्थिति मृत्युको प्राप्ति हो । यस कारण मृत्युका पक्षहरूको उपस्थापन जीवन बोधका अवस्थाहरूको एक परिणाम हो भन्ने कुरा मोदनाथको चिन्तनगत निष्कर्षले सिद्ध गरेको छ । सत्यको निकटतम सम्बन्धगत अभिव्यक्तिले मृत्युको अनिवार्य सत्यलाई प्रतिपादन गरेर भौतिक र कटु सत्य देखा परेको छ (ऐजन) । मृत्युसम्बन्धी डर, त्रास आदि कुराहरूको वर्णनमा निबन्धकारले आफ्नो विचार प्रस्तुत गरेका छन् ।

**(ग) भाषाशैली**

यस निबन्धमा काव्यात्मक भाषाशैलीको प्रयोग भएको छ । मृत्यु मानिसको जीवनमा अनिवार्य हुने चीज जसको व्यापक रूपमा व्याख्या गर्नुले निबन्ध उत्कृष्ट बनेको छ । साहित्यिक भाषा तथा काव्यात्मक भाषाशैलीको प्रयोग गरिएको यस निबन्ध सरल, सङ्क्षिप्त सारगर्भित देखिन्छ । विभिन्न ठाउँमा प्रश्नहरू खडा गरी तिनीहरूको जवाफ दिने काम समेत भएको पाइन्छ । विभिन्न ऋतु, प्रवृत्ति, प्रेम आदिलाई मानिससँग दाजेर निबन्ध अगाडि बढाएको निबन्धको भाषाशैली आत्मपरक रूपमा अगाडि बढेको पाइन्छ । यस निबन्धमा चोर, डाँका, जाली, फटाहा, पुलिस, प्रशासन, यौवन, प्रेम (पृ.१४५), शोक, आँशु, देवत्व, स्वर्गभोग, एक्सरे (पृ.१४६), प्रश्नात्मक वाक्य गठन, जनमतसङ्ग्रह पृ.१५०), कायर, नपुंसक (ऐजन) आदि जस्ता भाषाशैलीमा वाक्य गठन गरिएको छ ।

**(घ) शीर्षक**

मृत्यु, डर, भय आदि शब्दसँग सम्बन्धित रहेको मृत्युलाई नजिकबाट छाम्दा यस निबन्धमा मानिस मृत्युसँग जत्तिको अरू कसैसँग डराएको छैन् । मानिस मात्र नभएर अन्य प्राणी समेत मृत्युसँग डराउँछन् । मृत्युलाई नजिकबाट हेर्ने दृष्टिकोण राखेर विषयवस्तु छनोट गरी

निबन्धको रचना भएकोले यस निबन्धको शीर्षक सार्थक र सफल देखिन्छ । विषालु सर्प, धारिता र विष्फोटक शस्त्रास्त्र, अग्ला रुख, भीर पहरा, बाढी, जङ्गल, आँधी, बज्र आदि सबैसँगको डर वस्तुतः मृत्युसँगको डर हो (प्रश्रित, २०४७ :१४५) । यी सम्पूर्ण चिजहरू मृत्यससँग सम्बन्धित भएको र शीर्षक पनि मृत्युलाई नजिकबाट छाम्दा भएको हुँदा शीर्षक सफल र सार्थक देखिन्छ ।

**निष्कर्ष**

निबन्धकारले यस निबन्धमा जीवनको सही उद्देश्य पकड्नु र त्यसप्रति तल्लीन, ढृढ र समर्पित भएर लागिरहनु हो भन्ने निष्कर्ष निकालेका छन् । जीवनप्रति कटु र स्पष्ट सत्य छ मृत्यु पनि त्यत्तिकै कटु र नग्न सत्य छ । प्राणी मृत्युबाट टाढा र अज्ञात देशमा भाग्न चाहन्छ । मृत्यु अनिवार्यता हो, सत्य र सम्भाव्य हो, प्रकृति हो र काल हो र निरन्तरता पनि हो । अपवादहीन शास्वत सत्यको संश्लेषित परिणाम मृत्यु हो भन्ने निष्कर्ष यस निबन्धमा पाइन्छ ।

# अध्याय पाँच
# शोधनिष्कर्ष

## ५.१ उपसंहार

मोदनाथ प्रश्रितका **केही सांस्कृतिक निबन्धहरू** निबन्धसङ्ग्रहमा सोह्र ओटा निबन्धहरू समावेश भएका छन् । ती निबन्धहरू क्रमशः निम्नानुसार चार तहमा विभाजित भएका पाइन्छन् । ती निबन्धहरू पहिचान गर्ने पहिलो आधार समाजमा विद्यमान ऐतिहासिक तथा पौराणिक विषयवस्तु हो । दोस्रो आधार सामाजिक विषयवस्तुसँग सम्बन्धित पाइन्छ । त्यस्तै तेस्रो आधार सांस्कृतिक परम्परासँग सम्बन्धित छ भने चौथो आधार वैज्ञानिक विषयवस्तुसँग अन्तरसम्बन्धित छ । उपर्युक्त चार आधारमा प्रस्तुत सङ्ग्रहमा समावेश भएका सबै निबन्धहरूको वर्गीकरण गरेर अध्ययन गर्नु उपयुक्त देखिन्छ । सामाजिक तथा सांस्कृतिक एवम् आध्यात्मिक र वैज्ञानिक मूल्यहरूको पहिचान र तिनमा देखिएका विकारग्रस्त समस्याहरूको निराकरणका निम्ति गरीने प्रयत्नहरूको वास्तविक मार्ग के हो र त्यस मार्गको अन्वेषण र पहिचानका निम्ति गरिने प्रयत्नहरूका स्थिति के हुन् ? भन्ने कुराहरू यस सङ्ग्रहमा पाइन्छ ।

यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू समूह १ पुराण र प्राचीन इतिहासका विषयवस्तु समेटेर लेखिएका निबन्धहरू (क) प्राचीन नेपालको इतिहासमा मिथिलाः छोटकरी चर्चा (ख) कस्तो थियो त्यो राम राज्य ? (ग) भगवान्को राज्य । समूह २ मा सामाजिक सन्दर्भलाई हेर्ने वैज्ञानिक दृष्टिकोण पर्दछन् । यस समूहका निबन्धहरू (क) होस पऱ्याएर बोलौँ, (ख) दुई पुस्ता फरक दृष्टिकोण साझा समस्या । (ग) के तपाई गुणैगुणले भरिएको साथी पाउन सक्नुहुन्छ ? र (घ) सामाजिक परम्पराका उज्याला र अध्यारा पक्षहरू । ३. सांस्कृतिक सन्दर्भमा ध्यान दिने वैज्ञानिक दृष्टिकोण । यस समूहमा पर्ने निबन्धहरू- (क) प्रगतिवादी सिद्धान्त र समसामयिक व्यवहार, (ख) व्यक्तित्व र फेसन, (ग) मिल्काउनु पर्ने केही साम्प्रदायिक अवशेषहरू र (घ) गाली एक विवेचना । ४. ज्ञान विज्ञान र जीवन मूल्यको पहिचान सम्बन्धि दृष्टिकोण । यस समूहमा पर्ने निबन्धहरू- (क) विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण, (ख) शिक्षा उपाधि र वास्तविक ज्ञान, (ग) आधुनिकताः एक चर्चा, (घ) सपना देखाउने युवा साथीहरूसित, (ङ) मृत्युलाई नजिकैबाट छाम्दा ।

यसरी उनका निबन्धहरूलाई चार भागमा बाँडेर अध्ययन गर्दा वैज्ञानिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि विषयवस्तुलाई समेटेर निबन्ध लेखेको पाइन्छ । विज्ञानदेखि संस्कृतिसमम्मको विषयवस्तुलाई उनका निबन्धले समेटेको देखिन्छ ।

वामपन्थी विचारधाराद्वारा प्रभावित मोदनाथ प्रश्रितले आफ्ना केही सांस्कृतिक निबन्धहरू निबन्धसङ्ग्रहमा आफूले जीवन भोगाइका क्रममा समाजमा देखे जानेका तीता मीठा यथार्थ घटनाहरूलाई छनोट गरेका छन् । उनका निबन्धहरू विचार प्रधान, व्यवहारमूलक सामाजिक, शिक्षामूलक, पर्वपरक सांस्कृतिक, नारीवादी, भावप्रधान, ग्रहदशासम्बन्धी, तन्त्रमन्त्रमूलक, इश्वरीय, भाग्यवाद र देवीदेवता सम्बन्धी, भूतप्रेतसम्बन्धी, संस्कमरणात्मक आदि रहेका छन् । विज्ञानको अध्ययन र वैज्ञानिक दृष्टिकोण निबन्धमा वैज्ञानिक दृष्टिकोण र विज्ञानका बुझ अबुझ कुराहरू व्यक्त गर्दै आधुनिक संसारमा विज्ञानलाई सही ढङ्गले बुझ्नुपर्ने भाव अगाडि सारेका छन् । प्राचीन नेपाली इतिहासमा मिथिला निबन्धमा जनकपुर मिथिला नगरी राम जनक सीताको वर्णन, सामाजिक परम्परा उज्ज्याला र अँध्यारा पक्षहरू निबन्धमा समाजमा रहेका अँध्यारा र उज्ज्याला पक्षहरूलाई उजिल्याउने काम गरेको देखिन्छ । हजारौं वर्षदेखि समाजमा देखापरेका कुरीति र विसङ्गतिवादी कुराहरूलाई प्रष्ट पार्ने धारणा छ के तँपाईले गुणै गुणले भरिएको मानिस देख्न सक्नुहुन्छ निबन्धमा कसैमा पनि बत्तीस लक्षण नहुने कुरा व्यक्त गरिएको छ ।

यसै गरी सपना देखाउने युवा साथीहरूसँग निबन्धमा अनेक हुने नहुने सपनाको भरमा जीन्दगीसँग खेलबाड गर्नेहरूको जुहारी पाइन्छ । मिल्काउनै पर्ने केही सांस्कृतिक अवशेषहरूमा समाजमा रहेका कुरीति, विकृति र विसङ्गतिहरूलाई केलाउने प्रयास गरिएको छ । शिक्षा उपाधि र वास्तविक ज्ञान निबन्धमा शिक्षा उपयोगी हुनुपर्छ चिट् चोरेर पास गरेको सर्टिफिकेटको कुनै अर्थ हुदैंन । आधुनिकतामा आधुनिक संस्कृतिको अवलम्बन, असल र खराब पक्षहरूके विश्लेषण, होस पुऱ्याएर बोलौ निबन्धमा बोल्न पायो भन्दैमा प्याच्च बोल्दा त्यसले पार्ने असरको गुणगान, दुई पुस्ता फरक दृष्टिकोण निबन्धमा युवा र बुढा पुस्ताहरूको फरक पनलाई स्पष्ट पारिएको छ । व्यक्तित्व र फेसन निबन्धमा व्यक्तित्व विगार्ने सपार्ने, दुबै काम गर्न सक्छ । मृत्युलाई नजिकबाट छाम्दा निबन्धमा मृत्युसँग डराउन र मृत्यसँग खेलबाड गर्नुको अर्थ अनर्थ हुन्छ भनिएको छ । गाली निबन्धमा कसैले कसैमाथि लगाउने नचाहिने लान्छना, भगवानको राज्य निबन्धमा आफूले केटाकेटी देखे भोगेका धार्मिक कुराहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ । कस्तो थियो त्यो राम राज्यमा आराध्याय श्रीरामको वर्णन, यात्रा वृत्तान्त गरिएको छ । प्रगतिवादी सिद्धान्तमा समाजमा घटित परिवर्तनशील हुन नसकेका संस्कारहरूलाई प्रष्ट पारिएको पाइन्छ ।

मोदनाथ प्रश्रित आफूले जीवनमा देखे भोगेका जेल जीवनका तीता मीठा घटनाहरूलाई निबन्धको माध्यमबाट प्रष्ट पार्ने व्यक्तित्व देखा पर्छन । समाज सुधार र अग्रगमनको बाटोमा

अगाडि बढ्न सामाजिक परम्पराहरूलाई उनले आफ्ना निबन्धको विषयवस्तु छानेका छन् । वामपन्थी विचारधाराबाट प्रभावित प्रश्रितले 'केही सांस्कृतिक निबन्धहरूमा समाजमा रहेका असल, खराब चालचलन, रीतिरिवाजहरूलाई निबन्धमा समावेश गरी तिनको निराकरण गर्ने काम गरेका छन् । प्रस्तुत शोधपत्रमा केही सांस्कृतिक निबन्धहरूलाई सिलसिलाबद्ध तरिकाले अध्ययन गर्ने काम गरिएको छ ।

प्रश्रितको लेखनमा साहित्यभित्र विषयको अन्तर समिश्रण छ । उनका साहित्यिक रचनामा ज्ञानका विविध विषयहरू प्रयुक्त छन् । लोक जीवन र लोक संस्कृतिका चिन्तनमा विषयहरू साहित्यमा कथ्य बनेर उपस्थित भएका छन् । पौराणिक र लोकाख्यानिक कथ्यहरू सामाग्री बनेर रहेका छन । आर्युबिज्ञान र धर्नुबिज्ञानका कथ्यहरू पनि साहित्यका विषय बनेर रहेका छन् । बौद्धिक र औपनिषदिक सुक्तिहरू, श्रुति र स्मृतिका सूत्रहरू साहित्यका सामग्री बनेर रहेका छन् । अझ थप बेदको वैज्ञानिक व्याख्याको संस्कृति आरम्भ गरिनु पर्छ भन्ने धारणा प्रश्रितको कलामा निहित छ । लोक जीवनका काव्य, कविता, नाटक, निबन्ध र आख्यान र हाम्रो वैज्ञानिक चिन्तनमा छ र काव्य, कविता, नाटक, निबन्ध र आख्यानमा लोक जीवन र मानव सत्य निहित छ भन्ने मत स्पष्ट छ ।

कविता र काव्यका सन्दर्भमा वैज्ञानिक चिन्तन प्रक्षेपण गर्ने स्रष्टा प्रश्रितले समाज र सभ्यताका विकासलाई काव्यको आयाम प्रदान गरेका छन् । राजनीति र दर्शनका चिन्तक प्रश्रितले नाटक र आख्यानको पनि आकृति प्रतिपादन गरेका छन् । स्वास्थ्य र आर्युविज्ञानका चिन्तक प्रश्रितले निबन्धका आयतनमा ज्ञान विज्ञानका पक्षहरूको उपस्थापन गरेका छन् भन्ने कुरा केही सांस्कृतिक निबन्धहरू नामक कृतिमा प्रश्रितले संरचनामा समग्र मूल्यका सूचकहरूका रूपमा उपस्थापन गराएका छन् ।

काव्यिक न्यायका दृष्टिले प्रश्रितका रचनाहरू बढी वस्तुपरक छन् । मानवीय सम्वेदनामा समाहित हुन सक्ने वैज्ञानिक चिन्तनका सन्दर्भ पनि यहाँ काव्यिक सम्बेदनाका विषय बनेर रहेका छन् । भाषामा निहित वस्तुपरकता र चिन्तनमा निहित वैज्ञानिक सोचका निजी वैशिष्ट्यहरूमा अभिव्यक्त हुने स्रष्टाप्रतिको काव्यिक सम्बेदना आफैमा उल्लेख रहेको कुरा यस निबन्धसङ्ग्रहमा गरिएको छ ।

देशप्रेम र राष्ट्रियता समाजवोध तथा विश्वबोध, प्रकृति मानवतावादी, नारीवादी, क्रान्तिचेत, सांस्कृतिक उत्खनन् र उन्नयनका पक्षपाती, भौतिकवादी चिन्तनमा अडेस लागेर अविरल अविराम सिर्जनामा जुटेका नेपाली साहित्यका प्रगतिवादी फाँटका सर्जन मोदनाथ प्रश्रित केही सांस्कृतिक निबन्धहरूले सामाजिक परिवर्तनको लहरलाई आत्मसात् गरेको पाइन्छ ।

## ५.२ सम्भावित शोधशीर्षकहरू

मोदनाग प्रश्रितको बारेमा शोधकार्य गर्न इच्छुक व्यक्तिहरूको लागि निम्नलिखित शोधशर्षिकहरू रहेका छन् ।

क) मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूमा सांस्कृतिक चिन्तन ।

ख) मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूमा वैचारिक दृष्टिकोण ।

ग) मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूमा प्रगतिवादी स्वर ।

घ) मोदनाथ प्रश्रितका केही सांस्कृतिक निबन्धहरूमा पाइने साम्प्रदायिक स्वरूप ।

# सन्दर्भसूची


**क) नेपाली**

अधिकारी, रामलाल,, (सम्पा. १९७५), **नेपाली निवन्धयात्रा** , दार्जिलिङ : नेपाली साहित्य सञ्चायिका ।

उपाध्याय, केशवप्रसाद, (२०४२), **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन ।

थापा, हिमांशु, (२०४२), **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन ।

पौड्याल, हीरामणि, (२०४४), **परिक्रमा**, पर्वत : इन्दिरा शर्मा पौड्याल ।

**______, ______,** (२०४१), **'समालोचनाको बाटोमा',** पर्वत : इन्दिरा शर्मा पौड्याल ।

प्रधान, कृष्णचन्द्र, (सम्पा.२०४०), **'साझा समालोचना**', काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

प्रश्रित, मोदनाथ, (२०२३), **मानव**, महाकाव्य, वराणासी : पसिना प्रकाशन ।

**______, ______,** (२०३५), 'बैचारिक विकासको सन्दर्भमा' लक्ष्मी प्र.देवकोटा (समालोचना) ।

**______, ______,** (२०४१), **आस्था प्रथा, एक विवेचना**, (दो.स.) बुटवल : ज्योति प्रकाशन ।

**______, ______,** (२०४४), **चोर नानी**, (उपन्यास), दाङ्ग : ज्योति प्रकाशन ।

**______, ______,** (२०४७), **केही सांस्कृतिक निबन्धहरू,** काठमाडौ : पाठ्यसामाग्री प्रकाशन ।

**______, ______,** (२०४७), **भूतप्रेतको कथा**, (दो.स.) काठमाडौँ : गनिलो प्रकाशन ।

**______, ______,** (२०४७), **नानीहरूलाई कसरी असल बनाउने**, (दो.स.) नारायणघाट : जनज्योति प्रकाशन ।

**______, ______,** (२०४७), **हिन्दु धर्म र नारी**, काठमाडौँ : शुभकामना प्रकाशन ।

**______, ______,** (२०४७), **जातपातको संक्षिप्त इतिहास**, काठमाडौँ : सुनकोशी छापाखाना ।

**______, ______,** (२०४८), **छोटो चिनारी**, अर्घाखाची : सामना प्रकाशन ।

**______, ______,** (ई १९८७), **देशभक्त लक्ष्मीवाई** : सामना प्रकाशन ।

**______, ______,** (चौ.सं.ई. १९९०), **नारी बन्धन र मुक्ति**, काठमाडौँ : कत्यावृक्ष प्रकाशन ।

न्यौपाने, देवीप्रसाद, ( २०६४) (शोधपत्र) **"रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान"**, अप्रकाशित : भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।

वराल, ईश्वर, (.२०४०) (सम्पा.), **सयपत्री**, काठमाडौँ :साझा प्रकाशन ।

रेग्मी, चुणामणि, ( २०४०) (सम्पा.), **'मोदनाथ प्रश्रित विशेषाङ्क'**, झापा : **जुही** प्रकाशन ।

लामिछाने, कपिलदेव, (२०६८) **'मोदनाथ प्रश्रित केही अध्ययन'**, झापा : **जुही** प्रकाशन ।

लुइटेल, खगेन्द्र, (२०४६) (शोधपत्र), **"क्षेत्रप्रताप अधिकारीका काब्य प्रकृत्ति"** अप्रकाशित : नेपाली केन्द्रीय विभाग ।

सुवेदी, राजेन्द्र (२०४३), **स्रष्टा सृष्टि द्रष्टा दृष्टि**, काठमाडौँ : साझा प्रकाशन ।

**______, ______,** (२०४५), **दाडिमको रुखनेर,** काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, तारानाथ, (२०३९), (दो.स.) **नेपाली साहित्यको इतिहास,** काठमाडौँ : सङ्कल्प प्रकाशन ।

शर्मा, मोहनराज, (२०३९), **शैली विज्ञान**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र श्रेष्ठ दयाराम, (२०३९), **नेपाली साहित्यको संक्षिप्त इतिहास** काठमाडौँ : ने.रा.प्र.प्र. ।

**ख) हिन्दी**

द्विवेदी, हरिहरनाथ, (ई.१९७१), **निबन्ध सिद्धान्त और प्रयोग**, पटना ३ विहार : विहार हिन्दी ग्रन्थ अकादमी ।

राय गुलाव, (१९६४), **काव्यके रूप**, दिल्ली : आत्मराज एण्ड सन्स ।